# वाग्मती प्रदेश सरकारको विश्वासको मत लिने कार्यक्रममा नेमकिपाले भाग लिएन

हेटौँडा । वाग्मती प्रदेशमा एमाले, नेकपा र राप्रपाका प्रदेशसभा सदस्यहरूले बनाएको असैद्धान्तिक सरकारले विश्वासको मत लिने कार्यक्रममा नेपाल मजदुर किसान पार्टीले भाग लिएन ।



सो सम्बन्धमा भदौ ८ गते नेमकिपा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईले वाग्मती प्रदेश सभाका सभामुखलाई पत्र लेखी बैठकमा सहभागिता नजनाउने जानकारी गराउनुभएको थियो ।

पत्रमा भनिएको छ - नेमकिपाले अराजनीतिक, असंसदीय तथा असैद्धान्तिक गतिविधिको सदा विरोध गर्दै आएको र त्यस्ता खेलबाट नेमकिपा निकै टाढा बस्दै आएको जगजाहेर छ। वाग्मती प्रदेश सभामा सरकार गठन गर्न शासक दलहरूबाट भइरहेका पछिल्ला गतिविधि पनि जनभावना तथा प्रजातान्त्रिक मूल्य मान्यताविपरीत, विसङ्गतिपूर्ण एवम् विडम्बनापूर्ण रहेको नेमकिपाको ठहर हो ।


पत्रमा सरकार गठन र विघटनका फोहरी खेलबाट सदा टाढा रहँदै आएको नेमकिपाले आजको विश्वासको मत लिने कार्यक्रममा उपस्थिति नजनाउने र शासक दलहरूको फोहरी खेलबारे उदाङ्ग्याउँदै विरोध गर्ने निर्णय गरेको जनाइएको छ ।

संसदीय दलका नेता गोसाईंद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ - देश, प्रदेश र जनताको हितको पक्षमा नेमकिपाले प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै सङ्घर्षलाई जारी राख्नेछ ।


साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क ३२ ✪ १६ भदौ २०८३, मङ्गलबार ✪ 1 September 2026, Tuesday ✪ मूल्य रु. १०/-


## अकल्पनीय जनधनको क्षतिप्रति नेमकिपाद्वारा गहिरो दुःख प्रकट



नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर - ७

फोन : ६६१०९७४
६६१००२६
फ्याक्स : ९७७-१-६६१३२०७
इ-मेल : nwpp@ntc.net.np

च.नं.

मिति : २०८३ भाद्र ११ गते

प्रेस वक्तव्य

यही भाद्र १० गते बुधबार बिहान करिब ९ बजे अचानक भोटेकोशी नदीमा आएको भेलबाढी र पहिरोले रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको अकल्पनीय जनधनको क्षतिप्रति नेपाल मजदुर किसान पार्टी गहिरो दुःख व्यक्त गर्दछ ।

यो भेलबाढी तथा डुबानमा परेकाको खोजी, उद्धार, राहत, पुनःस्थापना तथा घाइतेहरूको यथोचित उपचारको बन्दोवस्त तत्काल गर्न हामी नेमकिपाका नेता, कार्यकर्ता र शुभेच्छुकहरू नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

यो विपद्को समयमा सबै नेपाली जनता एकजुट भइ उद्धार, राहत र पुनःस्थापनाको कार्यमा लाग्नु पहिलो कर्तव्य भएको यहाँ जोड दिन्छौं ।

यो विपत्तिमा जीवन गुमाएका नेपाली र विदेशी नागरिकहरूप्रति पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शोकाकूल परिवारजनमा समवेदना व्यक्त गर्दछ । यो विपत्तिमा नैतिक, भौतिक एवम् आर्थिक सहयोग गर्ने सबैप्रति पार्टी धन्यवाद ज्ञापन गर्दछ । साथै प्रभावित क्षेत्रमा सम्भावित स्वास्थ्य सङ्कटलाई ध्यानमा राखी स्वास्थ्य टोली परिचालन एवम् शीघ्र स्वास्थ्य सामग्री उपलब्ध गराउन आह्वान गर्दछौं ।

पार्टीले २५-३० वर्ष अघिदेखि पानीको बहाव नाप्ने हाइड्रो ल्याव बनाउनुपर्ने विषय उठाउँदै आएकोलाई अहिलेसम्मका सरकारहरूले बेवास्ता गर्दा जनधनको क्षति बढ्यो । ढिलै भए पनि हाइड्रो ल्याव निर्माण गरी थप जनधनको क्षति रोक्नु आवश्यक छ ।

प्राकृतिक विपद्बारे समयमा पूर्वसूचना प्राप्तिको संयन्त्र निर्माणमा सरकारले छिमेकी मित्र देश चीनसँग समेत सहकार्य गर्नु जरुरी भएकोतर्फ पनि सरकारको ध्यानाकर्षण गराउँदछौं । उच्च जोखिम कायम नै रहेको र पुनः बाढी आउने अनुमानलाई ध्यानमा राखी सजगता अपनाउन आह्वान गर्दछौं ।

भेलबाढीबाट प्रभावित हुन सक्ने महाकाली, कर्णाली, कोशी, मेची नदीलगायतको छेउछाउका वस्तीहरूको अध्ययन गरी ती वस्तीलाई सरकारले सुरक्षित स्थानमा स्थानान्तरण गर्न अथवा उपयुक्त विकल्पको तयारी गर्न पनि नेमकिपा आह्वान गर्दछ ।

सुरेन्द्रराज गोसाई
सदस्य, केन्द्रीय समिति
संसदीय दलका नेता, बागमती प्रदेश सभा

काठमाडौँ । बुधबार भोटेकोसी नदीमा आएको भेलबाढी र पहिरोले रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको अकल्पनीय जनधनको क्षतिप्रति दुःख प्रकट गर्दै नेपाल मजदुर किसान पार्टीले बिहीबार प्रेस विज्ञप्ति निकालेको छ । पार्टी केन्द्रीय सदस्य एवं नेमकिपा बाग्मती प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्रराज गोसाईको हस्ताक्षरमा भदौ ११ गते प्रकाशित विज्ञप्तिमा भनिएको छ -

"यही भदौ १० गते बुधबार बिहान करिब ९ बजे अचानक भोटेकोसी नदीमा आएको भेलबाढी र पहिरोले रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको अकल्पनीय जनधनको क्षतिप्रति नेपाल मजदुर किसान पार्टी गहिरो दुःख व्यक्त गर्दछ ।

यो भेलबाढी तथा डुबानमा परेकाको खोजी, उद्धार, राहत, पुनःस्थापना तथा घाइतेहरूको यथोचित उपचारको बन्दोबस्त तत्काल गर्न हामी नेमकिपाका नेता, कार्यकर्ता र शुभेच्छुकहरू नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछौँ ।

यो विपद्को समयमा सबै नेपाली जनता एकजुट भई उद्धार, राहत र पुनःस्थापनाको कार्यमा लाग्नु पहिलो कर्तव्य भएको यहाँ जोड दिन्छौँ ।

यो विपत्तिमा जीवन गुमाएका नेपाली र विदेशी नागरिकहरूप्रति पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछ । यो विपत्तिमा नैतिक, भौतिक एवम् आर्थिक सहयोग गर्ने सबैप्रति पार्टी धन्यवाद ज्ञापन गर्दछ । साथै प्रभावित क्षेत्रमा सम्भावित स्वास्थ्य सङ्कटलाई ध्यानमा राखी स्वास्थ्य टोली परिचालन एवम् शीघ्र स्वास्थ्य सामग्री उपलब्ध गराउन आह्वान गर्दछौँ ।

पार्टीले २५-३० वर्ष अघिदेखि पानीको बहाव नाप्ने हाइड्रो ल्याव बनाउनुपर्ने विषय उठाउँदै आएकोलाई अहिलेसम्मका सरकारहरूले बेवास्ता गर्दा जनधनको क्षति बढ्यो । ढिलै भए पनि हाइड्रो ल्याव निर्माण गरी थप जनधनको क्षति रोक्नु आवश्यक छ ।

प्राकृतिक विपद्बारे समयमा पूर्वसूचना प्राप्तिको संयन्त्र निर्माणमा सरकारले छिमेकी मित्र देश चीनसँग समेत सहकार्य गर्नु जरुरी भएकोतर्फ पनि सरकारको ध्यानाकर्षण गराउँदछौँ । उच्च जोखिम कायम नै रहेको र पुनः बाढी आउने अनुमानलाई ध्यानमा राखी सजगता अपनाउन आह्वान गर्दछौँ ।

भेलबाढीबाट प्रभावित हुन सक्ने महाकाली, कर्णाली, कोसी, मेची नदीलगायतका छेउछाउका बस्तीहरूको अध्ययन गरी ती बस्तीलाई सरकारले सुरक्षित स्थानमा स्थानान्तरण गर्न अथवा उपयुक्त विकल्पको तयारी गर्न पनि नेमकिपा आह्वान गर्दछ ।"

## 'भक्तपुर काण्ड : संस्मरण भाग ३' विमोचन
# पार्टीलाई समूल नष्ट गर्न राज्यस्तरबाटै रचिएको षड्यन्त्र

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा मङ्गलबार २०४५ साल भदौ ९ गतेको 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना कार्यक्रम भदौ १० गते सम्पन्न भयो ।






उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'भक्तपुर काण्ड : संस्मरण भाग ३' विमोचन गर्दै राज्यस्तरबाटै पार्टीलाई समूल नष्ट गर्ने षड्यन्त्र रचिएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले पञ्चायती व्यवस्थाले पक्राउ परेका नेताहरूलाई यातना दिएर अमानवीय व्यवहार गरेको उल्लेख गर्दै पार्टीका ६७ जना कार्यकर्तालाई ज्यान मुद्दा लगाएर दुःख दिएको बताउनुभयो ।

उहाँले पञ्चायती सरकारले पार्टीका कार्यकर्ताहरूलाई निर्घात कुटपिट गरेको र झूटा मुद्दा लगाएको स्मरण गर्दै पार्टीले इमानदारीपूर्वक जनताको लागि गरेको सेवा पञ्चहरूलाई असह्य भएकोले यो षड्यन्त्र रचिएको हो भन्नुभयो ।

यस घटनाको विरोधमा पत्रकार, मानव अधिकारकर्मी र विज्ञहरू पनि लागिपरेको स्मरण गर्दै उहाँले यसले नेपालको वामपन्थी आन्दोलनलाई थप मजबुत बनाउन ठूलो मद्दत पुगेको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईले भदौ ९ पछिको सो घटनामा भक्तपुरका जनतामाथि गरिएको दमनले भक्तपुरवासीले अमानवीय पीडा सहनुपरे तापनि यसले नेपालको राजनीतिमा एक ऐक्यबद्धताको आन्दोलनको पनि बिजारोपण गरेको बताउनुभयो ।

नेमकिपामाथिको यो झूटा मुद्दा र दमनलाई लिएर न्यायप्रेमी मानव अधिकारवादी, पत्रकार तथा विभिन्न पेसागत सङ्घ सङ्गठन र वकिलहरूको सङ्गठन बार एसोसिएसन एक ढिक्का भई तत्कालीन पञ्चायती सरकारको विरुद्धमा भक्तपुरका जनताको पक्षमा ऐक्यबद्धता जनाएपछि ०४६ सालको जनआन्दोलनको लागि पृष्ठभूमि तयार भएको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष एवम् वाग्मती प्रदेशसभा सदस्य सुजना सैँजुले विशेष गरी महिलाहरू सचेत हुनुपर्नेमा जोड दिँदै सो घटनाले भक्तपुरका महिलाहरूमा चेतनाको बीज रोपेको र सडक आन्दोलनमा उत्रेको बताउनुभयो ।

विद्यालय तहदेखि नै विद्यार्थी र नयाँ पुस्तालाई यस्ता ऐतिहासिक घटनाहरूको जानकारी गराउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पञ्चायती राज्यस्तरबाट पार्टीलाई समूल नष्ट गर्ने षड्यन्त्र रचिएको र कार्यकर्तालाई कठोर यातना दिएको बताउनुभयो ।

भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले निर्दोष प्यालेस्टिनी जनतामाथि इजरायलले गरेको अमानवीय युद्धसँग भक्तपुर काण्डको तुलना गर्नुभयो । उहाँले दुवै घटनामा निर्दोष जनता र राजनीतिक कार्यकर्तामाथि अमानवीय व्यवहार र गम्भीर मानव अधिकार उल्लङ्घन भएको बताउनुभयो ।

इजरायलले सिङ्गो प्यालेस्टिन र प्यालेस्टिनी जनताको अस्तित्व मेटाउन युद्ध थोपरिरहेजस्तै नेमकिपालाई समूल नष्ट गर्न पञ्चायती सरकारले दमन भएको उल्लेख गर्दै उहाँले थुनामा रहेका कार्यकर्ताहरूलाई अमानवीय यातना दिएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका रोशनमैयाँ सुवालले नेमकिपाविरुद्धको त्यस षड्यन्त्रको पीडा भुक्तभोगीहरूमा अझै रहेको छ भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिका गंगा वैद्य र देविका दनेखुले पनि बोल्नुभएको थियो ।

# पीडित जनताको दुःख पीडाबारे तःमुंज्याको दबुमा प्रस्तुत हुनु उपयुक्त हुने

भक्तपुर । पीखुकगू नेपालभाषा साहित्य तःमुंज्या ग्वसाखलः कार्यालयको उद्घाटन नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भदौ १४ गते एक कार्यक्रमबिच गर्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेपालभाषा साहित्य तःमुंज्याले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा नेपाली जनतालाई शिक्षित र सचेत पार्दै आएको हो; यसपालि यी विषयलगायत हिमपहिरो पीडित जनताको दुःख पीडाबारे तःमुंज्याको दबुमा प्रस्तुत हुनु उपयुक्त हुन्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका अध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेपालभाषा साहित्य तःमुंज्यालाई जनताले नै माथि उकास्नुपर्ने बताउँदै भाषा संरक्षणसँगै समाजलाई जागरुक बनाउने काममा पनि तःमुंज्याले भूमिका खेल्दै आएको बताउनुभयो ।

उहाँले पहाडी क्षेत्रमा विपद्को जोखिमलाई ध्यानमा राख्दै भ्युटावर निर्माणभन्दा सम्भावित विपद्को पूर्वसूचना दिन साइरनलगायतका व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो । देश अहिले पीडामा रहेको उल्लेख गर्दै उहाँले देशको वर्तमान अवस्था र जनताको समस्यालाई साहित्यमा समेट्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "साहित्य अभिलेख हो, साहित्य इतिहास बन्छ, त्यसैले देशका समस्याका विषयमा साहित्य लेखिनुपर्छ ।"

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबञ्जारले साहित्यभित्र पनि वर्ग हुने भएकोले आफूहरूले लेख्ने साहित्यले कामदारवर्गको बोली बोल्नुपर्ने धारणा राख्नुभयो । उहाँले नेपाली भाषाको सामग्री नेपालभाषामा अनुवाद गर्दा शब्दशः अनुवाद मात्र पर्याप्त नहुने भन्दै भाषाको मर्म र भावलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याका सल्लाहकार तथा जनकवि चन्द्रबहादुर उलकले दबाइराखिएको जनताको भाषा तथा मातृभाषालाई माथि उकास्न नेपालभाषा साहित्य तःमुंज्याको जन्म भएको बताउनुभयो ।

उहाँले साहित्य लेखनसँगै नेपालभाषा र विभिन्न लिपि सिकाउने अभ्यासलाई पनि निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।


बाँकी पृष्ठ १२ मा

## नेमकिपा, तारकेश्वर नगर समितिले बुझायो ध्यानाकर्षण पत्र

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी, तारकेश्वर नगर समितिले तारकेश्वर नगरपालिका ९ नं वडा कार्यालयमा ध्यानाकर्षण पत्र बुझायो । तारकेश्वर नगरपालिका ९ नं वडा कार्यालयले भदौ ३ गते वडाका सुकुमवासी र अव्यवस्थित बसोबासीको निवेदनअनुसार जग्गा दर्ता प्रयोजनको लागि प्रकाशित सूचनाको सन्दर्भमा विरोध गर्दै बुधबार वडा कार्यालयमा विरोध एवम् ध्यानाकर्षण पत्र बुझाएको थियो ।

नेमकिपाका केन्द्रीय सदस्य सनकमान महर्जनले शासक दलहरूको सुकुमवासीको नाममा जग्गा वितरण कार्यले भूमिहीनहरूको समस्या समाधान हुन नसक्ने र यस्ता कार्यले सार्वजनिक जग्गा थप अतिक्रमणमा पर्ने कार्यले भूमिहीनहरूलाई राज्यले शिक्षा, स्वास्थ्य, रोजगारी र आवश्यक अन्य व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा



हाम्रा पहाडहरू सधैँ रहने छन्,
हाम्रा नदी पनि सधैँ बगिरहने छन्,
हाम्रा जनता सधैँ रहने छन्,
अमेरिकी आक्रमणकारीहरूलाई
परास्त गरिने छ र हामी हाम्रो
देशलाई दस गुणा बढी सुन्दर
हुनेगरी पुन:निर्माण गर्नेछौँ ।

**हो चि मिन्ह**

## सम्पादकीय

# नगरहरूको भवन निर्माण र मापदण्डबारे विस्तृत छलफल : एक राजनीतिक कर्तव्य हो

केही वर्षदेखि उपत्यकाका नगरपालिकाहरूमा घरका मापदण्ड र निर्माण शैलीहरूमा विवाद, छलफल र अराजकता सुनिँदै आएको बारे केही बुद्धिजीवीहरू जानकार छन् । काठमाडौँ उपत्यकामा पञ्चायतकालभन्दा अगाडि र पञ्चायत व्यवस्था लागूपछि नगरपालिकाहरूमा घरको मापदण्ड र निर्माण शैलीबारे सधैँ कचिङ्गल उठिरह्यो । त्यसबारे सिंहदरबारले कहिल्यै गम्भीर ध्यान दिएको देखिएन, बरु सिमेन्ट र डन्डीको प्रयोगले नेपालको बजारमा भारतीय व्यापारको एकाधिकार भयो । कपडा र कृषिमलपछि निर्माण सामग्रीको आयात बढ्दै गयो ।

तर, सिंहदरबारको सम्बन्धित निकाय, संसद्, राष्ट्रिय पञ्चायत, नगरपालिका, जिल्ला पञ्चायत, अञ्चलाधीश कार्यालयजस्ता देशका महत्त्वपूर्ण ठाउँहरूमा सहर र गाउँका घरको मापदण्ड अर्थात् भवनको उचाइ एवम् निर्माण शैलीबारे पटक्कै चासो राखेको देखिएन । राजनैतिक अर्थात् राजनैतिक दलहरूका केन्द्रदेखि नगर र गाउँपालिकासम्मकै राजनैतिक कार्यकर्ता, जनप्रतिनिधि, प्रधानपञ्च वा मेयरहरूको यसबारे कहिल्यै ध्यान गएन । त्यसको एउटा महत्त्वपूर्ण कारण, नेपाल आज पनि सङ्घ राज्य नभई एकात्मक सरकार नै छ । नगरपालिका र गाउँपालिकाको सम्पर्क ऐन-कानुन, नियमबारे होस् वा कर्मचारीहरूको नियुक्तिमा होस् - गृहमन्त्रालयको मातहतमै छ र प्रधान अफिसर वा आजको प्रमुख प्रशासकीय अधिकृत नै नगरपालिका र गाउँपालिकाको व्यावहारिक रूपले वास्तविक हर्ताकर्ता र प्रमुख हुन् ।

नगरपालिका बोर्डहरू अधिकांशत: राजनैतिक छलफल र संसद्जस्तै 'गफ गर्ने थलो' हुँदै छ । प्रमुख प्रशासकीय अधिकृतले त ऐन-कानुनअनुसार मात्र काम गर्छन् । वडाका वडाध्यक्षभन्दा वडा सचिव नै भूमिकामा रहेको जनगुनासो छ । यसमा जनता, सेवाग्राही र राजनैतिक पक्ष पनि गम्भीर भएनन् । आज पनि सफाइ र निर्माण शैलीबारे नगरपालिका जनप्रतिनिधिमूलक संस्था व्यवहार र ऐन-कानुनअनुसार हुनसकेको छैन । काठमाडौँका कति नगरपालिकाहरू फोहर व्यवस्थापन कार्यमा सरकारको मुख ताक्छन् र आफ्नो कर्तव्यबारे बेखबर छन् । साँचो अर्थमा सफाइ कर वा दस्तुर र घर निर्माणको नक्सा पासबारे नगरपालिकाका कर्मचारीहरू निरङ्कुश, अराजक र भ्रष्ट छन् । उदाहरणको लागि नक्सा पाससँगै केही नगरपालिकाले 'निर्माण सम्पन्न भएको प्रमाणपत्र' समेत एकै दिन दिने गरेको सुनिन्छ ।

भवन निर्माण चालू रहँदा नगरपालिकाका भवन विभागका जाँचकी, इन्स्पेक्टर वा प्राविधिकहरू कहिल्यै निर्माण स्थलमा पुग्दैनन् र सरोकारवालाहरूमाझ झगडा हुँदा भने 'घुस' लिन छोडेको छैन भन्ने चर्चा व्यापक भइरहेकै छन् । नगरपालिकाका जनप्रतिनिधिहरू र सम्बन्धित कर्मचारी र प्राविधिकहरूले कहिले पनि भवन निर्माणको ऐन-कानुन र नियमबारे कक्षा सञ्चालन गरी शिक्षित गर्ने काम गरेनन् । "त्यो काम स्कूल, कलेज र राजनैतिक दलहरूको हो भन्ने जवाफ" सुनिएकै विषय हो । यसबारे तलदेखि माथिसम्मका जनप्रतिनिधि र राजनैतिक दलहरूले आ-आफ्ना क्षेत्रका जनतालाई शिक्षित गर्ने काम पनि गर्दैनन् । वडा कार्यालयमा आउने सरोकारवाला सेवाग्राहीहरूमध्ये धेरैलाई आफ्नो मेयर र वडाध्यक्षको नामसमेत थाहा छैन ।

के यो हाम्रो देशको प्रजातन्त्रप्रति एक व्यङ्ग्य होइन ? के यसबारे 'नयाँ पुस्ताको दाबी गर्ने नयाँ संसद् सदस्य र तलका संस्थाहरूका जनप्रतिनिधिहरू यस विषयमा गम्भीररूपले जानकार छन् ?

नगरपालिकाका प्राविधिकहरू विदेशी निर्माणशैलीबारे जानकार छन् भने नेपालकै निर्माण शैलीबारे बेखबर छन् । त्यसबारे प्राविधिकहरू बताउँछन् - सरकारको मापदण्ड आफैँ विदेशी (सिमेन्ट, छड आदि) वस्तुकै आधार हो । अब सरकारले ढुङ्गा, इँटा, विभिन्न प्रकारको माटो, काठ-पात, बालुवा आदिबारे पहिले औपचारिक 'कागजपत्र बनाउनु आवश्यक छ । अनि ती वस्तुहरूकै सबलता र गुण-दोषको आधारमा सरकारी मापदण्ड बनाउनु आवश्यक छ । यसबारे विस्तृत जानकारीअनुसार सरकारको विशेषज्ञहरूले नयाँ मापदण्ड बनाउनु जरुरी छ, नत्र विदेशी वस्तु र पुँजीले नेपाल एक-एक पाइला गरी एकाधिकार गर्ने पक्का छ ।

# सहयोग सिंहदरबारमा, पीडित विचल्लीमा !

✍ प्रज्ज्वल

**सरकारहरूले काठमाडौँ उपत्यकामा बसाइँसराइ नबढाएको भए यस्तो विपद्मा देशभरि सङ्कट गहिरिने थिएन । यसपालिको भेलबाढी र कृष्णभीर पहिरोसँगै सङ्घीय सरकार र शासक पार्टीहरूमा देशको सन्तुलित विकासको आँखा खुल्ने अपेक्षा गर्नु उचित नै हुने छ ।**

यही भदौ १० गते बुधबार बिहान ८-९ बजे नै रसुवाको भोटेकोसीमा भेलबाढी आएको जानकारी सरकारलाई थियो । सरकारले तल्लो क्षेत्रका जनतालाई सुरक्षित हुने सूचना समयमा दिन नसक्दा थप जनधनको क्षति भयो । बाढीको वहाव सातसय मिटर वरिपरिसम्म फैलिने यथार्थतर्फ सरकारी आँकलन नै भएन । भेलबाढीको विनाशलगत्तै खोज र उद्धारका लागि के कति जनशक्ति र उपकरण उपलब्ध छ, मित्र देशहरूसँग तत्काल के के माग गर्ने विषयमा पनि सरकार विलम्बमा पर्‍यो । सरकार प्रमुख र मन्त्रीहरू, सांसदहरूसमेत खोज र उद्धारको व्यवस्थापकीय काममा नलागी स्थलगत अध्ययनमा किन लागे ?

यतिखेर सञ्चार माध्यममा प्रकाशित भयो, "एकातिर आफन्तको आक्रोश अर्कोतिर उपकरण अभाव, गोरखाको नोखोर गाउँ भेलबाढीयता अँध्यारो, भोटकोसी बाढी पीडित कोषमा ३ अर्ब २४ करोड ९२ लाख रुपैयाँ सङ्कलन, पुरानो २ अर्बसहित ५ अर्ब बढी रकम जम्मा, त्रिशुली पारिका पीडितको उद्धार न राहत, भोकमरीको जोखिम, खाद्यान्न अभाव, नाकाबन्दीमा रसुवा क्षेत्र, न रह्यो घर न रह्यो भविष्य, जलविद्युत् आयोजना पुन:निर्माण गर्न ५० खर्ब रुपैयाँ लाग्ने, पीडित जनताको पुन:स्थापना गर्न ६-७ खर्ब रूपैयाँ थप लाग्ने ।"

पीडितको पुन:स्थापनाको लागि ६-७ खर्ब रूपैयाँ लाग्ने आङ्कलन हुँदा सरकारी कोषमा ५ अर्ब रूपैयाँमात्र जम्मा भएको तथ्याङ्क आउनु निराशाजनक नै हो । यतिबेला रसुवा र नुवाकोटमा सञ्चालनमा आएका र निर्माणाधीन १३ ओटा जलविद्युत् आयोजनामा भेलबाढीले क्षति पुर्‍यायो । सञ्चालनमा आएका लाङटाङ खोलाको २० मेगावाट, मैलुङ खोलाको ५ मेगावाट, मेलाङ खोला र प्राधिकरणको १४.८ मेगावाट, मेलाङ सोलार २५ मेगावाट, देवीघाटको १४ मेगावाट, त्रिशुलीको २४ मेगावाट, माथिल्लो त्रिशुली ए को ६० मेगावाट, चिलिमेको २२ मेगावाट, रसुवागढीको १११ मेगावाटमा क्षति पुगेको सार्वजनिक भयो । निर्माणाधीनमा प्राधिकरण र नेपाल टेलकमको स्वामित्व शेयरको ३७ मेगावाट, माथिल्लो त्रिशुली ३ बी र निजी क्षेत्रको रसुवा भोटेकोसी १२० मेगावाट, माथिल्लो मैलुङ ए को ६.४२ मेगावाट, माथिल्लो त्रिशुली १ को २१६ मेगावाट, मध्यत्रिशुली गङ्गाको १५.६ मेगावाटमा क्षति पुगेको बाहिरियो ।

भेलबाढीमा केही जलविद्युत् आयोजनामा क्षति भएपछि यसका शेयर बजारमा मूल्य पनि घट्यो । राहत कोषमा थुप्रिएको रकम पीडित समक्ष चाँडो पुगेमा जनजीवन सामान्य बनाउन मद्दत पुग्ने पनि बाहिरियो । सङ्घीय सरकारले बाढी आएको ५ दिनपछि मात्र स्थानीय तहलाई उद्धार तथा राहतको लागि ६ करोड ७५ लाख रुपैयाँ पठाएको पनि सार्वजनिक भयो । सङ्घमा रास्वपाको सरकार र स्थानीय तहमा विपक्षीको प्रतिनिधित्वको आरोप लगाई स्वदेशी र विदेशी दाताहरूले बाढी पीडितलाई पठाएको अर्बौं रुपैयाँ स्थगनमा राख्नु सङ्घीय सरकारको आर्थिक र सामाजिक अपराधजस्तै हुने पनि सार्वजनिक भयो । पीडित जनताले स्थानीय तहका आफ्ना जनप्रतिनिधिलाई सजिलै चिन्ने हुँदा स्थानीय तहमार्फत राहत र पुन:स्थापनाको काम तदारुकताका साथ सञ्चालन हुनु जरुरी हुने मत पनि छ ।


रसुवाको गोसाइकुण्ड गापाका अध्यक्षले गुनासो गरे, "पाँच दिन भइसक्यो तर सङ्घ सरकारले समन्वय गर्दैन । बत्ती छैन, फोन लाग्दैन, हेलिकप्टरको सुविधा पनि छैन । उद्धार अझै सकिएको छैन । ढिलै भए पनि समन्वय भए राम्रो हुन्छ ।" सरकारले राहत र पुन:स्थापनाको रकम छिट्टै वितरण हुने दाबी गरेर बस्नुभन्दा स्थानीय तहका जनप्रतिनिधिलाई विश्वास गरेर निकासा पठाउने र अनुगमन पनि गर्ने काम अघि बढाउनु जरुरी छ ।

रसुवाको कालिका गाउँमा अक्सिजन नहुँदा दुईजनाको ज्यान गएको र सडकमार्ग अवरुद्ध हुँदा राहतका सामग्रीसँगै नदी किनारमा लास पनि थुप्रिएको अवस्था छ । रसुवाको आमा छोडिङमो गापामा गाडी चल्ने सडक होइन, मान्छे हिँड्ने गोरेटो नभएको, लास गन्हाएको, राहतको नाममा पुराना बिस्कुट र चाउचाउमात्र भएको, आवतजावत गर्न सडक खन्ने डोजरसमेत नभएको, लास उठाउन ढिलो भइसकेको अवस्था सार्वजनिक भयो । उत्तरगया गापाका अध्यक्षको सङ्घीय सरकारको एकद्वारा नीतिले स्थानीय तहलाई नियन्त्रण गर्न खोजेको गुनासो पनि बाहिरियो ।

भेलबाढीमा सडक र पुल बगेपछि त्रिशुलीपारिका वस्तीमा खाद्यान्नलगायत अत्यावश्यक सामग्रीको आपूर्ति गम्भीर रूपमा प्रभावित भएको सार्वजनिक भयो । बजारसम्म पुग्ने सडक र पुल नहुँदा कतिपयलाई पैसा भएर पनि किनेर खाने अवस्था नभएको बाहिरियो । कतिपय पसलमा सामान नहुँदा ज्येष्ठ नागरिक, बालबालिका, महिला तथा दीर्घरोगीहरू औषधी र पोषणयुक्त खाद्यान्न अभावको चपेटामा परेको सार्वजनिक भयो । बाढीबाट बाँचेकाहरू पनि खाद्यान्न, औषधी, बिजुलीबिना मरेजस्तै अवस्थामा भएको पनि सार्वजनिक भयो । स्थानीय तहका जनप्रतिनिधिले राहत र पुन:स्थापनासहितको दीर्घकालीन योजना अघि बढाउनुपर्ने माग गरिरहेको तर सङ्घीय सरकार सहायताका पोका सिंहदरबारमा थुपारेर बसेको पनि सार्वजनिक भयो । आइतबार साँझसम्म भेलबाढीमा परेर मृत्यु भएका ७५१ र २५ सयभन्दा बढी वेपत्ता अवस्थामा रहेको सार्वजनिक भयो ।

ठीक यहीबेला कृष्ण भीरको सडकको जगै भासिएको हुँदा काठमाडौँ उपत्यकामा आपूर्ति बन्दोबस्त खल्बलिने पनि सार्वजनिक भयो । नेपालमा हुने आपूर्तिमध्ये चीनबाट २५ प्रतिशत र भारतबाट ६० प्रतिशतभन्दा बढी नै सामान रहेको अनुमान छ । सरकारहरूले काठमाडौँ उपत्यकामा बसाइँसराई नबढाएको भए यस्तो विपदमा देशभरि सङ्कट गहिरिने थिएन । यसपालिको भेलबाढी र कृष्णभीर पहिरोसँगै सङ्घीय सरकार र शासक पार्टीहरूमा देशको सन्तुलित विकासको आँखा खुल्ने अपेक्षा गर्नु उचित नै हुने छ ।

# हिमाल जोगाउन हतियार र युद्धको विरोध गर्नु जरुरी




शुक्र

गत भदौ १० गते तिब्बतको ल्हेन्दे खोला हुँदै नेपालको भोटेकोशी, त्रिशुली, नारायणी नदीमा आएको भेलबाढीले ठुलो जनधनको क्षति गर्‍यो । हजारौँ नेपाली र विदेशी पर्यटक मृत्यु र वेपता भए । खर्बौं रुपैयाँको भौतिक क्षति भयो ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले सन् १९७५ देखि २०२० सम्मको हिन्दुकुश हिमालय क्षेत्रको हिउँको अवस्थाबारे अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो । सो प्रतिवेदनमा गत मार्च २१ मै हिन्दुकुश हिमालय क्षेत्रमा २७ मिटर हिउँको मोटाइ हराइसकेको उल्लेख छ । सन् २००० पछि हिउँ पल्लिने दर दोब्बर भएको सो प्रतिवेदनमा उल्लेख छ ।

नेपाल, भारत र तिब्बतमा ३ हजार ६ सय २४ वटा हिमताल रहेको र यसमध्ये ४७ वटा हिमताल जोखिमयुक्त मानिन्छ । नेपालमा २१ वटा त्यस्ता जोखिमयुक्त हिमताल परेको विज्ञहरू बताउँछन् । ग्लोबल वार्मिङका कारण हिउँ पग्लने, हिमताल फुट्नसक्ने उल्लेख हुँदा पनि सरकारले सुरक्षाका उपाय अवलम्बन किन गरेनन् ?

पुल्चोक इन्जिनियरिङ अध्ययन संस्थानको प्राविधिक समूहले भोटेकोशीको भेलबाढी विश्लेषण गरी प्रतिवेदन तयार गरेको सार्वजनिक भयो । सो प्रतिवेदनमा हिउँको अवस्था, भूआकृति विज्ञान, जलविज्ञानको प्रक्रियाले वर्षा नभएको अवस्थामा पनि आकस्मिक बाढी आउन सक्ने खतरा रहेको उल्लेख छ । हिमालय क्षेत्रमा आकस्मिक बाढीको जोखिम बढ्न सक्ने देखिएको उक्त टोलीको सुझावअनुसार सरकारले हिमनदी तटीय क्षेत्रमा क्षति न्यूनिकरणको उपाय अवलम्बन गर्नु जरुरी छ ।

क्षति न्यूनिकरणका लागि सीमापार बहुजोखिमको अनुगमन आवश्यक रहेको र तल्लो तटीय क्षेत्रमा पूर्वसूचना प्रणाली, रियल टाइम नदी तथा स्याटाइट अनुगमनलगायतका विषय महत्त्वपूर्ण हुने पनि सार्वजनिक भयो । चीनसँग हिमनदीहरूको वास्तविक अवस्था र हिमताल तथा हिमनदी, वरफको अवस्था, सम्भावित पहिरो तथा हिमपहिरोको सूचना आदानप्रदान गर्ने संयन्त्र राख्नु आवश्यक छ ।

ठुला आणविक हतियार निर्माण र ग्यास, तेल र कोइलाजस्ता जिवाश्म इन्धन जलाउँदा अत्यधिक कार्बन उत्सर्जन भएर वैश्विक तापक्रम बढ्दै आएको र यसले हिमालहरू संकटापन्न अवस्थामा पुगेको विषयलाई नेपाल सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी रूपमा उठाउनु जरुरी छ । अमेरिकी साम्राज्यवाद र कतिपय पश्चिमा औद्योगिक राष्ट्रहरू हतियार उत्पादन र युद्धको होडबाजीमा लागेको कारण हिमालयमा यो सङ्कट निम्तिएको हो । हिमाल जोगाउन भए पनि नेपाल सरकारले हतियार र युद्धको विरोध गर्नु जरुरी छ । तर, नेपालका सरकारहरू साम्राज्यवादी सरकारहरूको पिछलग्गु किन हुँदैछ ? । यो प्रश्नको जवाफ नेपाली जनताले शासक दलहरूसँग सोध्नु आवश्यक छ ।

# भोटेकोसी बाढी र जलवायु परिवर्तनको प्रभाव ?

● विवेक

> **जलवायु परिवर्तनले मानव जीवनमा प्रत्यक्ष असर पार्ने खानेपानी, खाद्य सुरक्षा, जीविकोपार्जनमा प्रत्यक्ष असर परिरहेका हुन्छन्। त्यसैले विकसित देशहरू कहलिएका अमेरिका, बेलायत, फ्रान्सजस्ता देशहरू नै विश्वको तापक्रम वृद्धिमा जिम्मेवार छन्। ती देशहरूकै कारण विश्वका निर्दोष जनताले दुःख पाउनु परेको छ। एक अर्थमा ती देशहरूले विश्वका जनताको सहज रूपमा बाँच्न पाउने मानव अधिकारको हनन् गरी मानवताविरोधी अपराध गरिरहेका छन्। ती देशका सरकार प्रमुखहरूलाई विश्वको तापक्रम वृद्धिमा भूमिका खेलेको, पेरिस सम्झौताविपरीत काम गरेको आधारमा मानवताविरोधी मुद्दा चलाइ कारबाही चलाउनुका साथै वातावरणमा पारेको प्रभावको क्षति मूल्याङ्कन गरी नेपालजस्ता देशहरूलाई औद्योगिक देशहरूले क्षतिपूर्ति भराउने अन्तर्राष्ट्रिय कानुनी व्यवस्था हुनुपर्दछ। त्यो विपद्मा सहयोग होइन अधिकारको रूपमा पाउने बन्दोवस्त हुनुपर्छ।**

भदौ १० गतेको बाढीले रसुवा, नुवाकोट, धादिङ र चितवन जिल्लाका विभिन्न क्षेत्रहरूमा मानवीय र भौतिक क्षति पुऱ्यायो। सबभन्दा बढी रसुवाको त्रिसुली र बेत्रावती बजारमा भएको पाइन्छ। त्यस बाढीमा परी सयौँको मृत्यु भइसकेको, अझै सयौँको सङ्ख्यामा हराइरहेको र हजारौँ जना घरबारविहीन भएका छन्। नेपाली सेना, सशस्त्र प्रहरी, रेडक्रसलगायतका टोलीहरू उद्धारमा खटिएका छन्। सुरुङभित्र रहेका सयौँ नागरिकहरू भेटिएको खुश्सीका खबरहरू पनि आइरहेका छन्। काठमाडौँलगायतका अस्पतालहरूमा हराइएका आफन्तहरूको रुवाबासी छ। शव पहिचानको लागि परिवार र आफन्तहरूको दौडधुप चलिरहेको छ। यस्ता करुणादायी दृश्यले धेरैको मन रोएको छ।

यस पटकको बाढीको कारण नेपाल चीन जोड्ने मितेरी पुलदेखि दर्जनौँ पुलहरू, नेपाल चीन सीमा क्षेत्रमा रहेका दुवै देशका भन्सार र अन्य सरकारी कार्यालयहरू तथा नौ वटाभन्दा बढी जलविद्युत् परियोजना क्षतिग्रस्त हुनुका साथै त्यस क्षेत्रको सडक खण्ड तहसनहस भएको छ। रसुवागढी नेपाल चीन व्यापारको लागि सहज नाका पनि हो। सरकारी तथ्याङ्कअनुसार गत आ.व. २०८२/८३ मा मात्र त्यस नाकाबाट ४ खर्ब २७ अर्ब १३ करोड बराबरको व्यापार भएको थियो। नेपालको कुल आयातमध्ये २.१८ प्रतिशत रसुवा नाका र २.२७ प्रतिशत तातोपानी नाकाबाट हुने गरेको छ।

गत वर्ष असार महिनामा आएको बाढीले पनि मितेरी पुललगायत थुप्रै संरचनाहरू र केही मानिसहरू बगाएको थियो। चीन सरकारले ६ महिना लगाएर उक्त पुल निर्माण गऱ्यो र त्यहीबाट पूर्ववत व्यापारलाई निरन्तरता दियो। चीनबाट आयात हुने सामानहरूमा विद्युतीय गाडी पनि एक हो। भन्सार क्षेत्रमा सयौँ गाडीहरू कानुनी प्रक्रिया पुऱ्याउन राखिएका हुन्थे। स्पष्ट तथ्याङ्क नआए पनि बाढीले त्यहाँ राखिएका सयौँ गाडीहरू बगाएको अनुमान गर्न सकिन्छ।

बाढी र पहिरोको जोखिममा रहेको नेपालमा हरेक वर्ष यस्ता घटनाहरू भइरहन्छन्। तर, यस पटकको घटनाले देशको अर्थतन्त्रमै नराम्ररी असर पार्ने निश्चित छ। विपद्को बेला विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू बाढी पीडितहरूको सहयोगको नाउँमा नेपाल छिर्न सक्छन्। उनीहरूले क्षतिग्रस्त संरचनाहरू निर्माणको घोषणा गर्न सक्छन् तर सरकार यसबारे सोचेर मात्र अघि बढ्नुपर्छ। सबै सहयोगीहरू सेवाको भावनाले आएका हुँदैनन्। कैयौँ सङ्घ संस्थाहरू बाढी पीडितलाई देखाएर आफ्नो निहीत स्वार्थपूर्तिका लागि आएका हुन सक्छन्। सरकारले त्यस्तालाई चिन्नुपर्छ।

भदौ २३ र २४ गतेको घटनापछि नेपाल दलाइ लामाका अनुयायीहरूका लागि अनुकूल बन्दै गइरहेको छ। इतिहासमा कहिल्यै नभएको जस्तो राजधानीमै दलाई लामाको जन्म दिन मनाउने, स्वतन्त्र तिब्बतको नारामा विभिन्न प्रचारप्रसार गर्नेजस्ता गतिविधिहरू भइरहेका छन्। यो विपद्का बेला चीनसँग जोडिएका क्षेत्रमा पुग्न तिनीहरू सल्बलाउन सक्छन्। सरकार गम्भीर हुन जरुरी छ।

प्राकृतिक विपत्ति यो पहिलो र अन्तिम पनि होइन। बर्सेनि यस्ता घटनाहरू भइरहेका थिए र भइरहनेछन्। सङ्कट आयो भन्दैमा सरकार आत्तिनु हुन्न। सबैसँग सल्लाह लिएर समस्या समाधानको बाटोमा अगाडि बढ्नुपर्छ। सङ्कटको बेलामै सरकार र नेतृत्वको परीक्षण हुने हो। सहज अवस्थामा सबैले काम गर्न सक्छन्। जटिल समस्या समाधानका लागि काम गर्न सक्ने नेतृत्व नै सफल नेतृत्व साबित हुनेछ। तराईका जिल्लाहरूमा हिंसात्मक घटनाहरू हुँदा सरकार प्रमुखले बेवास्ता गरेको आरोप खेप्नु परेको थियो। यस पटक त्यसबाट शिक्षा लिएर अगाडि बढ्ने जनताको अपेक्षा छ।

**जल वायु परिवर्तनको प्रभाव**

जलवायु परिवर्तनमा विकसित र औद्योगिक देशहरूको ठुलो भूमिका छ। १७ औँ र १८ औँ शताब्दीमा कलकारखानाको विकाससँगै कोइला र इन्धनको अत्यधिक प्रयोग हुन थालियो। त्यसले वायुमण्डलमा हरित ग्यासहरूको मात्रा बढेर तापक्रम बढ्न गएको वातावरणविज्ञहरूको भनाइ छ।

बेलायत, अमेरिका, फ्रान्सजस्ता औद्योगिक देशहरूकै कारण विश्वमा तापक्रम बढ्दै गएको छ। त्यसलाई नियन्त्रणमा राख्ने लक्ष्यसहित विश्वका अधिकांश देशहरूको सहमतिमा सन् २०१५ मा पेरिस सम्झौता भयो। त्यसको लक्ष्य थियो, १८ औँ शताब्दीमा भन्दा विश्वको तापक्रम २ डिग्री सेल्सियसभन्दा कम कायम राख्ने। त्यसको लागि सबै देशहरूले हरित ग्यास उत्सर्जन कम गर्ने राष्ट्रिय लक्ष्य बनाउने भन्ने थियो।

नेपालले पनि सन् २०१६ अप्रिल २२ मा पेरिस सम्झौतामा हस्ताक्षर गऱ्यो। सरकारले अनुमोदन गरेपछि वातावरण संरक्षण ऐन २०७६ र जलवायु परिवर्तन नीति २०७९ जस्ता कानुन, नीति, नियमहरू बनाई कार्यान्वयनमा ल्यायो। जलवायु परिवर्तनका लागि अनुकूल नीति नियमहरू बनाई सबै देशहरू अघि बढ्ने पेरिस सम्झौताको साझा लक्ष्य थियो।

अमेरिकाले त्यस सम्झौताबाट सन् २०२० नोभेम्बर ४ मा हात झिक्यो। संसारमा सबभन्दा बढी कार्बनडाइअक्साइड उत्पादन गर्ने देशमध्ये संरा अमेरिका एक हो। उसले सयौँवटा हतियार कारखानाहरू, हजारौँ प्रदूषण उत्पादन गर्ने उद्योगहरू चलाइरहेको छ। विश्वमा जलवायु परिवर्तनमा अमेरिकाकै ठुलो हात छ तर अमेरिका पेरिस सम्झौतामा बाँधिएर बस्न चाहेन।

विश्वमा आएको जलवायु परिवर्तनसँगै हिमतालहरू फुट्ने, हिमनदीहरू बढ्ने र अप्रत्यासित बाढी पहिरो तथा खडेरीका समस्याहरू आउने गरेको जलवायु विज्ञहरूको भनाइ छ। त्यसको असर वन्यजन्तुहरू लोप हुन थालेको र मानवीय समस्याहरू देखा परिरहेका छन्। एक रिपोर्टअनुसार जलवायु परिवर्तनले मात्रै हरेक वर्ष २ करोडभन्दा बढी मानिस विस्थापित भइरहेका छन् भने सन् २०५० सम्ममा त्यो सङ्ख्या बढेर वार्षिक १५ देखि २० करोड पुग्ने अनुमान छ।

जलवायु परिवर्तनले मानव जीवनमा प्रत्यक्ष असर पार्ने खानेपानी, खाद्य सुरक्षा, जीविकोपार्जनमा प्रत्यक्ष असर परिरहेका हुन्छन्। त्यसैले विकसित देशहरू कहलिएका अमेरिका, बेलायत, फ्रान्सजस्ता देशहरू नै विश्वको तापक्रम वृद्धिमा जिम्मेवार छन्। ती देशहरूकै कारण विश्वका निर्दोष जनताले दुःख पाउनु परेको छ। एक अर्थमा ती देशहरूले विश्वका जनताको सहज रूपमा बाँच्न पाउने मानव अधिकारको हनन् गरी मानवताविरोधी अपराध गरिरहेका छन्। ती देशका सरकार प्रमुखहरूलाई विश्वको तापक्रम वृद्धिमा भूमिका खेलेको, पेरिस सम्झौताविपरीत काम गरेको आधारमा मानवताविरोधी मुद्दा चलाइ कारबाही चलाउनुका साथै वातावरणमा पारेको प्रभावको क्षति मूल्याङ्कन गरी नेपालजस्ता देशहरूलाई औद्योगिक देशहरूले क्षतिपूर्ति भराउने अन्तर्राष्ट्रिय कानुनी व्यवस्था हुनुपर्दछ। त्यो विपद्मा सहयोग होइन अधिकारको रूपमा पाउने बन्दोवस्त हुनुपर्छ।

**अब लागौँ भोटेकोसी बाढीबारे :**

खोजकर्ताहरूका अनुसार रसुवादेखि उत्तरी भाग चीनको क्षेत्रमा थुप्रै स-साना हिमतालहरू छन्। ती तालहरू कहिले फुट्छन्, अनिश्चित छ। अहिले फेरि फुट्ने सम्भावना भएका सूचनाहरू आइरहेका छन्। हिमताल फुट्नुका कारण तापक्रम वृद्धिले पनि असर गरेको बताइन्छ।

वायुमण्डलमा तापक्रम वृद्धिसँगै हिउँ पग्लिन थाल्ने र ठुल्ठुलो पहिरो गएर हिमताल पुरिन थालेपछि त्यो फुट्ने सम्भावना बढ्छ। भोटेकोसीसम्बन्धी सार्वजनिक तस्बिरहरू र भिडियोहरू हेर्दा पनि ठुल्ठुला पहिरो गएर हिमतालमा परेपछि ताल फुटेर अप्रत्यासित बाढी आएको देखिन्छ। वैज्ञानिक डा. नितेस खड्काका अनुसार तिब्बत क्षेत्रमा स-साना हिमतालहरू छन्, त्यो फुटेरमात्र त्यस्तो हुँदैन, रसुवागढीमाथि ठुलो हिउँ पहिरो गएको र एक्कासि सुनामीजस्तो भएको हो।

नेपाल र चीनबिच सूचना आदानप्रदानमा कमजोरी भएका विषयहरू पनि यस बिचमा आइरहेका छन् भने चिनियाँ पक्षले समयमै सूचना दिँदा दिँदै पनि नेपाल पक्षको बेवास्ताको कारण धेरै मानिसको ज्यान गएको जस्ता कुरा पनि आइरहेका छन्। तर जे होस्, रसुवा नाकालगायतका नाकाहरू सुरक्षित छैनन्। आगामी दिनमा दुई पक्षबिच सूचना आदानप्रदान प्रभावकारी बनाउनुपर्ने र जनताबिच सूचना पाउनासाथ सुरक्षित ठाउँमा जाने गरी जनतालाई सचेत पार्नुपर्ने आवश्यकता छ।

नेपाल सरकारको तर्फबाट बाढीको सूचना प्रसारण गरिरहेकै बखत र माइकिङ गर्दा गर्दै पनि कतिपय मीनसहरूले त्यसलाई बेवास्ता गरेर भिडियो बनाउने चक्करमा परेकोले पनि धेरै मानिसहरूको ज्यान गएको भन्ने कुरा बाहिर आएको छ।

जे भए पनि यो अहिले देश नै समस्यामा परेको अवस्था छ। यस्ता घटनाहरू बारम्बार भइरहँदा नेपालले विकासको बाटो समात्न गाऱ्हो हुन्छ। आगामी दिनहरूमा बाढी र पहिरोबाट सुरक्षित हुन सरकार र जनता सबै जिम्मेवार भएर प्रस्तुत हुन जरुरी छ। यो पीडाको क्षणमा सरकारको तर्फबाट शीघ्र उद्धार कार्य होस्, राहत वितरण सहज बनाइयोस्, घाइतेहरूको उपचार गरियोस्। बाढीमा परी घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना, मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली र निधन भएका परिवारप्रति समवेदना !

## सन्दर्भ : श्रीलङ्काको 'अरागालया' आन्दोलन

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – ३८

✍ रामरतन चौधरी

श्रीलङ्काको 'अरागालाया' आन्दोलन देखिने गरी कुनै एउटा राजनीतिक दल वा एकजना नेताको नेतृत्वमा भएको थिएन। युवा, विद्यार्थी, डाक्टर, वकिल, कलाकार तथा मध्यमवर्गका नागरिक यसमा सामेल थिए। करिब ४ महिना लम्बिएको अरागालाया आन्दोलनको क्रममा ८ देखि १० जनासम्म मान्छे मरे भने करिब २०० जना घाइते भए।

**गैरसरकारी संस्थामाथिको नियमन प्रदर्शनको कारण !**

गोटाबाया राजपाक्षले कोभिडको समयमा गैरसरकारी संस्थाहरूलाई नियमन तथा नियन्त्रण गर्ने कानुनको विधेयक मस्यौदा गर्न लगाएका थिए। उक्त विधेयकले ४६ वर्षअगाडि सन् १९८० मा बनेको Voluntary Social Service Organisations (Registration and Supervision) Act को दफा ३१ लाई प्रतिस्थापन गरेर श्रीलङ्कामा क्रियाशील सबै गैरसरकारी संस्थालाई अनिवार्य रूपले सरकारी निकायमा दर्ता गर्नुपर्ने र तिनका आयस्रोत खुलाउनुपर्ने प्रावधानलाई समेट्दथ्यो। यसले श्रीलङ्कामा अमेरिका तथा पश्चिमाद्वारा सञ्चालित गैरसरकारी संस्थाहरूलाई अवरोध गर्ने भएकोले पनि गोटाबाया सरकारविरुद्ध प्रदर्शन भएको विश्लेषकहरू बताउँछन्।

**सामाजिक सञ्जालमा प्रतिबन्ध**

यो आन्दोलनको समयमा युवाहरूले डिस्कर्ड, इन्स्टाग्रामबाट प्रदर्शनको निम्ति आह्वान गरेको देखिन्छ। श्रीलङ्काको दूरसञ्चार नियामक आयोग (TRCSL) ले रक्षा मन्त्रालयको निर्देशनमा फेसबुक, ह्वाट्सएप, इन्स्टाग्राम, ट्विटर र युट्युबलगायत सामाजिक सञ्जालका प्लेटफर्महरूलाई प्रतिबन्ध लगायो। प्रतिबन्धको दौरान श्रीलङ्काको सूचना तथा सञ्चार प्रविधि एजेन्सीका अध्यक्ष ओशादा सेनानायके (Oshada Senanayake) ले राजीनामा दिए। सरकारको सर्वत्र विरोध सुरु भयो। श्रीलङ्काको सार्वजनिक उपयोगिता आयोग (PUCSL) ले TRCSL र सेवा प्रदायकहरूलाई तुरुन्तै सबै सामाजिक सञ्जाल प्लेटफर्महरू पुनःस्थापित गर्न अनुरोध गऱ्यो। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध गोटाबाया सरकारको निम्ति झन् प्रत्युत्पादक साबित भयो।

**आन्दोलनका केही घटनाक्रम**

सन् २०२२ मार्चको सुरुमा कोहुवाला ( श्रीलङ्काको एउटा उपनगर) मा मैनबत्ती बालेर सुरु भएको विरोध प्रदर्शन क्रमश: श्रीलङ्काभरि फैलिएको थियो। १५ मार्चमा राष्ट्रपति गोटावाया राजपाक्षेको राजीनामा माग गर्दै राष्ट्रपति कार्यालय अगाडि विरोध प्रदर्शन भयो। ३० मार्चमा महिन्दा राजपाक्षेका छोरा नमल राजपाक्षेले बन्दरावेलाको खेल मैदान उद्घाटन गर्ने कार्यक्रम थियो। उनी आउँदा प्रदर्शनकारीहरूले सडक अवरुद्ध गरे।

मार्च ३१ मा राष्ट्रपतिको निजी निवास नजिक मैनबत्ती बालेर सुरु गरेको विरोध प्रदर्शन राष्ट्रपतिको निवासतर्फ अघि बढ्यो। प्रदर्शनकारीहरूले राष्ट्रपतिको राजीनामा माग गरे। प्रदर्शनकारीहरूले दुई सैन्य बस र प्रहरी जीपमा पनि आगजनी गरे भने कोलम्बोको मुख्य राजमार्गमा टायर बालेर अवरुद्ध गरे। त्यसको भोलिपल्ट राष्ट्रपति कार्यालयले विज्ञप्ति जारी गर्दै 'अतिवादी शक्तिहरूले 'अरब स्प्रिङ्ग' लाई आमन्त्रण गरेर देश अस्थिर बनाएको' आरोप लगायो।

अप्रिल १ मा महिन्दा राजपाक्षेका भतिजा शशसेन्द्र राजपाक्षेलाई कालो झन्डा देखाइयो। सरकार पक्षका नेताहरूलाई वेल्लावाया (श्रीलङ्काको उवा प्रान्तको मोनारागला जिल्लामा रहेको सहर) मा अण्डा प्रहार भयो। प्रदर्शन बढ्दै गएपछि राष्ट्रपति गोटाबाया राजपाक्षेले देशव्यापी सङ्कटकाल घोषणा गरे। श्रीलङ्काका विभिन्न सहरमा कर्फ्यु लगाउनुपर्ने अवस्था सिर्जना भयो।

अप्रिल २ मा कोलम्बो उपनगर मोरातुवाका मेयर समन लाल फर्नान्डोको निवासअगाडि दङ्गा भड्कियो। प्रदर्शनकारीहरूले फर्नान्डोको निवासमा ढुङ्गा प्रहार गरे। अप्रिल ३ मा प्रधानमन्त्री राजपाक्षेबाहेक मन्त्रिपरिषद्का सबै २६ सदस्यले राजीनामा दिए। तर, भोलिपल्टै अप्रिल ४ मा राजपाक्षेले अर्को मन्त्रिमण्डल गठन गर्दा पुराना धेरैलाई पुनःस्थापित गरे। यसले झन् प्रदर्शन उग्र बन्यो। सोही दिन प्रदर्शनकारीहरूले सांसदहरूको घर घेरेर तोडफोड गरे।

अप्रिल ५ मा सरकारले संसद् बैठक बोलायो। सो दिन प्रदर्शनकारीहरूले मन्त्रिपरिषद्ले राजीनामा दिनुपर्ने माग राखेर संसद् भवन घेराउ गरे। सरकारले विपक्षी दलहरूको समर्थन गुमाउन थाल्यो। सरकारी मेडिकल अफिसर्स एसोसियसन र सरकारी चिकित्सकहरूले पनि सरकारविरुद्ध प्रदर्शन गरे। अप्रिल ८ मा विद्यार्थीहरूले बट्टारामुल्लाको पोल्डुवा जङ्क्सन (Polduwa Junction) र कोलम्बोको लिबर्टी प्लाजा कम्प्लेक्स नजिकैको लिबर्टी राउन्डबाउट (Liberty Roundabout) मा प्रदर्शन गरे।

अप्रिल ९ मा प्रदर्शनकारीहरू राष्ट्रपतिको सचिवालय गेल फेस ग्रीन (Galle Face Green) मा भेला भएर विरोध गरे। युवा-विद्यार्थीले गेल फेस ग्रीनमा भएको आन्दोलनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे। जसलाई Occupy Galle Face Green पनि भनियो। विरोध हिंसात्मक झडपमा परिणत भयो। कुमार गुणरत्नम (वामपन्थी राजनीतिज्ञ) र नन्द मालिनीजस्ता केही सेलिब्रेटीहरूले 'Country is for sale, Gota fail' लेखिएका प्लेकार्ड बोकेर भोक हड्तालमा समेत बसे।

अप्रिल १०, ११ र १२ मा पनि विरोध प्रदर्शन जारी रह्यो। विरोध प्रदर्शनमा श्रीलङ्काली ऱ्यापरहरूले जमैकन गायक बब मार्लीको Get Up, Stand Up बोलका गीत गाएर प्रदर्शनकारीहरूलाई उत्साहित बनाएका थिए। १५ अप्रिलमा श्रीलङ्काका पूर्वक्रिकेटर धम्मिका प्रसादले भोक हडताल गरे। १७ अप्रिलमा प्रदर्शनकारीहरूले सिंहला र तमिल भाषामा राष्ट्रिय गान गाएर प्रदर्शन गरे।

१९ अप्रिलमा कोलम्बो विश्वविद्यालयबाट गेल फेससम्म विरोधस्वरुप पैदल यात्रा गरे। २४ अप्रिलमा अन्तर विश्वविद्यालय विद्यार्थी महासङ्घका सदस्यहरूले प्रधानमन्त्री निवास घेरेर राजीनामा माग गरे। उनीहरूले रामबुक्कान क्रसिङ्को रेलवे ट्र्याक अवरुद्ध गरेपछि प्रहरीले अश्रुग्यास र गोली प्रहार गऱ्यो।

२८ अप्रिलमा कोलम्बोको विहारमहादेवी पार्कमा बैङ्क, बन्दरगाह, शिक्षा, स्वास्थ्य, रेलवे, ऊर्जामा प्रतिनिधित्व गर्ने ट्रेड युनियनहरूले एकदिने हडताल गरे। मे ५ मा विद्यार्थीहरूले संसद्

*बाँकी पृष्ठ ४ मा*

# खुला राजनीतिमा सांसद र मन्त्रीहरूको व्यवहार र भाषा कहाँ लुकाएर लुकिन्छ ?

काठमाडौँ । राजनैतिक दलहरू आफ्ना देश तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका अन्याय, अत्याचार, असमानता, शोषण, थिचोमिचो र हस्तक्षेपको विरोधमा सङ्घर्ष गर्छन् । आफ्नो देश वा अन्तर्राष्ट्रिय क्षेत्रमै न्यायपूर्ण, समानता र शोषणरहित समाज स्थापना गर्न र एकले अर्को देशमाथि थिचोमिचो एवं आक्रमण नगर्ने एक अन्तर्राष्ट्रिय सङ्गठन निर्माण गर्ने उद्देश्यले एक निश्चित वर्गको हितमा आदर्श समाज निर्माण गर्न चाहने व्यक्ति वा संस्थाहरू मिलेर राजनैतिक सङ्गठनहरू स्थापना गरेका हुन्छन् ।

त्यो उद्देश्य पूरा गर्नको निम्ति संस्थापकहरूले कानुनी वा गैरकानुनी सङ्घर्ष गर्ने उपायहरूको निर्णय गर्छन् र त्यसको नाम, झन्डा, चिह्न वा विभिन्न विभागमार्फत विभिन्न जिल्ला र क्षेत्रमा शाखाहरू खोल्छन्; सोअनुसारको सदस्यता, नियम, सभा, वर्गीय पेसागत सङ्गठनहरू र केन्द्रीय समिति, सम्मेलन र महाअधिवेशनका नियमहरूसमेत निश्चित गर्छन् । सम्मेलनको अर्थ केन्द्रीय सदस्य र जिल्लाहरूका एक एक जना सदस्य एवं वर्गीय सङ्गठनका एक एक जना केन्द्रीय प्रतिनिधिहरू सहभागी हुनेछन् । त्यस सम्मेलनले पार्टी विधानमा लेखिएका पार्टीको नाम, उद्देश्य, झन्डा, केन्द्रीय र मुख्य कार्यसमिति हेरफेरबाहेक आवश्यक नयाँ नियमहरू बनाउनेछ ।

४-५ वर्षको एक पटक हुने वा आवश्यक परेमा जरुरी महाधिवेशन पनि मुख्य कार्य समितिले बोलाउन सक्नेछ । महाधिवेशनका प्रतिनिधिहरू एक निश्चित सङ्ख्याको आधारमा जिल्ला वा प्रदेश समितिहरूले प्रतिनिधि पठाउने छन् र महाधिवेशनको बहुमतले नाम, झन्डा, उद्देश्य, चिह्न वा दलको विघटनसमेत गर्नसक्नेछ । यसरी विभिन्न दलहरूले आ-आफ्नो उद्देश्य र आवश्यकताअनुसार दलका विधान र नियमहरू बनाउनेछन् । सोअनुसार निर्वाचनलाई उपयोग गर्ने वा सरकारमा जाने र अन्य नियमहरू पनि पार्टीका सदस्यहरूले पालना गर्नेबारे दलहरूले प्रस्ट पार्न तालिमहरू गरेका हुन्छन् ।

नेपालको वर्तमान जेनजी (रास्वपा) को सरकारले एक राजनैतिक दलको धर्म वा कर्तव्य पालन नगर्दा दलभित्र र बाहिरबाट आलोचना र विरोध हुनु स्वाभाविक हो । ६ भदौ २०८३ को 'नयाँ पत्रिका' ले लेख्यो-'जेनजी आन्दोलनमा तहसनहस प्रमुख भवन पुन: निर्माणमा सरकारको उदासीनता ।' समाचारमा सर्वोच्च अदालत, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, गोदावरी, पुरानो संसद् भवन, सिंहदरबार, मन्त्री क्वाटर' को छापा छापिएको छ । साथै देशभरका सरकारी भवन, प्रदेश र स्थानीय निकायका कार्यालय र भवनसमेत ध्वस्त गरिएको थियो ।

जेनजी आन्दोलनलाई विदेशी अर्थात् संरा अमेरिकी गुप्तचर विभाग र भारतको 'रअ' को समेत हात भएको मानिएको थियो । तर, ध्वंसको कारण देखाएर यो सरकारले 'विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष र एसियाली विकास बैङ्कसँग ऋण लिनुहुन्न भन्ने जनमतलाई उल्लङ्घन गऱ्यो । पुस्तौँ पुस्तासम्म वर्तमान सरकारका मन्त्री र नेताहरूको सात पुस्तासम्म नेपाली जनताले चोर औँला ठड्याएर भन्ने छन् - तिनीहरूले विदेशीहरूको माना खाएर देशलाई खरानी बनाएका हुन् ।

आ-आफ्नो देश र संसारलाई एउटा निश्चित आदर्श समाज बनाउने विचारबाट शिक्षित र दीक्षित भएका कार्यकर्ता र नेताहरू नभएकै कारण हाम्रो देशमा कुनै पनि सरकार ५ वर्ष टिकेनन् । राजनैतिक दलहरू आफै देश, जनता र विश्वप्रति समर्पित छैनन् भने दलहरूको सरकार कसरी चल्छ ? यसकारण, दल र नेताहरू बदनाम छन् । प्रदेश सरकार, मन्त्री, सांसद र स्थानीय तहहरूका मेयर, वडाध्यक्ष, निर्वाचित सदस्यहरू नै ठेकेदार र अरु देशद्रोहीहरूसँग सङ्गत भएकाहरू भएपछि देश कसरी चल्छ ? नेपाली जनतालाई यो भड्खालोमा राणा सरकारहरूले नेपाली युवाहरूलाई विदेशी सेना बनाउँदादेखि नै नेपाली जनताको मन मस्तिष्कमा विदेशको सेवा र काम गर्ने मानसिकता बन्यो । यसकारण, जनता, जनप्रतिनिधि, सांसद र मन्त्रीहरूसमेत आ-आफ्नो ठाउँ र धर्ममा छैनन् ।

सम्भवत: यस्तै सेरोफेरोलाई थाहा पाएर सम्पादकीयसमेत लेख्यो-'सांसदका हुल्लडबाजी' (अन्नपूर्ण ७ भदौ २०८३) ।

७ भदौ २०८३ कै 'नेपाल समाचार' ले लेख्यो-'बेलगाम बन्दै रास्वपाका सांसद', 'घण्टी' को आवाजभन्दा विवादास्पद अभिव्यक्ति चर्को ।' निर्वाचनको अभिव्यक्तिसँग सरकार र दलका नेता र कार्यकर्ताहरूको भाषा, काम र कारबाहीमा बेमेल भएपछि आलोचना र विरोध जनताको मौलिक अधिकारभित्रकै विषय हो ।

आखिर रास्वपाका सभापतिले सिंहदरबारको संसदीय बैठकमा भन्नैपऱ्यो- 'मन्त्री र सांसदलाई रास्वपा सभापतिको निर्देशन', 'अमर्यादित गतिविधि गरेर रमिता नदेखाउनू ।' (कान्तिपुर ४ भदौ २०८३)

# कीर्तिपुरमा 'श्रमिक' पत्रिकाको अन्तरक्रिया

कीर्तिपुर । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा हरेक बुधबार 'श्रमिक' साप्ताहिक, 'मजदुर' दैनिक र पार्टी प्रकाशन अन्तरक्रिया, अध्ययन गोष्ठी कार्यक्रमको क्रममा भदौ १० गते 'श्रमिक' को अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले अध्ययनबिना समाजलाई अगाडि बढाउन जटिल हुने भएकोले सबै साथीहरूलाई अध्ययनमा जोड दिन आग्रह गर्नुभयो । उहाँले भदौ १० गते बिहान भोटेकोसीमा गएको बाढीबाट नेपाली नागरिकको धनजन क्षति भएकोमा दु:ख व्यक्त गर्दै बाढीमा परेका नागरिकको उद्धार, राहत र पुनर्बासको व्यवस्था गर्न राज्यको ध्यान जानुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कीर्तिपुरका वाशुमान महर्जन, विश्वअमर महर्जन, सूर्यमान महर्जनले पनि पत्रिकामा प्रकाशित समाचार र लेखबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

---

**साम्राज्यवादीहरूको...**

भवन वरपर घेराउ गरेर सांसदहरूको राजीनामा माग गरे । मे ६ मा राष्ट्रपति गोटाबाया राजपाक्षेले दोस्रो पटक सङ्कटकाल घोषणा गरे । यसको विरोधमा अमेरिकी राजदूत जुली चुङले सरकारलाई जनताको कुरा सुन्नुपर्ने अभिव्यक्ति दिइन् । युरोपेली युनियनले पनि आपत्काल घोषणाले प्रतिकूल प्रभाव पार्न सक्ने भन्दै विरोध गऱ्यो ।

९ मे मा महिन्दा राजपाक्षेका समर्थकहरू पनि कोलम्बोस्थित प्रधानमन्त्री निवास टेम्पल ट्रीजमा भेला भएर राजीनामा नदिन सुझाउँदै प्रदर्शन गरे । दुई समूहबिच झडप भयो । त्यसपछि झन् दङ्गा भड्कियो । प्रदर्शनकारीहरूले केही पिकअप, ट्रक र बसहरूलाई राजापाक्षेका कार्यकर्ता बोकेको भन्दै बेइरा तालमा धकेलेर डुबाइदिए । नेताहरूको घर, कार्यालय र होटलहरू जलाइयो ।

सन् २०२२ मे ९ मा प्रधानमन्त्री महिन्दा राजपाक्षेले राष्ट्रपतिसमक्ष राजीनामा बुझाए पनि प्रदर्शन रोकिएन । ११ मे मा सरकारले हिंसात्मक परिस्थिति नियन्त्रणमा लिन भन्दै सडकमा सेना उताऱ्यो । कतिपयले 'मार्सल ल' घोषणा गर्ने तयारी गरेको आशङ्का पनि व्यक्त गरे । अमरिकी विदेश विभागले यसको विरोध गऱ्यो ।

सन् २०२२ जुलाई ९ मा प्रदर्शनकारीहरूले कोलम्बोमा रहेको राष्ट्रपति भवन कब्जा गरे । प्रदर्शनकारीहरू राष्ट्रपति निवास र प्रधानमन्त्री निवास टेम्पल ट्रीमा पनि प्रवेश गरे । राष्ट्रपति गोटाबाया राजपाक्षे आफ्नी श्रीमती र दुई अङ्गरक्षकसहित १३ जुलाईको बिहान माल्दिभ्स भाग्न बाध्य भए । १४ जुलाईमा राजपाक्षले संसद्का सभामुखलाई आफ्नो राजीनामा इमेलमार्फत बुझाए । १५ जुलाईमा सभामुख महिन्दा यापा अबेवर्देनाले राष्ट्रपतिको राजीनामा घोषणा गरे । त्यसपछि सन् २०२२ जुलाई २० मा संसद्ले रणिल विक्रमासिंघेलाई नयाँ राष्ट्रपति निर्वाचित गऱ्यो । प्रदर्शनकारीहरूले 'गोटा गो गामा' को नाम परिवर्तन गरेर 'रणिल गो गामा' को नारा लगाएर उनलाई पनि पद त्याग गर्न दबाब दिए ।

२२ जुलाईमा सेना प्रहरीलगायतको सशस्त्र बलले गेल फेसको राष्ट्रपति सचिवालयबाट प्रदर्शनकारी हटाउन हस्तक्षेप गऱ्यो । अमेरिकी राजदूत, क्यानेडियन उच्चायुक्त र बेलायती उच्चायुक्त लगायत श्रीलङ्कामा पश्चिमेली राजदूतहरूले जनताको मौलिक अधिकारमाथि हस्तक्षेप भएको भन्दै विरोध गरे । १० अगस्टमा १२४ दिनपछि प्रदर्शनकारीहरूले गेल फेस खाली गरे । नोभेम्बरसम्ममा बिस्तारै विरोध प्रदर्शन शान्त हुँदै गयो ।

अरागालाया आन्दोलनमा कोलम्बोको आर्चविशप हाउसबाट क्याथोलिक पादरीहरूले सरकारको विरोधमा प्रदर्शन गरेका थिए । बुद्धश्रावक भिक्षु विश्वविद्यालयका बौद्ध पादरीहरूले पनि अनुराधापुरामा विरोध प्रदर्शन गरेका थिए । मुस्लिम धर्मगुरुहरूले पनि गोटावाया सरकारको विरोध गरे । यसक्रममा राजपाक्षे परिवारका केही सदस्यहरू आफ्नो शक्ति जोगाउन विभिन्न धार्मिक स्थलमा पूजा र प्रार्थना गर्ने अन्धविश्वासमा पनि लागे । उनीहरू सहयोग खोज्दै हिन्दू मन्दिर, बौद्ध गुम्बा र मस्जिदहरूमा पनि पुगेको सुनियो । तर, पनि गोटावायाको शासन टिकेन ।

*क्रमश:*

२०८३ भदौ १४ गते

**कविता**

# षड्यन्त्र अरू कोमाथि हुन्थ्यो र ?

✍ **एसआर**

*भादगाउँकै मात्र सधैँ कुरा नगरी*
*भात र जातकै मात्र सधैँ चिन्ता नगरी*
*भियतनामको कुरा किन गरिस् ?*
*भियतनाममाथि बम खसाल्दा देशै थर्किने गरी किन चिच्याइस् ?*
*भादगाउँका गल्ली-गल्लीमा जोन्सनलाई किन घिसारिस् ?*
*अनि,*
*भयङ्कर हमला तँमाथि नभई को माथि हुन्थ्यो ?*
*भ्रष्टाचार बढ्यो, महँगी बढ्यो, तस्करी बढ्यो*
*ढ्याङ्ग्रो ठोक्दै हिँड्नुपऱ्या किन ?*
*भ्रष्टाचारीलाई उल्टो टोपी लगाउनु पऱ्या किन ?*
*दिउँसै टुकी बालेर शत्रु कमाउनु पऱ्या किन ?*
*अनि,*
*भयङ्कर षड्यन्त्र तैँमाथि नभई को माथि हुन्थ्यो ?*
*भर्खर भर्खरै मात्र भाग पाएका तैँसँग आगो नभई को बन्थ्यो ?*
*स्वर्गमा हालीमुहाली भर्खरै मात्र गर्न पाएकाहरू चुरचुर नबनी को बन्थ्यो ?*
*सोझो भई नबसी सुस्ता खायो, सुस्ता खायो*
*सात्तो जाने गरी किन कराइस् ?*
*सुस्ता जाबो खायो त खायो, सिंहदरबारै खाएसरि शङ्ख फुक्दै किन हिँडिस् ?*
*अनि,*
*सिंहदरबार तैँमाथि जाई नलागी कोमाथि लाग्थ्यो ?*
*बाली काटेर खुरुखुरु बाली साहुलाई बुझाउँदै हिँड्दा तँलाई केको टाउको दुखाइ ?*
*बाली काटेर ग्वाज्य ज्यापुहरूका कौँचा भर्नु पऱ्या किन ?*
*खुरुखुरु खेत मात्र जोतिरहेको भए के आकाशै खस्थ्यो र ?*
*जोतेको खेतमा हक खोज्नु पऱ्या किन ?*
*जाबो लालपुर्जा खोजेर नाता सम्बन्धमा आगो झोस्नु पऱ्या किन ?*
*'बाज्या, बाज्या...' भनी लय्ताच्यो बनेर नबसी कामरेड बन्नु पऱ्या किन ?*
*अनि,*
*सारा बौ'साहेबहरू मिलेर तेरो बौको बिहे नदेखाई कसको देखाउँथ्यो ?*
*खर्पनभरि मल बोकेर हिँड्न छोडी*
*मनभरि लाय्कूको चिन्ता लिएर जान्ने भएपछि*
*डाँडा-पाखामा मात्र चिरबिर चिरबिर गर्दै नहिँडी*
*लाय्कूको धुरीमै बास्न थालेपछि*
*लाय्कूमै हल्लीखल्ली मच्चाएपछि*
*लाय्कूका माकहरूलाई लखेट्न थालेपछि*
*तेरै हातमा हतकडी नपरे कसको हातमा पर्थ्यो ?*
*जेलको चिसो छिँडीबास तैँले भोग्न नपरे कसले पर्थ्यो ?*
*बेइमानै बेइमानको दुनियाँमा*
*खुब इमानको बखान गर्नु पऱ्या किन ?*
*दुष्टै दुष्टहरूको बथानमा*
*न्याय, निर्माण र परिवर्तन खोज्नु पऱ्या किन ?*
*गधै-गधाहरू र जाली नै जालीहरूको जत्थामा*
*स्वच्छ, चोखो र सुगन्धको आश गऱ्या किन ?*
*उल्टो-उल्टो कुरा गरेपछि तँलाई बाँकी राख्छ चाहिँ कसले ?*
*अँध्यारोमा खुरुक्क सुतिबसेको भए जान्थ्यो तेरो के ?*
*जाग्नुपऱ्या किन ? सराप्नुपऱ्या किन ?*
*अनि, भयङ्कर षड्यन्त्र तँमाथि नभई कोमाथि हुन्थ्यो ?*
*बद्ला तँसँग नलिई कोसँग लिन्थ्यो ?*
*गोरूझैँ जोतिबसेका, गधाझैँ लत्रिरहेकाहरूलाई*
*स्कूल-कलेजमा हुलिस् किन ?*
*साक्षरता कक्षा, प्रौढ कक्षा भन्दै*
*कपाल लुछी-लुछी टाउको दुखाइस् किन ?*
*फल्चा, सत:हरूलाई पाठशाला, पुस्तकालय, वाचनालय*
*बनाएर आगोमा हात झोस्ने बुद्धि दियो कसले ?*
*फल्चाहरूमा ट्वाङ-ट्वाङ मात्र गर्दै नबसी ढ्वाङ-ढ्वाङ*
*गर्दै हिँडेपछि तेरो टाउकैमा बज्र नबजारियोस् किन ?*
*अनि,*
*कसले किन सहन्थ्यो ? को किन चुप लाग्थ्यो ?*
*तँलाई षड्यन्त्रको जालोले नबेरी कसलाई बेर्थ्यो ?*
*एक-दुई वर्ष होइन, एक-दुई दशक पनि होइन*
*२५ वर्षसम्म पनि गल्दै नगलेपछि, झुक्दै नझुकेपछि*
*शासनको राप-तापमा पटक्कै नलोभिएपछि*
*थोरै भए पनि गुलियो चाखूँसमेत नभनेपछि*
*जे गर्दा पनि हाडेओखरै साबित भएपछि*
*हाहाकार नै हाहाकार भए पनि महाराजको जयजयकार गर्दै नहिँडेपछि*
*जहिले जहाँ पनि सत्तिसालझैँ उभिएपछि*
*असह्य पीडाले जुजुका जजमानहरूको छात्ती छिया-छिया हुनुमा के अनौठो ?*
*प्रतिष्ठाको विषय बन्नुमा के आश्चर्य ?*
*अनि,*
*तेरो फाँसीको तयारी नगरी कसको गर्थ्यो ?*
*तँमाथि भयङ्कर षड्यन्त्र नभई के हुन्थ्यो ?*
*भाद्रको विपत्तिमै षड्यन्त्र सहज नबनी कुन साइत कुर्थ्यो ?*
*राज्यस्तरको दमन दासहरूमाथि किन हुन्थ्यो ?*
*युग परिवर्तनको दुन्दुभी बजाउनेहरूलाई किन छोड्थ्यो ?*

(नेमकिपालाई समूल नष्ट गर्न तत्कालीन पञ्चायती व्यवस्थाले राज्यस्तरबाट रचेको भक्तपुर काण्ड भदौ ९, २०४५ कालो दिनको विरोध तथा भर्त्सना कार्यक्रममा वाचित कविता ।)

# मूल्यवृद्धिको कारण के हो ?

• सुवर्ण श्रेष्ठ

नेपालको संविधान २०७२ को प्रस्तावनामा 'लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न' स्पष्ट रूपमा उल्लेख गरिएको छ। धारा ४ (१) मा "समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" भन्ने व्यहोरा स्पष्टसँग उल्लेख गरिएको छ। धारा ५० (३) मा "शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ" भन्ने कुरा उल्लेख छ। यसरी संविधानको प्रस्तावना नेपाल राज्यको परिभाषा र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समाजवादउन्मुख भन्ने कुरा उल्लेख हुनुले नेपाल क्रमशः समाजवादी व्यवस्थातिर अगाडि बढ्ने र बढाउनुपर्ने कुरालाई इङ्गित गरेको छ।

समाजवादी व्यवस्था र अन्य कुनै पनि व्यवस्थाको एउटा महत्त्वपूर्ण आधार अर्थव्यवस्था वा अर्थतन्त्र हो। समाजवादी अर्थतन्त्रले समाजवादलाई मलजल गरेको हुन्छ। समाजवादी अर्थ व्यवस्थाबिना समाजवाद टिक्दैन। समाजवादी अर्थतन्त्र भएको देशमा वस्तुको मूल्य निर्धारण सरकार वा केन्द्रीय योजना आयोगद्वारा प्रत्यक्षरूपमा गरिन्छ। पुँजीवादी अर्थतन्त्रमा जस्तो माग र आपूर्तिले मात्र मूल्य तय गरिँदैन।

समाजवादी अर्थ व्यवस्थामा सरकारले नै वस्तुको उत्पादन लागत, सामाजिक आवश्यकता र नागरिकको क्रयशक्ति हेरेर वस्तुको मूल्य तोक्छ। नागरिकका दैनिक जीवनसँग सम्बन्धित वस्तुहरू उत्पादन लागतभन्दा कम मूल्यमा बजारमा बिक्री गर्न सकिने व्यवस्था मिलाइएको हुन्छ। यसको लागि सरकारले उत्पादकहरूलाई नै अनुदान सहयोग दिएको हुन्छ। जनताका अत्यावश्यक वस्तुहरूमा खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, लत्ता-कपडा, औषधि, शिक्षा, यातायात, खानेपानी, इन्धन, विद्युत्, दूध, माछा-मासु आदि पर्दछन्। यस्ता वस्तुको उत्पादन र आपूर्ति गर्दा सरकारले अनुदान दिने भएकोले वस्तुको बजार मूल्य उत्पादन लागत वा खरिद मूल्यभन्दा कम हुनसक्छ। सरकारले यस्ता वस्तुको बिक्रीबाट नाफा कमाउने उद्देश्य राखेको हुँदैन। सबै नागरिकहरूले किन्न र उपभोग गर्न सकिने गरी व्यवस्थित गरेको हुन्छ।

औद्योगिक तथा कृषिजन्य वस्तु उत्पादन गर्न पञ्चवर्षीय योजना वा केन्द्रीय योजनाअनुसार पहिले नै तय गरिएको हुन्छ। देशमा कुन-कुन वस्तुहरू कति-कति उत्पादन गर्ने, उत्पादन कसले गर्ने, उत्पादित वस्तु कसले पाउने र कुन मूल्यमा बेच्ने भन्ने कुरा पहिले नै योजनामा तय गरिने हुँदा उत्पादकहरू कहिले पनि घाटामा जाँदैनन्। सरकारले उत्पादनको ठूलो हिस्सामा अनुदान दिएर बजारमा वस्तुको मूल्य स्थिर राख्छ।

उत्पादनका साधनहरूमा राज्यकै स्वामित्व हुन्छ। ठूला उद्योगहरू राज्यले नै सञ्चालन गर्दछ। वस्तुको उत्पादनमा निजी नाफा जोडिँदैन। सञ्चालन खर्च र भविष्यको विकासको लागि न्यूनतम कोषमात्र मूल्यमा समावेश गरिन्छ। चीन, क्युबा, उत्तर कोरियाजस्ता समाजवादी देशहरूले यस प्रणालीको प्रयोग गर्छन्। पछिल्लो समयमा चीनले समाजवादी बजार अर्थतन्त्र अपनाएको छ। अत्यावश्यक वस्तुमा सरकारले नियन्त्रण राख्दछ भने अन्य व्यापारिक वस्तुहरूमा माग र आपूर्तिलाई स्थान दिइन्छ।

नेपाल कृषिप्रधान देश भएकोले नेपालको बजारलाई कृषि बजार, वित्तीय बजार र सेयर बजारमा छुट्याउन सकिन्छ। जनताका दैनिक अत्यावश्यकीय वस्तुहरू कृषि बजारबाटै आपूर्ति गरिएको हुन्छ। भारतसँगको खुला सिमानाको कारण नेपालको बजारमा भारतको बजारले वस्तुको मूल्यमा ठूलो प्रभाव पार्दछ। भारतीय बजारमा भन्दा नेपाली बजारमा वस्तुको मूल्य बढी हुनासाथै धेरै वस्तु आयात हुन्छ। भारत नेपालभन्दा २० औं गुणा ठूलो उत्पादक देश हो। त्यसैले, भारतबाट दाल, चामल, तरकारी, फलफूल, खानेतेल, लत्ताकपडालगायत दैनिक उपभोग्य सामानहरू ठूलो परिमाणमा आयात हुन्छ।

नियमितरूपमा २/४ वर्ष भारतीय वस्तुको बिक्री नेपालमा भएपछि नेपाली उत्पादकहरू भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने हुन्छन्। औद्योगिक र कृषि उत्पादन कम गर्दै लगिन्छ। केही वर्षपछि नेपाली उत्पादन कम भएपछि भारतीय वस्तुको मूल्य बढे पनि नेपाली जनताले किन्नुपर्ने बाध्यता हुन्छ। यसको अर्थ भारतसँगको खुला सिमानाले नेपालको बजारमा मूल्य उतारचढाव हुन्छ। भारतबाट पर्याप्त मात्रामा आयात हुँदा नेपाली उत्पादनले बजार नपाउने र आयात कम हुँदा वा आयात नहुँदा मागअनुसारको पूर्ति नहुने हुँदा वस्तुको मूल्यवृद्धि हुन्छ र भइरहेको छ।

नेपाल कृषिप्रधान देश हो। यहाँका ६०-६५ प्रतिशत मानिसहरू कृषि पेसामा लागेका छन्। कृषिलाई जीवन निर्वाहको लागि उपयोग गर्छन्, व्यवसायीकरण गरिएको छैन। सिँचाइको राम्रो प्रबन्ध नहुँदा मनसुनी वर्षामा आधारित भएर खेतीपाती गर्नुपर्दछ। मनसुन कहिले चाँडै र कहिले ढिला हुने, कहिले अति वर्षा हुने र कहिले अल्पवृष्टि हुने, कहिले बाढी डुबान, पहिरोले दुःख दिने र कहिले खडेरी पर्नेजस्ता प्राकृतिक जोखिमहरू रहेका छन्। नेपालको तराईबाहेक पहाडी र हिमाली क्षेत्र ८१/८२ प्रतिशतभन्दा बढी भएकोले भौगोलिक स्वरूपअनुसार आधुनिक र विकसित बीउबिजनसहितको बालीनाली लगाइँदैन। परम्परागत र रैथाने बीउबिजनबाट उत्पादन वृद्धि गर्न सकिँदैन। बालीनाली लगाउन प्रयोगमा ल्याइरहेको तराई र पहाडको जग्गा जमिनलाई पुग्ने गरी रासायनिक मलको समयमै आपूर्ति हुँदैन। रासायनिक मलको लागि किसानहरू हप्तौं दिनसम्म मल वितरण केन्द्रमा धाउनुपरेका छन्। सरकारले कृषि उत्पादन लागत घटाउन पर्याप्त मात्रामा रासायनिक मल आयात गर्न र अनुदानको व्यवस्था गर्नुपर्दछ। सरकारले यसमा समयमै ध्यान दिई व्यवस्थित गरिरहेको छैन।

**संविधानमा समाजवादउन्मुख राज्य लेखिए पनि नेपाल मिश्रित अर्थतन्त्र भएको मुलुक हो। नेपालको बजार मिश्रित, आयातमा आधारित र एकाधिकारवादी प्रवृत्ति (सिन्डिकेट र कार्टेलिङयुक्त) बजार हो। यातायात, तरकारी तथा फलफूल, निर्माण सामग्रीजस्ता प्रमुख क्षेत्रहरूमा व्यवसायीहरूको आपसी मिलेमतोमा वस्तुको मूल्य र आपूर्ति निर्धारण हुने गर्दछ। बजारमा निजी क्षेत्रको दबदबा छ। इन्धन, विद्युत् र खाद्य संस्थानको चामलमा सरकारको स्वामित्व छ र सरकारले प्रत्यक्ष हस्तक्षेप गर्नसक्छ।**

परिणामस्वरूप मलखाद्को कमी र समयमै मल छर्न नपाउँदा उत्पादन परिमाण घटेको छ र लागत बढेको छ। यसको कारण पनि कृषि उत्पादन महँगो भएको हो।

नेपालका ७०-८० लाख युवाहरू रोजगारीको लागि विदेसिएका छन्। तराईदेखि हिमाली क्षेत्रका युवाहरू विदेसिएका कारण युवा जनशक्तिको अभाव भएको छ। यसले गर्दा कृषि मजदुर एवम् औद्योगिक मजदुरको पूर्ति पर्याप्त नभएको हो। उत्पादक शक्तिको कमी भएकोले पनि उत्पादन लागत वृद्धि भएको देखिन्छ।

देशका विभिन्न स्थानमा उत्पादन भएका उत्पादनलाई भण्डारण गर्न आधुनिक शीतभण्डार (Cold storage) र व्यवस्थित सङ्कलन केन्द्रहरू आवश्यक छ। तर, नेपालमा पर्याप्त सङ्ख्यामा शीतभण्डार र सङ्कलन केन्द्रहरू छैनन् जसले गर्दा तरकारीजन्य उत्पादन र फलफूल बाटोमा नै भण्डारणको सिलसिलामा र ढुवानीको सिलसिलामा कुहिएर खेर गइरहेको छ। यसरी खेर गएका वस्तुको लागतसमेत बिक्री गरिने वस्तुबाट उठाइने हुँदा वस्तुको मूल्य वृद्धि भएको हो।

सरकारले मौसमअनुसार धान, गहुँजस्ता कृषि उत्पादनको समर्थन मूल्य तोके पनि सरकारी खरिद संयन्त्र फितलो छ। कृषकहरू सस्तोमै आफ्नो उत्पादन व्यापारीहरूलाई बेच्न बाध्य हुन्छन्। व्यापारीहरूले ठूलो परिमाण वस्तु खरिद गरिसकेपछि मूल्यवृद्धि गर्छन् र महँगी बढ्छ।

काठमाडौंको कालिमाटी र बल्खुजस्ता ठूला थोक बजार र स्थानीय हाटबजारमा नै कृषि उत्पादनको व्यापार हुन्छ। तरकारीजन्य वस्तु र फलफूलको मूल्य निर्धारणमा ती ठूला थोक बजारले नेतृत्व गरिरहेको छ। अर्थात्, यहाँ तय हुने मूल्यले देशभरकै तरकारी, फलफूलको मूल्यलाई असर पार्दछ।

यस्ता बजारमा माग र आपूर्तिको सिद्धान्तबमोजिम वस्तुको मूल्य निर्धारण गरिन्छ। तरकारी, फलफूलको मात्रा धेरै भित्रिएको दिन मूल्य घट्छ भने आपूर्ति कम भएको दिन मूल्य स्वतः बढ्छ। कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले हरेक दिन बिहान ४ बजेदेखि ६ बजेसम्म बजारमा भित्रिएको तरकारी-फलफूलको परिमाण र अघिल्लो दिनको बिक्री मूल्यको तथ्याङ्क सङ्कलन गर्दछ। थोक व्यापारी र बिचौलियाहरूसँग समन्वय गर्दछ। त्यसपछि तरकारी-फलफूलको न्यूनतम मूल्य, अधिकतम मूल्य र औसत मूल्य निर्धारण गर्दछ।

थोक व्यापारी तथा बिचौलियाहरूले खरिद लागत, ढुवानी भाडा र आफ्नो नाफासमेत मूल्याङ्कन गरी प्रारम्भिक मूल्य निर्धारण गर्छन्। उक्त मूल्यमा खरिद गरिएका वस्तुहरू खुद्रा व्यापारीले पनि खरिद मूल्य, ढुवानी खर्च, पसल भाडा, कुहिने जोखिम र आफ्नो नाफासमेत मूल्याङ्कन गरी खुद्रा मूल्य निर्धारण गर्छन्। परिणामस्वरूप उपभोक्ताहरूले कृषकले बिक्री गरेको मूल्यभन्दा २/३ गुणासम्म महँगोमा खरिद गर्नुपर्ने हुन्छ।

नेपालको बजारमा तरकारी फलफूलजन्य वस्तुमात्र होइन सबै वस्तुको मूल्यवृद्धि हुनुको एउटा मुख्य कारण ढुवानी भाडा बढ्नु हो। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएकोले पेट्रोल, डिजेल, हवाई इन्धनलगायतका पेट्रोलियम पदार्थको मूल्य नेपालमा पनि वृद्धि भयो। उत्पादन लागत पनि वृद्धि भयो। खाद्यान्न, इन्धन, लत्ताकपडालगायतका वस्तुहरू आयात गर्दा विदेशी मुद्रा (डलर) तिर्नुपर्दछ। डलरको भाउ बढ्दा र विदेशमा नै सामानको मूल्य बढ्दा नेपालमा पनि मूल्यवृद्धि हुन्छ। यस्ता बाहिरी र प्राकृतिक कारणबाहेक नेपाली बजारमा सरकारले नियन्त्रण गर्न सकिने विभिन्न कारणहरूले पनि मूल्यवृद्धि भएको छ। सरकारी निकायले बजारको नियमित र कडा अनुगमन नगर्दा व्यापारीहरूले मनोमानी ढङ्गले मूल्य निर्धारण गरेका छन्। विशेष गरी सरकारले बजेट प्रस्तुत गर्दा कर वृद्धि हुने र तलब- भत्ता बढ्ने कुरा अनुमान गर्छन् र सोको अनुपातमा वस्तुको मूल्य निर्धारण गर्दछन्। कतिपय व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गरेको कुरा पनि बाहिर आएका छन्। व्यवसायीहरूको आपसी मिलेमतो ( कार्टेलिङ) मा मूल्य र आपूर्ति निर्धारण भएको, धेरैजसो क्षेत्रमा निश्चित व्यापारीहरूको मात्र नियन्त्रण रहेको, बिचौलियाहरूको उच्च प्रभाव परेको, धेरै तहका बिचौलियाहरू सक्रिय भएको कुरा पनि बाहिर आएका छन्। यस्ता विविध कारणहरूले नेपालको बजारमा खाद्यान्न, तरकारी, फलफूल, माछा-मासु, लत्ताकपडालगायत निर्माण सामग्रीहरू, मेसिन-औजार, उपकरणहरूको मूल्यवृद्धि भएको हो।

संविधानमा समाजवादउन्मुख राज्य लेखिए पनि नेपाल मिश्रित अर्थतन्त्र भएको मुलुक हो। नेपालको बजार मिश्रित, आयातमा आधारित र एकाधिकारवादी प्रवृत्ति (सिन्डिकेट र कार्टेलिङयुक्त) बजार हो। यातायात, तरकारी तथा फलफूल, निर्माण सामग्रीजस्ता प्रमुख क्षेत्रहरूमा व्यवसायीहरूको आपसी मिलेमतोमा वस्तुको मूल्य र आपूर्ति निर्धारण हुने गर्दछ। बजारमा निजी क्षेत्रको दबदबा छ। इन्धन, विद्युत् र खाद्य संस्थानको चामलमा सरकारको स्वामित्व छ र सरकारले प्रत्यक्ष हस्तक्षेप गर्नसक्छ।

अत्यावश्यकीय वस्तुको आपूर्ति व्यवस्थापन र उचित भण्डारणको व्यवस्था कमजोर देखिएको छ। सरकारी नियमन कमजोर भएको छ। अनुगमन निष्क्रिय छ। अनुगमन प्रणाली प्रभावकारी र गुणात्मक छैन। संविधानको धारा ४४ मा उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने मौलिक हक भए पनि व्यवहारमा लागू भएको देखिँदैन। उपभोक्ताहरूको रक्षाका लागि बनाइएका ऐन-कानुनहरू पूर्ण रूपमा कार्यान्वयन हुनसकेका छैनन्। स्थानीय सरकार, प्रदेश सरकारसँग समन्वय गरी सङ्घीय सरकारले बजार नियन्त्रण र अनुगमन गरी मूल्यवृद्धि रोक्नुपर्थ्यो, त्यो भइरहेको छैन। सबै खुद्रा पसलहरूमा अधिकतम खुद्रा मूल्य तोकी मूल्यसूची अनिवार्य रूपमा टाँस्न लगाउनुपर्नेमा त्यसो गरिएको छैन। सञ्चालित पसलहरू दर्ता गर्न, बिल अनिवार्य गर्न, लेबलिङ अनिवार्य गर्न सरकारले कडाइका साथ पहल चाल्नुपर्दछ। यदि बजारमा कालाबजारी, सिन्डिकेट, कार्टेलिङ र ठगी कायमै रहन्छ भने आम नागरिकहरूले सरकार भएको अनुभूति गर्न सक्दैनन्।

चाडपर्व नजिकिँदै गर्दा दैनिक उपभोग्य अत्यावश्यक वस्तुहरू जस्तैः चामल, दाल, तरकारी, फलफूल, माछा, मासु, चिनीलगायतका खाद्यान्नको मूल्य अस्वाभाविक रूपमा बढेको र एलपी ग्याँसको आपूर्ति सहज नभएको कतै राज्यपाको युवा नेतृत्वको सरकारको उपहार त होइन ?

# विपद्पूर्व सुरक्षित बसोबासको बन्दोबस्त जरुरी

चीनको तिब्बत क्षेत्रमा अत्यधिक वर्षा भएको र चीनतर्फको लेन्डे खोलामा हिमपहिरो गई नदी थुनिएको एक्कासि फुट्दा नेपालको भोटे कोसीमा भेल-बाढी आयो। यसले रसुवा, धादिङ, नुवाकोटका केही भौतिक संरचना र मानव बस्तीमा क्षति पुऱ्याएको सार्वजनिक भयो। सो भेलले त्यस क्षेत्रमा १९ ओटा पुल र ४० किमि सडकमा क्षति पुगेको बताइयो। नेपालको सीमाबाट चीनको तिब्बततर्फ अन्दाजी ७ किमिभित्र लेन्डे खोलामा पहिरो गएको अनुमान गरिएको छ।

भेल-बाढी रसुवा, धादिङ, नुवाकोट हुँदै दक्षिणतर्फ आउँदा पृथ्वी राजमार्ग र धादिङवेसी जोड्ने मलेखु पुलसमेत बगाइयो। भेल बाढीले रसुवाको टिमुरे, धादिङ, नुवाकोटसम्म जनधनको क्षति भयो। क्षतिको विवरण यकिन भएको छैन। नेपाल पर्यटन बोर्डका अनुसार विदेशी र नेपाली गरी ४०० पर्यटक सम्पर्कविहीन भएको बताइयो। नेपाल प्रहरीका अधिकारी र जवानहरू पनि बेपत्तामा परेको सार्वजनिक भयो।

चीनतर्फको पहिरोको कारण बन्द भएको लेन्डेखोला अझै पूरा नखोलिएको र नेपालतर्फ भेल-बाढीको जोखिम अझै यथावत रहेको पनि सार्वजनिक भयो। यो प्राकृतिक विपद्सँगै भेल-बाढी प्रभावित जिल्ला रसुवा, धादिङ, नुवाकोटमा खाद्यान्न र इन्धन खरिद गर्नेहरूको घुइँचो बढेको पनि सार्वजनिक भयो। त्रिशुली जलविद्युत्लगायत कतिपय संरचना बगाइएको पनि बाहिरियो। सरकारले विपद्मा परेका जनताको राहतको लागि नुवाकोट र रसुवा जिल्लालाई १-१ करोड रूपैयाँ र धादिङलाई ५० लाख रूपैयाँ उपलब्ध गराउने पनि बतायो। विपद्को बेला भ्रष्टाचार, महँगी, अनियमितता, पक्षपात बढ्नेतर्फ पनि सरकारी संयन्त्र सचेत हुनुपर्दछ।

भेल-बाढीको कारण भोटेकोसी नदीमा पानीको सतह ५० मिटरमाथि पुगेको प्रत्यक्षदर्शीहरूको भनाइ सार्वजनिक भएको छ। केही वर्षअघि उत्तरतर्फको भेल आउँदा मेलम्ची नदीमा यस्तै बाढी आएको थियो। यो भेलले काठमाडौं उपत्यकाको लागि खानेपानी आपूर्तिको एक मुख्य स्रोत मेलम्ची खानेपानी आयोजनाको मुहान नै छोपेको थियो भने मेलम्ची बजारको एक भाग डुबानमा परेको थियो। त्यस्तै, दुई वर्षअघि असोज १० गतेदेखि १२ गतेसम्मको वर्षाले धुलिखेल-बर्दीबास जोड्ने बीपी राजधानीको पहाडी खण्ड बगाएको अझै पुनःनिर्माण रोकिएको छैन।

नेपालमा बाढी र पहिरो आउने क्षेत्रमा रहेको बस्तीलाई सुरक्षित स्थानमा सार्नुपर्ने विषय उठेको पनि धेरै भयो तर सरकारहरूले वास्ता गरेनन्। यसकारण, विपद्मा जनधनको क्षति बढेको हो। पश्चिम नेपालको कर्णाली नदीको छेउछाउमा पनि सरकारले 'स्मार्ट सिटी' हरू विकास गर्ने योजना राखेको अनुपयुक्त नहुने यतिखेर पुष्टि हुन्छ। कर्णाली नदीको दायाँबायाँ राकम कर्णाली, तल्लो डुङ्गेश्वर, खिड्कीज्युलालगायत बस्तीहरू जोखिममा परेको हुँदा सरकारले तत्काल वैकल्पिक सहरको विकास गर्नु उपयुक्त हुनेछ। देशभरि नै जोखिम क्षेत्रका बस्तीहरू पहिचान गरी सरकारले सुरक्षित स्थानमा बन्दोबस्त गर्न ध्यान दिनुपर्दछ।

# खोजी, उद्धार, राहत र पुनःस्थापनामा जोड दिऔँ !

भदौ १० गते बिहान भोटेकोसी नदीमा बगेको भेलबाढीले नेपालमा अकल्पनीय जनधनको क्षति पुऱ्यायो। यो भेलबाढी कसरी सुरू भयो ? यो प्रश्नको जवाफ नेपाल सरकारले स्पष्ट गर्ने नै छ। केहीले भेलबाढीबारे चीनले नेपाललाई पूर्वजानकारी नगराएको भ्रम फैलाइयो। तर, चीनको तिब्बतको भूभाग केरुङमा पनि अकल्पनीय जनधनको क्षति भएको छ। एक सयभन्दा बढी चिनियाँ नागरिक नेपालतर्फ बगाइएको पनि सार्वजनिक भयो। यो विपद्को बेला भ्रमहरूको पछि नलागी खोजी, उद्धार, राहत र पुनःस्थापनातर्फ लाग्नु जरूरी छ।

नेपाल सरकारले भोटेकोसीको माथिल्लो क्षेत्रमा राखिएका स्वचालित बाढी मापन केन्द्रहरू पनि बाढीसँगै बगाइएको सार्वजनिक भयो। सामान्य अवस्थामा नदीको सतह बढ्न थालेपछि ती केन्द्रहरूले स्वतः सूचना पठाउने गर्छन्। स्याफ्रुवेसीमा राखिएका स्वचालित केन्द्रहरू सबै एकैचोटि बगाइएको थियो। जोखिमपूर्ण हिमाली क्षेत्रमा वास्तविक समयमै सूचना दिने सेन्सर क्यामेरा र निगरानी प्रणाली आवश्यक हुन्छ। यसमा नेपालले चीनसँग सहकार्य गर्नु उपयुक्त हुनेछ।

रसुवाको भोटेकोसी तटीय क्षेत्रका दर्जनभन्दा बढी बस्तीमा क्षति पुगेको छ। टिमुरे, स्याफ्रुवेसी, हाकुवेसी, मैलुङ, पेरेवेसी, सोले, शान्तिबजार, खाल्टेवस्ती, बेत्रावती, ढुङ्गे, त्रिशुली, बट्टारलगायतका क्षेत्रमा जनधनको क्षति भयो। रसुवामा वाणिज्य बैङ्क शाखा ९ र जलविद्युत् केन्द्र ९ ओटामा क्षति भयो। विदुरको सोले बजारदेखि अक्करे बजारसम्मको सयौं घर बाढीले बगायो।

भूउपग्रहको तस्विरअनुसार केरुङको पूर्वउत्तर १७ किमि टाढा नेपालतर्फको हिम चट्टान पहिरो गएको र सो पहिरो ल्हेन्दो खोलामा बज्रिँदा ५.२ म्यागिन्च्युडको भूकम्पजस्तो कम्पन महसुस भएको सार्वजनिक भयो।

हिमपहिरो खसेको लम्बाइ ४ किमिजति भएको पनि सार्वजनिक भयो। ल्हेन्दे खोला अझै थुनिएको अवस्थामा हुँदा भेलबाढी अर्को पनि आउनसक्ने अनुमान गरिएको छ। भेलबाढी प्रतिघण्टा ४० किमिको दरले बगेको र यसको उचाइ ५० मिटर पुगेको हुँदा धेरै जनधनको क्षति भएको हुनुपर्छ।

नेपालमा गत भदौ २३ र २४ गतेको उपद्रवमा देशभरिझैं आगजनी गरिँदा खर्बौं रूपैयाँको नोक्सान भएको थियो भने भदौ १० गतेको हिमपहिरो खसेर भोटेकोसीमा भेलबाढी आउँदा थप खर्बौं रुपैयाँको क्षति भयो। नेपाली जनता उपद्रवबाट पीडित थिए। अहिले प्राकृतिक विपत्तिबाट पीडित हुने भयो।

नेपालमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन भएको ५-७ वर्ष भयो तर प्राधिकरणमा सम्बन्धित जनशक्ति र उपकरणको व्यवस्था नहुँदा विपद्सम्बन्धी अध्ययन र पूर्वसूचना प्राप्तिमा तदारूकता भएन। नेपाल मजदुर किसान पार्टीले नदीको बहाव नाप्ने हाइड्रोल्याव व्यवस्था गरी जोखिमको पूर्वसूचनाको व्यवस्था गर्नुपर्ने विषय संसद् र सडकमा २५-३० वर्षयता उठाउँदै आएको तर आजसम्मका सरकारहरूले नेमकिपाको आवाजलाई ध्यान दिएर कार्यान्वयन नगर्दा नेपाली जनताले थप जनधनको क्षति व्यहोर्नु परेको हो।

# अन्तर्राष्ट्रिय अदालतलाई किन बेवास्ता गर्छ अमेरिका ?

**• एरिक आल्टर**

अमेरिकी पूर्वराष्ट्रपति जो बाइडेनले आफू पदमा रहँदा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध मुद्दा चलाउने उद्देश्यले रुसका युद्ध अपराधसम्बन्धी प्रमाण अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) लाई उपलब्ध गराउन आफ्ना गुप्तचर निकायलाई निर्देशन दिए । उक्त कदम विगतको अभ्यासभन्दा बिल्कुलै भिन्न थियो । किनकि अमेरिकाले 'रोम विधान' (जसअन्तर्गत आइसिसी स्थापना भएको थियो) लाई अनुमोदन नगरेका देशका नागरिकमाथि आइसिसीले क्षेत्राधिकार प्रयोग गर्न नसक्ने अडान राख्दै आएको थियो । उल्लेखनीय पक्ष यो हो कि रुस र अमेरिका दुवैले रोम विधानलाई अनुमोदन गरेका छैनन् ।

तर, नोभेम्बर २०२४ मा जब आइसिसीले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र उनका पूर्वरक्षामन्त्री योभ ग्यालेन्टविरुद्ध पक्राउपुर्जी जारी गर्‍यो, तब बाइडेनको अडान बदलियो । पक्राउपुर्जीको निर्णय 'आपत्तिजनक' थियो र अमेरिका सधैँ आफ्नो सहयोगी इजरायलको पक्षमा उभिने बाइडेनले घोषणा गरे । स्मरण रहोस्, इजरायल पनि 'रोम विधान'को पक्षधर राष्ट्र भने होइन ।

बाइडेनका उत्तराधिकारी डोनाल्ड ट्रम्पले आईसिसीका अधिकारीहरूमाथि प्रतिबन्ध लगाउने र उनीहरूको सम्पत्ति रोक्का गर्नेसम्मका कदम चालेर यस मामिलालाई अझ निर्मम बनाए । अगस्ट २०२५ मा, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले उक्त अदालतलाई 'कानुनी लडाइँको हतियार' भएको आरोप लगाए । डिसेम्बरसम्ममा आइसिसीका ११ जना न्यायाधीश र अभियोजकहरू अमेरिकी प्रतिबन्धको दायरामा परिसकेका थिए । त्यसपछि, जुलाईको मध्यतिर, अमेरिकी विदेश मन्त्रालयले उक्त अदालतलाई नै विघटन गर्ने उद्देश्यले एउटा अभियान सुरु गर्‍यो ।

शत्रुविरुद्धको कारबाहीमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) माथि भरोसा गर्ने, तर मित्रराष्ट्रका हकमा उल्टै न्यायाधीशको कार्यविरुद्ध प्रश्न उठाउने अमेरिकी द्वैध चरित्रले स्वतन्त्र न्यायिक निकायको मर्ममाथि चोट पुगेको छ । अमेरिकी व्यवहारले 'रोम विधान' को 'पूरकताको सिद्धान्त' लाई बेवास्ता गर्छ । आइसिसी एउटा अन्तिम विकल्पको अदालत हो, जसले तब मात्र हस्तक्षेप गर्छ जब कुनै राष्ट्रिय सरकारले युद्ध, अपराध र मानवताविरुद्धका अपराधहरूको निष्पक्ष तथा इमानदारिताका साथ अनुसन्धान गर्न असफल हुन्छ । प्यालेस्टाइन राष्ट्र होइन भनी इजरायलले क्षेत्राधिकारमाथि उठाएको आपत्तिले समस्या समाधानको व्यावहारिक बाटोलाई ओझेलमा पार्छ । त्यो बाटो भनेको आइसिसीका अभियोजकद्वारा आरोपित अपराधहरूको वास्तविक अनुसन्धान नै हो ।

इजरायल र अमेरिकाले आइसिसीका अधिकारीहरूलाई निसानामा पारे । तर, यस्तो अवहेलना वा तिरस्कारले खासै अर्थ राख्दैन । आइसिसीले पक्राउपुर्जी जारी गर्नुको अर्थ अभियुक्तलाई तत्काल पक्राउ गर्नु भन्ने होइन । किनकि उनीहरूसँग गिरफ्तारी गर्ने प्रहरीको अधिकार हुँदैन । बरु, यसको प्रभाव यस कुरामा निहित छ कि पक्राउ आदेशले अभियोग लागेका व्यक्तिहरूलाई निश्चित व्यक्तिहरूसँग देखिन वा भेटघाट गर्नु जोखिमपूर्ण बनाइदिन्छ ।

उदाहरणका लागि, 'रोम विधान' अनुमोदन गरेका १२५ देशहरूमध्ये कुनैमा पनि पुटिन पक्राउ पर्ने जोखिम हुन्छ । तसर्थ, उनले सन् २०२३ मा दक्षिण अफ्रिकामा भएको ब्रिक्स शिखर सम्मेलनमा भिडियोमार्फत सहभागिता जनाउने निर्णय गरेका थिए । त्यसैगरी, नेतन्याहुविरुद्धको पक्राउ पुर्जीले उनलाई यो सोच्न बाध्य बनाउँछ कि यदि उनी कुनै देशको भ्रमणमा गए भने त्यहाँका सरकारले कारबाही गर्न सक्छन् ।

कसै-कसैले तर्क गर्न सक्छन् कि कानुनले केवल राजनीतिक शक्तिलाई प्रतिबिम्बित गर्छ । आइसिसीले अमेरिकी अधिकारीहरूलाई नभई पुटिनलाई निसाना बनाउँछ किनभने रुससँग सहयोगी राष्ट्रहरूको अभाव छ । यस दृष्टिकोणबाट हेर्दा, परिणाम वा सजाय केवल कमजोरहरूका लागि मात्र हुन्छ ।

वास्तवमा, शक्ति क्षणभंगुर हुन्छ । चिलीका पूर्वराष्ट्रपति भएकाले कानुनी उन्मुक्ति पाएका भए पनि १७ वर्षसम्म आतङ्कको शासन चलाएका जनरल अगस्टो पिनोचेलाई सन् १९९८ मा लन्डनको एक अस्पतालमा शल्यक्रियापछि स्वास्थ्यलाभ गरिरहेको अवस्थामा पक्राउ गरिएको




थियो । पिनोचेको सुपुर्दगी प्रक्रिया अघि बढाउन एक स्पेनिस न्यायाधीशले 'यातनाविरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धि' को सहारा लिएका थिए । यद्यपि, पिनोचेले मुद्दाको सामना गर्नुपरेन र सन् २००६ मा उनको मृत्यु भयो । तर, उनको गिरफ्तारीले एक कानुनी नजिर स्थापित गर्‍यो । सन् २०१६ मा सेनेगलको एक अदालतले तिनै सिद्धान्तको प्रयोग गर्दै चाडका पूर्वतानाशाह हिसेन हाब्रेलाई आजीवन कारावासको सजाय सुनायो । त्यसैगरी, सर्बियाली पूर्वराष्ट्रपति स्लोबोदान मिलोसेभिचले पनि अन्ततः न्यायको सामना गर्नुपर्‍यो । युद्ध अपराधको मुद्दा चलिरहँदा हेगस्थित हिरासतमा नै उनको मृत्यु भयो ।

यी व्यक्तिहरू सत्ताबाट बाहिरिएपछि मात्र कानुनको दायरामा आए । पिनोचेले अवकाश लिइसकेका थिए भने हाब्रे निर्वासनमा थिए । मिलोसेभिचलाई सत्ताच्युत गरिएको थियो । पहिले नेताको पतन हुन्छ, अनि मात्र मुद्दा चल्छ । सत्ताले प्रदान गर्ने सुरक्षाले जवाफदेहितालाई केवल पर धकेल्ने काम मात्र गर्छ । सन् १९४५ पछि, अमेरिकाले यस्तो विश्व व्यवस्था स्थापना गर्‍यो जसमा विवादहरूको निरूपण प्रायः अमेरिकाको प्रभाव वा नियन्त्रणमा रहेका संस्थाहरूद्वारा गरिँदै आएको छ ।

यस्तो प्रभुत्वलाई चुनौती दिन पछि गएर अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) र अन्तर्राष्ट्रिय न्यायालय (आइसिजे) जस्ता जवाफदेहिता संयन्त्रहरू स्थापना गरिए । अब कम प्रभाव भएको मुलुकको न्यायाधीशले पनि शक्तिशाली सरकारको अनुमतिविना नै त्यसको विरोध गर्न सक्छ । उदाहरणका लागि, डिसेम्बर २०२३ मा दक्षिण अफ्रिकाले गाजामा इजरायलको गतिविधिलाई लिएर आइसिजेमा नरसंहारको आरोप लगायो, त्यसको एक महिनापछि आइसिजेले अन्तरिम आदेश जारी गर्‍यो ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावलाई जस्तै अमेरिकाले आइसिसी र आइसिजेका निर्णयहरूलाई 'भिटो' प्रदान ( अस्वीकार) गर्न सक्दैन । यसले गर्दा अमेरिकासामु दुईवटा विकल्प रहन्छन् :या त प्रणालीमा सामेल भएर भित्रैबाट प्रभाव पार्ने वा यी अदालतहरूको बहिष्कार गरेर निर्णय प्रक्रियामा आफ्नो कुनै भूमिका नराख्ने । अमेरिकाले पछिल्लो विकल्प रोजेको छ । यसले अन्तर्राष्ट्रिय कानुनको प्रगतिलाई रोक्दैन, बरु निर्णय लिने वा कानुनको दिशा तय गर्ने अधिकार अन्य मुलुकहरूको हातमा सुम्पिन्छ ।

पुटिनलाई कानुनी कठघरामा उभ्याउन अमेरिकालाई आफ्नो नियन्त्रणभन्दा बाहिर रहेको र विश्वस्तरमा सम्मानित अदालतको साथ वा प्रभाव आवश्यक थियो । तर, अहिले, एउटा सहयोगी राष्ट्रको बचाउ गर्ने नाममा अमेरिका त्यही अदालतको प्रतिष्ठामा आँच पुर्‍याउने प्रयास गर्दै छ । साथै, विश्व प्रतिस्पर्धात्मक गुटहरूमा विभाजित भइरहेको र नियम कसले तय गर्ने भन्ने प्रश्न पहिलोपटक खुला बहसको विषय बनेको यस घडीमा उसले सैद्धान्तिक रूपमै अन्तर्राष्ट्रिय कानुनलाई अस्वीकार गरिरहेको छ ।

पिनोचेले आफू लन्डनमा कानुनको पहुँचभन्दा बाहिर रहेको ठान्थे, तर उनको त्यो बुझाइ गलत साबित भयो । अमेरिकाले पनि निकै ठुलो स्तरमा त्यस्तै दाउ लगाइरहेको छ । अर्थात्, आफूले निर्माण गर्न सघाएका अन्तर्राष्ट्रिय कानुनहरू कहिल्यै पनि आफ्नैविरुद्ध प्रयोग हुन सक्दैनन् भन्ने उसको विश्वास छ ।

*(अबुधाबीस्थित 'अनवर गर्गास डिप्लोम्याटिक एकेडेमी'का डिन तथा' काउन्सिल अन फरेन रिलेसन्स' का सदस्य आल्टरको आलेख प्रोजेक्ट सिन्डिकेटबाट सुभाष शर्माले अनुवाद गरेका हुन् ।)*

# पूर्वी एसियाको बदलिँदो अङ्कगणित

**✍ वेनरान जियाङ**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अगस्टको मध्यमा तय गरिएको अमेरिका-दक्षिण कोरिया संयुक्त सैन्य अभ्यास अर्थात् 'उल्ची फ्रिडम सिल्ड' (युएफएस) को समयावधि ११ दिनबाट घटाएर पाँच दिनमा सीमित गर्न अमेरिकी रक्षा मन्त्रालयल पेन्टागनलाई निर्देशन दिँदा पूर्वी एसियाप्रतिको उनको 'लेनदेनमा आधारित' दृष्टिकोण छर्लङ्ग भयो । यस कदमले सोललाई आश्चर्यचकित बनायो र प्योङ्याङबाट कडा प्रतिक्रिया निम्त्यायो । यसले अमेरिकी सुरक्षा छातामाथि बढ्दो शङ्काले यस क्षेत्रको रणनीतिक हिसाबकिताबलाई कसरी पुनः परिभाषित गरिरहेको छ भन्ने कुरालाई उजागर गर्‍यो ।

ट्रम्पले दक्षिण कोरियासँग अभ्यासको अवधि घटाउने निर्णयलाई किम जोङ उनप्रति सद्भावको सङ्केतका रूपमा प्रस्तुत गरे । उनले किमलाई आफूले 'राम्ररी चिनेको' र उनीसँग 'निकै राम्रो सम्बन्ध' रहेको बताए । उनले उक्त सैन्य अभ्यासले प्योङ्याङलाई 'पूर्ण रूपमा अनुपयुक्त र शत्रुतापूर्ण' सन्देश दिएको दाबी गरे । साथै, उनले यस निर्णयलाई इरानविरुद्धको अमेरिकी सैन्य प्रयासमा सामेल हुन सोलले गरेको अस्वीकारसँग प्रत्यक्ष रूपमा जोड्दै भने 'अमेरिका सबै देशको सुरक्षा गर्दै हिँड्न सक्दैन, जबसम्म उनीहरू हामीलाई सहयोग गर्न तत्पर हुँदैनन् ।'

अर्कोतर्फ ट्रम्पको प्रस्तावबारे बोल्दै किम जोङ उनकी बहिनी किम यो जोङले दुई नेताबिच कुनै पनि प्रकारको सञ्चारबारे आफू 'अनभिज्ञ' रहेको बताइन् । यसले नोभेम्बरमा हुने भनिएको कुनै पनि बैठक कुनै पक्षले आफ्नो अडान नबदलेसम्म केवल 'राजनीतिक नाटक'मा सीमित हुन सक्ने सम्भावना बढाएको छ । अमेरिका-उत्तर कोरिया संलग्नताबारे प्रतिक्रिया दिने क्रममा चीनको विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले ट्रम्प-किमबिच हुन सक्ने सम्भावित भेटवार्ताबारे टिप्पणी गर्न अस्वीकार गरे । यद्यपि, चीनका विदेशमन्त्री वाङ यीको सोल भ्रमणका क्रममा चीनको बृहत्तर अडान स्पष्ट गरे । उनले दक्षिण कोरियालाई 'वास्तविक रणनीतिक स्वायत्तता' अपनाउन र 'गुटगत टकराव वा कुनै एक पक्ष लिने कार्य' बाट बच्न आग्रह गरे । अझ महत्त्वपूर्ण कुरा त वाङले आणविक निःशस्त्रीकरणको कुनै उल्लेख गरेनन् र सोलको बहुपक्षीय शान्ति पहललाई समर्थन पनि गरेनन् । बरु उनले कोरियाली प्रायःद्वीपमा शान्तिपूर्ण सहअस्तित्वको कुरा गरे । यो दृष्टिकोणले बेइजिङलाई प्रायःद्वीप कूटनीतिको मुख्य आधारका रूपमा आणविक निःशस्त्रीकरणलाई निरन्तरता दिनुको सट्टा दुई अलग कोरियाली राज्यको यथार्थलाई स्वीकार गर्ने दिशातिर अघि बढाएको देखिन्छ ।

वाङले 'जापानी दक्षिणपन्थी शक्तिले इतिहासको गतिलाई उल्ट्याउने प्रयास' विरुद्ध चेतावनी दिँदै 'जापानी सैन्यवादलाई फेरि कहिल्यै उठ्न नदिन' आग्रह गरे । जापानको मुख्य रक्षा बजेट कीर्तिमानी ९.०४ ट्रिलियन येन (५६.७ अर्ब डलर) पुगेको छ, जबकि जापानले रक्षा-सम्बन्धित फराकिलो खर्च तोकिएको समयभन्दा अगाडि नै कुल गार्हस्थ उत्पादनको दुई प्रतिशतको लक्ष्यमा पुगेको जनाएको छ । यो सैन्य विस्तारलाई नयाँ रक्षा सम्बन्धित करमार्फत वित्तीय नीतिमा पनि समावेश गरिँदै छ । यस परिवर्तनको गतिले प्योङ्याङलाई आक्रोशित बनाएको छ, किम यो जोङले जापानलाई चेतावनी दिँदै भनिन् कि कुनै पनि 'गलत निर्णय'ले 'विनाशकारी प्रहार' निम्त्याउनेछ ।

वासिंटनको प्रतिबद्धतालाई लिएर देखिएको अनिश्चितताको फाइदा उठाउँदै जापानले आफ्नो सैन्य सामान्यीकरणलाई संस्थागत गर्ने प्रयास गरिरहेको छ । हतियार निर्यातसम्बन्धी खुकुला नियम र रक्षा ठेकेदार मित्सुबिसी हेभी इन्डस्ट्रिज, कावासाकी हेभी इन्डस्ट्रिज र आइएचआईसँगको गहिरिँदो सहकार्यले जापान अझ स्वतन्त्र कदम




चाल्नका लागि संस्थागत आधार तयार गरिरहेको सङ्केत गर्छ । सोलले पनि आफ्नो रणनीतिमा पुनर्विचार गरिरहेको छ । सोलले अमेरिकी गठबन्धनलाई बलियो स्वतन्त्र रक्षा क्षमताले परिपूरकको रूपमा सघाउनुपर्ने तर्क गर्‍यो ।

यसरी उदाउँदो नयाँ व्यवस्थाको केन्द्रमा एउटा भूराजनीतिक त्रिकोण रहेको छ, गठबन्धनलाई केवल 'लेनदेनको वस्तु' का रूपमा हेर्ने अमेरिका, अमेरिकी प्रतिबद्धताबारे बढ्दो अनिश्चितताबिच स्थायी सैन्य स्वायत्ततातर्फ तीव्र गतिमा अघि बढिरहेको जापान र टोकियोको दक्षिणपन्थी झुकावको प्रतिरोध गर्दै आफ्ना सीमावर्ती क्षेत्रमा स्थिरता कायम गरिरहेको चीन यी शक्तिको बिचमा परेको दक्षिण कोरिया वासिङटनको अप्रत्याशित व्यवहार, बेइजिङको आर्थिक प्रभाव र टोकियोको तीव्र सैन्यीकरणका चुनौतीबिच सन्तुलन मिलाउन बाध्य हुँदै गएको छ ।

यो अनिश्चितता निकै गहिरो छ । यदि प्योङयाङसँग ट्रम्पको मेलमिलापको प्रयास केवल 'नाटक'मा सीमित रह्यो भने उत्तर कोरियाको आणविक कार्यक्रम निरन्तर अघि बढिरहनेछ, किनभने बेइजिङ र मस्कोले उसलाई अर्थपूर्ण बाह्य दबाबबाट जोगाइरहनेछन् । यदि सोलमाथि वासिङटनमाथिको दबाब सफल भयो भने दक्षिण कोरिया हर्मुज जलमार्गदेखि ताइबानको सम्भावित सङ्कटसम्मका अमेरिकाका युद्धमा अझ गहिरो गरी तानिन सक्छ । टोकियोको सैन्यीकरण प्रक्रियालाई नियन्त्रण गरिएन भने युद्धपछिको क्षेत्रीय सुरक्षा संरचनामा परिवर्तन आउन सक्छ ।

(जियाङ चाइना इन्स्टिच्युटका संस्थापक निर्देशक तथा अल्बर्टा विश्वविद्यालयका अनुसन्धानकर्ता हुन् ।)

*अलजजिराबाट*

# विश्वविद्यालयका शिक्षक, गुप्तचर निकायको काम

● जेरेमी कुजमारोभ

'नेड' सन् १९८३ मा गठन भएको संस्था हो । यो अमेरिकी गुप्तचर निकाय सीआइएको हाँगा हो । यसले राजनीतिक प्रचारबाजी गर्छ । अमेरिकाले कुनै देशको सत्ता ढाल्न चाहे, 'नेड' ले त्यसमा सहयोग गर्छ । ('नेड' को पूरा रूप हो - लोकतन्त्रका लागि राष्ट्रिय सशक्तीकरण । NED, National Endowment for Democracy. )

'नेड' ले अमेरिकाका भूराजनीतिक प्रतिद्वन्द्वी चीन, इरान र रूसमा सरकारविरोधी 'विपक्षी' लाई सहयोग गर्दै आएको छ । ती देशमा हुने मानव अधिकार हननका घटनालाई ठुलो महत्त्व दिँदै आएको छ । देशका प्राकृतिक स्रोतसाधनमाथि आफ्नै नियन्त्रण काम गरेका क्युबा, भेनेजुयला र उत्तर कोरियाजस्ता समाजवादी देशको हकमा पनि 'नेड' ले तिनै काम गर्छ ।

तर, युक्रेन, इजरायल, बङ्गलादेश, केन्या, रुवान्डा, सिरिया जस्ता देशमा हुने मानव अधिकार हननप्रति भने 'नेड' ले आँखा चिम्लिने गर्छ । किनभने, यी सबै देशका वर्तमान सरकार अमेरिकापरस्त छन् । यीमध्ये कतिपय सरकार अमेरिका आफैले गठन गरेको थियो ।

'नेड' ले धेरै देशका 'विपक्षी'हरूलाई सम्मान गर्दै आएको छ । यस्ता विपक्षीहरूले अमेरिकाले आफ्नो मातृभूमिमा नाकाबन्दी लगाउनुपर्छ, बमबारी र युद्ध गर्नुपर्छ भन्ने गर्छन् । तीमध्ये कतिपयलाई विद्रोह वा आतङ्क भड्काएको भनेर मुद्दा पनि चलाइएको छ ।

'नेड' अमेरिकी गुप्तचर निकाय सीआइएका गुप्त चलखेलको अग्रमोर्चामा छ । यो वर्ष फेब्रुअरीमा यसको एउटा प्रमाण पनि बाहिर आयो । 'नेड' का अध्यक्ष डामोन विल्सनले यो कुरा बाहिर ल्याएका थिए । संसदीय सुनुवाइमा बोल्दै उनले इरानमा अस्थिरता मच्चाउन 'नेड' ले खेलेको आक्रामक भूमिकाबारे डिङ हाँकेका थिए । उनले इरानमा स्टारलिङ्कका (भूउपग्रहमार्फत हुने गोप्य) सञ्चार उपकरण तस्करी गराएको र मिडियामा इरानविरोधी भाष्य प्रचार गराएको बताए । (सन् २०२६ मा उनलाई मेरिल्यान्ड विश्वविद्यालयले आफ्नो 'सार्वजनिक नीति' विभागमा बोल्न आमन्त्रण गरेको थियो ।)

उनले यति भन्दा नभन्दै संसदीय समितिका सदस्य लियो फ्राङ्केलले उनलाई बिचमै रोकेर भनेका थिए, "तपाईंका कुरा बिचमै काटेँ । तपाईंलाई थाहै छ, यहाँ यी कुरा गर्नुहुँदैन ।" (उनी अमेरिकी संसद्को 'परराष्ट्र, विदेशी कारबाही तथा सम्बन्धित कार्यक्रम' समितिका सदस्य हुन् ।)

सोही सुनुवाइमा विल्सनले बोलिभियामा दक्षिणपन्थी सरकार निर्वाचित गराउने जस लिएका थिए । उनले भनेका थिए, "(बोलिभियाको) लिथियम मस्कोको हातमा पर्नबाट रोक्यौँ ।" उनले अर्को पनि खुलासा गरे, 'नेड' ले निकारागुआका मिडियालाई पैसा र तालिम दिइरहेको छ । निकारागुआको समाजवादी सरकारलाई गिराउने उद्देश्यले त्यसो गरिएको उनको जिकिर थियो ।

(टिपोट : सन् २०२६ फेब्रुअरीमा 'द नेसनल इन्ट्रेस्ट' मा प्रकाशित लेखमा विल्सनले 'नेड' ले उठाउने 'स्वतन्त्रताको एजेन्डा' ले विश्वभरि रहेका प्राकृतिक स्रोतसाधनमा अमेरिकी कम्पनीहरूलाई पहुँच दिइरहेको दाबी गरे । लेखमा उनले 'नेड' ले वित्तीय सहयोग गर्ने 'गैसस' हरूले चीनका व्यापारिक संस्था, सरकारी कम्पनीजस्ता अमेरिकी व्यापारका प्रतिस्पर्धीहरूको पक्ष लिने विश्वका विभिन्न सरकारका भ्रष्टाचार पर्दाफास गरिरहेको स्पष्ट पारे । (विल्सन कुनै बेला नेटो-समर्थक 'एटलान्टिक काउन्सिल' का उपाध्यक्ष थिए । उनी राष्ट्रपति जर्ज डब्लु बुशका विशेष सहयोगी थिए । त्यस्तै, 'राष्ट्रिय सुरक्षा परिषद्को युरोपेली मामिला' का वरिष्ठ निर्देशक थिए ।))

अमेरिकी गुप्तचर निकाय सीआइए र बुद्धिजीवीहरूको आपसी हिमचिमको लामो इतिहास छ । खबर दुःखद छ । अमेरिकाका प्रतिष्ठित विश्वविद्यालयहरूका धेरै विद्यार्थीलाई पढाउने धेरै प्राध्यापकहरू 'नेड' सम्बद्ध छन् ।

जस्तो, स्ट्यान्फर्ड विश्वविद्यालय । त्यहाँ ('इन्टरनेसनल स्टडिज' पढाइ हुने) फ्रिमेन स्पोग्ली संस्थान (FSI) मा ल्यारी डायमन्ड र फ्रान्सिस फुकुयामाले पढाउँछन् । डायमन्ड 'नेड' को प्रकाशन 'जर्नल अफ डेमोक्रेसी' का सम्पादक हुन् । उनी अमेरिकाले इराकमा विध्वंस मच्चाएपछि बनेको अन्तरिम सरकार ( CPA) का वरिष्ठ सल्लाहकार थिए । त्यस्तै फुकुयामा नवरुढीवादी विचारक हुन् । यसअघि उनी अमेरिकाको विदेश मन्त्रालयमा कार्यरत थिए; 'नेड' का बोर्ड सदस्य थिए । उनले 'नेड' को जर्नलमा लेखक र सम्पादकको काम पनि गरिसकेका छन् । सन् २०१० मा उनलाई 'नेड' ले 'लोकतन्त्र सेवा पदक' प्रदान गरेको थियो ।

डायमन्ड र फुकुयामासँगै स्पोग्ली संस्थानमा पढाउने कम्तीमा ७ जना शिक्षक 'नेड' सम्बद्ध छन् । इराक युद्धताका अमेरिकी विदेशमन्त्री कन्डोलिजा राइस पनि कुनै बेला 'जर्नल अफ डेमोक्रेसी' को सम्पादकीय बोर्डमा थिइन् । कुनै बेला रूसका लागि अमेरिकी राजदूत रहेका माइकल म्याकफल आज 'जर्नल अफ डेमोक्रेसी' को सम्पादकीय बोर्डमा छन् । राइसजस्तै म्याकफल पनि रूसप्रति कठोर मानिन्छन् । युक्रेनलाई अमेरिकाले गर्ने सैन्य तथा आर्थिक सहयोगमा प्रश्न उठाउने जोसुकैलाई सेन्सर लगाउनुपर्ने उनको विचार छ ।

(टिपोट १ : अरू प्राध्यापकमा सुमित गाङ्गुली, एना गिर्जिमाला-बुश, गि-वुक शिन, क्याथरिन स्टोनर र अब्बास मिलानी पर्छन् । स्पोग्ली संस्थानका वर्तमान निर्देशक हुन् - कोलिन काहल । यसअघि उनी अमेरिकाको रक्षा मन्त्रालयका सहायक मन्त्री थिए । रोज गोटमोलरले पनि स्पोग्ली संस्थानमा पढाउँछन् । कुनै बेला उनी नेटोका सहायक महासचिव थिए । 'नेड' की बोर्ड सदस्य एलिजाबेथ इकोन्मी स्ट्यान्फर्डको रुढीवादी मानिने 'हुभर संस्थान' की वरिष्ठ अनुसन्धानकर्मी हुन् ।)

(टिपोट २ : कन्डोलिजा राइसलाई युद्धपिपासु नीतिकी पक्षधर मानिन्छ । इरानमाथि अमेरिकाले आक्रमण गर्ने बेला पनि यो तथ्य उजागर भएको थियो । राइसले ट्रम्प सरकारसँग 'इरानलाई ठेगान लगाउन' माग गरेकी थिइन् । 'फक्स न्युज' सँग उनले भनेकी थिइन्, "इरान हामीसँग कम्तीमा ४७ वर्षदेखि युद्धरत छ । मान्छेहरूलाई इराकमा हाम्रा मान्छे मारिनुको कारण के थियो भनी सोध्नुभयो भने ७५-८० प्रतिशत मृतकहरू इरानले बनाएर सडकमा बिछ्याएका बमबाट मारिएका थिए भन्ने थाहा हुन्छ ।")

(टिपोट ३ : म्याकफलले सन् २०१८ मा ट्वीट गर्दै लेखेका थिए - मुद्दाको दुवै पक्षका कुरा सुन्ने समय र स्थान दुवै हुन्छ । युरोपको इतिहासको यो दारुण घडी (युक्रेन युद्ध) मा त्यस्तो समय र स्थान छैन । असल र खराब पक्षको आवाजलाई बराबर नभनौँ । युक्रेन युद्धको चार वर्ष बितेपछि म्याफलले स्ट्यान्फर्ड विश्वविद्यालयमा एउटा प्यानल छलफल चलाए । छलफलमा युक्रेनका सरकारी अधिकारीहरू आएका थिए । युक्रेनका रक्षामन्त्रीले समेत त्यसमा भाग लिएका थिए । तर, रूसी वा युद्धको विषयमा फरक धारणा राख्ने कसैलाई पनि त्यहाँ डाकिएको थिएन । विद्यार्थीहरूलाई फरक धारणा सुनाउनुहुँदैन भन्ने मत छ म्याकफलको ।)

सन् २०२५ मा स्ट्यान्फर्डकै वाल्टर शोरेन्स्टीन एसिया-प्रशान्त अनुसन्धान केन्द्रले 'नेड' समर्थिन मिडिया 'नेत्र न्यूज' लाई सम्मान गर्‍यो । यो मिडियाले बङ्गलादेशको सत्तापलटमा सहयोग गरेको थियो । त्यस विद्रोहबाट चीनसँग बलियो सम्बन्ध बनाएकी र बङ्गलादेशको एक रणनीतिक टापुमा अमेरिकी सैन्य अखडा स्थापना गर्न नदिएकी शेख हसिनालाई पदच्युत गरिएको थियो ।

विडम्बना ! 'नेड' सँग स्ट्यान्फर्डको साँठगाँठ अपवाद होइन । आज अमेरिकाको उच्च शिक्षा 'नेड' सँग एकदम नजिक छ । 'नेड' को वर्तमान निर्देशक बोर्डका तीन सदस्य अमेरिकाका सम्भ्रान्त विश्वविद्यालयका डीन छन् । ती तीनजना हुन् -

१. अमानी जमाल प्रिन्सटन विश्वविद्यालयको सार्वजनिक तथा अन्तर्राष्ट्रिय मामिला स्कुलका डीन हुन् ।
२. एलिसा एरेस जर्ज वासिङटन विश्वविद्यालयको अन्तर्राष्ट्रिय मामिला इलिअट स्कूलकी डीन हुन् । (कुनै बेला त्यो पदमा ह्यारी हार्डिङ थिए । सन् १९९० को दशकमा उनी 'जर्नल अफ डेमोक्रेसी' को सम्पादक बोर्डमा थिए ।)
३. स्कट टायलर अहिले बोस्टन विश्वविद्यालयको विश्व अध्ययनको फ्रेडरिक पार्डी स्कूलमा डीन छन् । त्यहाँ सीआईएका एजेन्टहरूलाई प्राध्यापक बनाउने परम्परा नै छ ।

(टिपोट : 'नेड' को निर्देशक बोर्डका धेरै सदस्यले अमेरिकाका प्रतिष्ठित विश्वविद्यालयहरूमा डीनको रूपमा काम गरिसकेका छन् । अर्को उदाहरण हुन् - पाउल वुल्फोवित्ज । उनी युद्धपिपासु संस्था 'नयाँ अमेरिकी शताब्दी परियोजना' का सदस्य थिए । त्यो संस्थाले शीतयुद्धपछि कसरी अघि बढ्ने भनेर साम्राज्यवादी विदेश नीतिको गुरुयोजना बनाएको थियो । वुल्फोवित्ज पछि उच्च अन्तर्राष्ट्रिय अध्ययनको जोन हप्किन्स स्कूल (SAIS) का डीन बने । ह्यारी हार्डिङ चीनविद् मानिन्छन् । उनी राष्ट्रपति जर्ज डब्लु बुशका सल्लाहकार थिए । उनले सीआइएसँग जोडिएको 'एसिया फाउन्डेसन' को बोर्ड अफ ट्रस्टीमा काम गरेका थिए । आर्थर हल्निक र जोन वुडवार्ड पनि अन्तर्राष्ट्रिय इतिहास संस्थानको पार्डी स्कूलका निर्देशक थिए । बोस्टन विश्वविद्यालयको पार्डी स्कूलमा पढाउने अर्को सीआइए एजेन्ट थिए - जोसेफ विपल । आतङ्कवादी मनोविज्ञानकी विज्ञ जेसिका स्टर्नले पनि पार्डी स्कूलमा पढाउँछिन् । उनले सीआइए विश्वविद्यालयमा पढाइसकेकी छिन् । एक समय उनी क्लिन्टन सरकारको राष्ट्रिय सुरक्षा परिषद्मा कार्यरत थिइन् ।)

'नेड' का अरू दुई बोर्ड सदस्य पनि प्राध्यापक हुन् । भिक्टर चा जर्जटाउन विश्वविद्यालयमा छन् भने । मिन्जिन पाइ क्लेयरमोन्ट म्याकेन्ना कलेजमा प्रित्जकर प्रोफेसर छन् ।

त्यस्तै, एजिलावेथ इकोन्मी स्ट्यान्फर्ड विश्वविद्यालयको हुभर संस्थानको 'अमेरिका, चीन र विश्व कार्यक्रम' की वरिष्ठ अनुसन्धाता र उपाध्यक्ष हुन् । सन् २०२६ को मे महिनासम्म उनी स्वार्थमोर कलेजको निर्देशक बोर्डमा थिइन् ।

(टिपोट १ : इकोन्मी, टायलर र एरेसले वालस्ट्रीटको थिङ्क ट्याङ्क संस्था 'परराष्ट्र सम्बन्ध परिषद्' (CFR) का अनुसन्धाता हुन् ।)

(टिपोट २ : हर्बट हुभर सन् १९२९-३३ मा अमेरिकी राष्ट्रपतिमातहत कार्यरत थिए । त्यो बेला उनलाई आर्थिक मन्दी निवारणमा राम्ररी काम नगरेको र शासनसम्बन्धी रुढीवादी दर्शन अँगालेको आरोप लगाइएको थियो । त्यसअघि उनी करोडपति इन्जिनियर थिए; उनी अमेरिकाको राहत संयन्त्र (१९१९-२३) को प्रमुख थिए । रूसमा गृहयुद्ध चल्दा उनले खाद्यान्न आपूर्तिलाई बोल्शेभिक क्रान्तिविरोधी हतियार बनाएका थिए । उनले बोल्शेभिक नियन्त्रित इलाकामा खाद्यान्न सहयोग पठाएनन् । उनले श्वेत प्रतिक्रान्तिकारीहरूलाई भित्रभित्रै सहयोग गर्न उनले मानवीय राहत सामग्रीलाई ढाल बनाए । जब कि त्यसबेला श्वेत सेनाले हजारौँ यहुदीहरूको नरसंहार मच्चाएका थिए । साधारण रूसीहरू तिनलाई रुचाउँदैनथे । हुभर संस्थानले साम्राज्यवादी विचार राख्ने निअल फर्गुसन लगायत कम्युनिस्टविरोधी, पुटिनविरोधी र नेटोसमर्थक प्रोफेसरहरूका रचनालाई बढावा दिँदै आएको छ ।)

'नेड' की बोर्ड सदस्य हुन् भिक्टोरिया नुल्यान्ड । सन् २०१४ मा युक्रेनमा अमेरिकासमर्थित मैदान विद्रोह गराउने मुखिया उनै थिइन् । त्यो विद्रोहले युक्रेनका दक्षिणपन्थी अतिवादीहरूलाई बलियो बनाएको थियो । रूस र युक्रेनबिच चलिरहेको घातक युद्ध त्यसैको सिलसिला थियो । सन् २०२४ मार्चमा नुल्यान्डलाई कोलम्बिया विश्वविद्यालयको ह्यारिमन संस्थानमा अन्तर्राष्ट्रिय तथा सार्वजनिक मामिला अभ्यासको प्रोफेसर नियुक्त गरियो । उनी संस्थानको 'रूस, पूर्वी युरेसिया तथा पूर्वी युरोपेली अध्ययन' विभागमा कार्यरत छिन् । 'कोभर्ट जियोपोलिटिक्स' नामक पत्रिकाले नुल्यान्डलाई 'निरन्तर युद्धकी महिला म्याकबेथ' भनेको थियो । पत्रिका लेख्छ, "उनले अफगानिस्तान, इराक, लिबिया, सिरिया र युक्रेनमा हस्तक्षेप, सत्तापलट, छद्मयुद्ध, आक्रमण तथा कब्जाको विदेश नीति प्रवर्द्धन गरेकी छिन् ।"

(टिपोट : सन् २०१७-२१ बिच नुल्यान्ड 'नेड' को बोर्डमा थिइन् । सन् २०२४ मा उनी पुनः बोर्ड सदस्य चुनिइन् । ह्यारिमन संस्थानलाई अघि सीआइएले पैसा दिन्थ्यो । एभरिल ह्यारीमेनको नाममा यसको स्थापना भएको थियो । ह्यारिमन अमेरिकी सिनेटमा जो बाइडेनका गुरु थिए । उनी वालस्ट्रीटका बैङ्कपति थिए र अमेरिकाको विदेश मन्त्रालयका अधिकारी थिए । धेरै इतिहासकारले उनलाई शीतयुद्ध सुरु गर्ने व्यक्तिहरूमध्ये एक मान्छन् । यसबाहेक पत्रकार जोसेफ ट्रेन्टोसँग कुरा गर्दै अमेरिकी लेफ्टिनेन्ट कर्नेल विलियम कोर्सनले ह्यारिमनलाई दक्षिण भियतनामको सत्ताविद्रोहका योजनाकार भनेका थिए । यो सत्ताविद्रोह सन् १९६३ को नोभेम्बर महिनामा भएको थियो । विद्रोहका लागि डिम बन्धुहरूको हत्या गरिएको थियो । यही निहुँमा भियतनामविरुद्ध अमेरिकाले विनाशकारी युद्ध चलाएको थियो ।)

विगत र वर्तमानका 'नेड' का बोर्ड सदस्यहरूको इतिहास खोतल्दा 'नेड' को विश्व दृष्टिकोण र एजेन्डा पत्ता लाग्छ । यो दुराग्रही छ । यसले अमेरिकाका भूराजनीतिक प्रतिद्वन्द्वीहरूलाई राक्षसको रूपमा चित्रण गर्दै आएको छ । पुँजीवादी र साम्राज्यवादी नीतिलाई मलजल गर्दै आएको छ ।

उदाहरण हुन् - मिन्जिन पाइ । उनी चीनमा 'क्रोनी' पुँजीवाद, राजनीतिक एकतन्त्र र सर्वसत्तावादी छ भन्छन् । त्यस्तै स्कट टायलरले अफ्रिकामा ठुलो व्यापारिक तथा निजी लगानीको महत्त्वमा जोड दिँदै आएका छन् ।

(टिपोट १ : पाइ प्रित्जकर प्रोफेसर हुन् । प्रित्जकर परिवार सीआइएसँग जोडिएको घराना हो । बाराक ओबामा सत्तामा पुगेपछि भएका अनेक कर्पोरेट अपराधमा यो परिवार संलग्न थियो ।)

(टिपोट २ : सन् १९६०-७० को दशकमा अफ्रिकी देशहरू नव/उपनिवेशवादको चङ्गुलबाट निस्केर वामपन्थी मोडलमा जानुपर्छ भन्ने विचार बलियो थियो । अफ्रिकी देशहरूले उद्योगलाई राष्ट्रियकरण गर्नुपर्छ, सार्वजनिक सेवामा पैसा लगाउन धनीहरूबाट उच्च कर उठाउनुपर्छ, मजदुरहरूलाई धेरै अधिकार दिनुपर्छ र स्थानीय उद्योगधन्दा बढाउन भन्सारमा धेरै कर असुल्नुपर्छ भन्ने थियो । अफ्रिकालाई लुट्न आउने अमेरिकी कम्पनीहरूको इच्छाविपरीत अफ्रिकी देशहरू एक हुनुपर्छ भन्ने थियो । टायलरजस्ता बुद्धिजीवीको विचार ठीकविपरीत छ । तर, सीआइएले अली मजरुइजस्ता विद्वानलाई अघि बढायो । मजरुइ अफ्रिकी विद्वान थिए । उनले मिशिगन विश्वविद्यालय र बिङ्घम्टन विश्वविद्यालयमा अध्यापन गर्थे । उनले इदी अमिनको सत्ताविद्रोह (सन् १९७१) लाई समर्थन गरेका थिए । युगान्डाका समाजवादी नेता मिल्टन बोबोटेलाई सत्ताच्युत गरेको त्यो सत्ताविद्रोहमा सीआइए (अमेरिका), मोस्साद (इजरायल) र एमआई-६ (बेलायत) को हात थियो । मजरुइले उपनिवेशवादविरोधी विचारधाराको आलोचना गरे । उनी महमुद ममदानीका गुरु थिए । ममदानीले कोलम्बिया विश्वविद्यालयमा राजनीति पढाउँछन् । उनी न्युयोर्कका मेयर जोहरनका बुबा पनि हुन् । ममदानीले बेलाबखत अमेरिकी विदेशनीतिको आलोचना गरे पनि उनमा उपनिवेशवादविरोधी विचारधाराजस्तो प्रस्ट राजनीतिक र आर्थिक अडान पाइँदैन ।)

भिक्टर चा अर्का विद्वान हुन् । उनी जर्ज डब्लु बुशको राष्ट्रिय सुरक्षा परिषद्मा एसिया मामिलाका निर्देशक थिए । उनी उत्तर कोरियाका कट्टरविरोधी हुन् । दक्षिण कोरियाका पूर्व विदेशमन्त्रीले उत्तर कोरियालाई दानवीकरण गरेर कोरिया द्वन्द्वलाई 'अति सामान्यीकरण' गरेको आरोप लगाएका थिए ।

एलिसा एरिस सीआइएसँग जोडिएको 'एसिया फाउन्डेसन' मा कार्यरत थिए । उनले 'म्यालार्टी एन्ड एसोसियट्स' मा पनि काम गरेका छन् । एक समय उनी दक्षिण तथा मध्य एसिया मामिलाका सहायक विदेशमन्त्री थिए । त्यस्तै, अमानी जमाल सीआइएसम्बद्ध हार्वर्ड प्रोफेसर सामुयल हन्टिङटनका चेला हुन् । हन्टिङटन कट्टर रुढीवादी र साम्राज्यवादी थिए । भियतनाम युद्धको बेला विरोधमा उत्रेका विद्यार्थीहरूले उनलाई तारो बनाएका थिए । सन् १९९० को दशकमा हन्टिङटनले 'नेड' का सहयोगमा बरोबर प्रवचन दिइरहे । उनले 'द जर्नल अफ डिमोक्रेसी' मा पनि लेखिरहे ।

(टिपोट : फ्रान्सिस फुकुयामा पनि हन्टिङटनका चेला थिए । सन् १९६८ मा राष्ट्रपतिको चुनाव हुँदा हन्टिङटन हर्बट हम्फ्रीका सल्लाहकार थिए । उनी भियतनाम युद्धविरोधी सन् १९६० को दशकमा अमेरिकामा चलेको जनआन्दोलनका विरोधी थिए । त्यो आन्दोलनलाई उनी 'लोकतन्त्रको अति' भन्थे; 'अल्पसङ्ख्यक (विद्यार्थी) समूहले अचाक्ली अधिकार मागेको' भन्थे ।

बाँकी पृष्ठ ८ मा



# सिंहदरबारमा बलात्कारपछि हत्याको 'मुद्दा मिलाउन' गृहमन्त्री आफैं !



रामप्रसाद प्रजापति

## बलात्कार पछि हत्या

के तपाईँलाई थाहा छ, बलात्कार वा अन्य जुनसुकै फौजदारी मुद्दा कानुनबमोजिम अनुसन्धान गरी छिनोफानो गर्नुको सट्टा तपाईँले घरमै वा प्रहरीचौकीमा वा स्थानीय तह, वडा कार्यालयमा मिलाउन सक्नु हुन्न । मिलाएको सरकारले थाहा पायो वा कसैले उजुरी गरेको खण्डमा तपाईँ मिलापत्र वा सम्झौता गराई दिनेलाई उल्टै कारबाही र सजाय हुन्छ ।

हो, अपराध गर्ने र गराउनेलाई झैँ अपराध लुकाउने वा अपराधी भगाउनेहरूलाई पनि सजाय हुन्छ ।

आज हामी अपराधी भगाउने विषयमा त होइन तर एउटा आपराधिक घटना, बलात्कार पछि हत्याको मुद्दा मिलाउने नाउँमा सिंहदरबारमा गृहमन्त्रीसहित पाँच जना मन्त्री बसेर पीडित परिवारसँग गरिएको प्रतिबद्धता पत्र नामक सम्झौताका विषयमा छलफल गर्दै छौँ ।

सामाजिक सञ्जाललगायत विभिन्न पत्रपत्रिकामा सुरुमा गरिमा चौधरीका परिवारलाई बीस लाख रुपैयाँ दिने भनिएता पनि सरकारले नै प्रतिबद्धतापत्र सार्वजनिक गरेपछि थाहा भयो कि गरिमा चौधरीको शतगत ( दाहा संस्कार) गराउन परिवारलाई सहमत गराउन सरकारले गरिमा चौधरीको सालिक बनाउने प्रतिबद्धता गरेको रहेछ ।

त्यसको लागि सरकारले पूर्वाधार विकास मन्त्रालयमार्फत स्थानीय तहसँग समन्वय गर्ने भनिएको छ । त्यो बजेट कति हुने होला । के बलात्कार, बलात्कार पछि हत्या तथा अन्य आपराधिक घटनाहरूमा अबका दिनहरूमा सरकारले यस्तै प्रक्रियाबाट मुद्दा वा धर्ना वा पीडितका मागहरू पूरा गर्दै जाने हुन् ? सरकारको हैसियत यही हो ?

## पीडित परिवारसँग सिंहदरबारमा सम्झौता

गृहमन्त्री सुधन गुरुङका बारेमा अहिले एउटा आकृति निर्माण गरिएको छ कि देशमा प्रधानमन्त्री बालेन्द्र शाह पनि गृहमन्त्रीको अगाडि निरिह हुने गरेको छ । सुनिन्छ, मन्त्री परिषदको बैठकमा अन्य मन्त्रीहरू त उस्तै हो, प्रधानमन्त्रीसमेत उनको अगाडि निरिह हुने गरेको र गृहमन्त्री सुधन गुरुङ हावी हुने गरेको बताइन्छ ।

यसको पछिल्लो नमुनाको रूपमा गरिमा चौधरीको बलात्कारपछि हत्याको मुद्दा मिलाउन गृहमन्त्री आफै अघि सरेको विषयमा देखिएको छ ।

बलात्कारपछि हत्याको घटनाको इतिहासमा गरिमा चौधरी पहिलो होइन । यसअघिका धेरै वटा बलात्कारपछि हत्याको घटना भएको दृष्टान्त छ । जस्तो निर्मला पन्तको मुद्दा, जुन मुद्दाको फाइल खोल्ने र अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउने निर्णय गृहमन्त्री सुधन गुरुङले आफ्नो दोस्रो मन्त्री पदको पदभार ग्रहणकै दिन गरेका थिए ।

देशमा बलात्कार र हत्याको घटना दिन दुगुणा, रात चौगुणा बढेको छ । के बलात्कार वा बलात्कारपछि हत्याको प्रत्येक घटनालाई गृहमन्त्रीले गृहमन्त्रालयमा राखेर वार्ता गर्दै अभिभावक वा पीडितको चित्त बुझाउने र लिखित प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्दै जाने हो ?

के अब बन्ने नयाँ बलात्कारसम्बन्धी कानुनमा यस्तै प्रक्रिया अवलम्बन गर्ने कानुनी व्यवस्था हुन लागेको हो ?

अन्यथा एउटा बलात्कार मुद्दाका पीडितलाई सिँहदरबार बोलाएर सम्झौता वा लिखित प्रतिबद्धतापत्र हस्ताक्षर गर्ने अन्य घटनाका पीडितसँग नगर्ने हो भने यो सरासर गलत प्रक्रिया हो । यो गृहमन्त्री र वर्तमान सरकारको स्टन्टबाजी मात्रै हो ।

बलात्कार पछि हत्यामा संलग्न अपराधीहरूलाई फाँसीको कानुन बनाउने होला । अपराधीको सर्वस्व जफत गरी बलात्कार पीडितलाई क्षतिपूर्ति दिने होला । सरकारले पीडितको संरक्षण, पुनर्स्थापन र जीविकोपार्जनको सुनिश्चितता गर्ने होला ।

'सालिक' बनाउने सरकारको निर्णय निकै कच्चा, हचुवा र बकवासपूर्ण छ । यसरी बलात्कार र हत्याका पीडित र पीडितका परिवारसँग सम्झौता वा प्रतिबद्धता गर्दै जाने र सालिक बनाउँदै जाने हो भने नेपालमा देशको लागि बलिदान दिने 'सहिद' हरूको सालिकभन्दा बलात्कार मुद्दाका पीडितहरूको सालिक बढ्ता हुने निश्चित छ ।

नभए के गरिमा चौधरी नाबालक भएको कारणले सालिक बनाउन लागेको हो ? अथवा गरिमा चौधरीका आमाबाबु सोझासिधा किसान भएकोले सालिक बनाउन लागिएको हो ?

व्यापक काम गरिखाने जनताका छोराछोरीलाई शिक्षा, स्वास्थ्य उपचारको व्यवस्था निःशुल्क गर्ने, रोजगारीको ग्यारेन्टी गर्ने र व्यक्तित्व विकासमा समान अवसर दिने सुनिश्चितता गर्ने साथसाथै अपराधीलाई कडाभन्दा कडा सजाय दिने र नागरिक सुविधा कटौती गर्दै जाने हो भने देशमा अपराध घटदै जाने निश्चित छ ।

शिक्षा र स्वास्थ्य उपचार महँगो हुन थालेपछि अपराध सोही अनुपातमा बढ्दै जाने अनुसन्धानले बताएको छ ।

## प्रतिबद्धतापत्रमा के छ ?

२०८३ भदौ ६ गते साँझ बालेन सरकारका बलशाली मन्त्री सुधन गुरुङले आफ्नो कार्यकक्ष सिंहदरबारस्थित गृहमन्त्रालयमा एउटा बैठक बोलाउँछ । बैठकमा केही दिनअघि बलात्कारपछि हत्या गरिएका ३ (तीन) बर्षीया बालिका गरिमा चौधरीका आमा मानमती चौधरी र बुबा मनोजकुमार चौधरीलाई बोलाएको हुन्छ ।

करिब ६ बजेदेखि ९ बजेसम्म ( तीन घण्टा) लामो छलफल पछि सरकारका ५ (पाँच) जना मन्त्रीको टोलीले नेपाल सरकारको तर्फबाट हस्ताक्षर गरेको हुन्छ र अर्को पक्षको तर्फबाट पीडित परिवारका आमा बाबुले हस्ताक्षर गरिएको देख्न सकिन्छ ।

करिब ३ (तीन) घण्टाको छलफलपछि सरकार र पीडित पक्षबिच ३ (तीन) बुँदे प्रतिबद्धतापत्र गरेको सार्वजनिक हुन्छ ।

प्रतिबद्धतापत्रमा भनिएको छ : बारा जिल्ला जितपुर सिमरा उपमहानगरपालिका वडा नं. १ को दसधुरी बस्ने अबोध बालिका गरिमा चौधरीको क्रुर हत्या, विगतका महिला हिंसा, बालिका हिंसाजस्ता जघन्य आपराधिक घटनाहरूलाई नेपाल सरकारले अत्यन्त गम्भीर रूपमा लिएको छ । गम्भीर प्रकृतिका, समाजलाई नै



विचलित र लज्जित पार्ने जघन्य अपराधमा संलग्न अपराधीहरूलाई कठोरभन्दा कठोर सजाय हुनुपर्दछ भन्ने आम नागरिकको अपेक्षालाई सम्बोधनका लागि विद्यमान कानुनमा परिवर्तन वा संशोधन गर्न आवश्यक रहेको नेपाल सरकारले महसुस गरेको छ ।

२०८३ भदौ ६ गते साँझ ६:०० बजे गृह मन्त्रालयमा नेपाल सरकारका गृहमन्त्रीलगायतका यस विषयसँग सम्बद्ध अन्य मन्त्रालयका मन्त्रीहरूसमेतको उपस्थितिमा पीडित बालिका गरिमा चौधरीका अभिभावक र नेपाल सरकारबिच देहायका कार्यहरू तत्काल अघि बढाउने गरी प्रतिबद्धता व्यक्त गरिएको छ ।

१) जघन्य आपराधिक घटनाका सम्बन्धमा नागरिक अपेक्षाबमोजिम विद्यमान कानुनमा भएको कसुर र सजायको व्यवस्था पुनरावलोकन गरी कानुन तर्जुमाका लागि सुझावसहितको प्रतिवेदन सात दिनभित्र पेस गर्न कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सात सदस्यीय गरिमा न्याय सङ्कल्प समिति गठन गर्ने ।

२) बालिका गरिमा चौधरीको अभिभावकको अपेक्षाबमोजिम सालिक निर्माण गर्न पूर्वाधार विकास मन्त्रालयले स्थानीय तहसँग समेत समन्वय गरी पहल गर्ने ।

३) बालिका गरिमा चौधरीको अभिभावकले आफ्नो रीति एवं संस्कारबमोजिम अन्त्येष्टि कार्य गर्ने ।

प्रतिबद्धतापत्रमा नेपाल सरकारको तर्फबाट गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतम, महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादी र कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसमेत पाँच जना मन्त्रीले हस्ताक्षर गरेका थिए ।

पीडित परिवारको तर्फबाट गरिमा चौधरीका बुबा मनोजकुमार चौधरी र आमा मानमती चौधरीले हस्ताक्षर गरेको देखिन्छ ।

## बलात्कारीलाई कडाभन्दा कडा सजाय गर !

यसरी एउटा आपराधिक घटनामा संलग्नलाई अनुसन्धानको दायरामा ल्याएर कडाभन्दा कडा सजाय दिलाउन उचित कारबाही गर्नुपर्ने मन्त्रालयका मन्त्रीहरू राति सिंहदरबारमा बसेर एउटा सामान्य र अर्धसचेत मानिससँग राज्यका पाँच मन्त्रीले गरेको प्रतिबद्धतापत्रलाई सामान्य पत्र वा सम्झौता मान्न सकिने देखिँदैन ।

सो प्रतिबद्धतापत्रमा दुवै पक्ष बराबर हैसियतमा रहेको भन्ने पटक्कै देखिँदैन । सरकारको तर्फबाट एक होइन, दुई होइन, पाँच पाँच जना बहालवाला मन्त्रीहरू बसेका छन् भने अर्कोतिर पीडित परिवारको तर्फबाट पीडितका आमा बाबु (जसलाई प्रतिबद्धतापत्रको अर्थ, असर र परिणामका बारेमा सामान्य ज्ञान पनि छ कि छैन ?) मात्र रहेको देखिन्छ ।

यस्तो असमान धरातलमा गरिएको सम्झौतालाई सामान्य नागरिक र कानुनी दृष्टिमा असमान सम्झौता वा एउटा बलियो पक्षले अर्को कमजोर पक्षलाई दबाबमा राखेर गरिएको सम्झौता वा प्रतिबद्धतापत्रको रूपमा बुझ्न सकिन्छ ।

कसैकसैले त पीडित बालिका गरिमा चौधरीका आमाबाबुलाई सरकारले नै अपहरण शैलीमा राति सिंहदरबारमा लगेर, ३ घण्टाभन्दा बढी गृहमन्त्रालयमा थुनेर सम्झौता गर्न बाध्य पारिएको भनिएको छ ।

अन्यथा पीडित ३ वर्षीया बालिका गरिमा चौधरीका बाबुआमाले आफ्नो नाबालक छोरीको बलात्कार पछि हत्याको बिभत्स घटनाबाट शोकाकुल हुन नपाउँदै सरकारी कागजमा सी छाप गरेर "आफ्नो छोरीको मृत्युको शोक मनाउन नपाउँदै", आफ्नो नाबालक छोरीको शव जलाउन नपाउँदै गृहमन्त्री छेउ उभिएर "म खुसी छु" भन्न कसरी सके ?

के गरिमा चौधरीका आमा बाबु साँच्चिकै खुसी भए ? के गरिमा चौधरीका बाबुले गृहमन्त्रीको सामुन्नेमा आफू निकै खुशी भएको बताउँदै गर्दा गृहमन्त्री सुधन गुरुङको मन सन्तोष भयो होला ? के मन्त्रीहरू सुनिल लम्साल, सोविता गौतम, सीता वादी, गीता चौधरीको मनमा आनन्द छायो होला ? के आफ्नै छोरीहरूको बलात्कारपछि हत्या गरिएको भए ती मन्त्रीहरूले पनि यस्तै प्रतिबद्धतापत्र वा सम्झौतामा हस्ताक्षर गरेर चित्त बुझाउँथे होला ?

पक्कै सक्दैन र मिल्दैन । गरिमा चौधरीको बलात्कार र बलात्कारपछि हत्या गरेका अपराधीहरूलाई कानुनबमोजिम कडाभन्दा कडा सजाय भएको र मृत्युपर्यन्त फाँसीमा चढाएको देख्न पाए मात्र पीडितले न्याय र सन्तोष पाउने हो ।

त्यसैले यसको एउटै मात्र उपाय भनेको कानुनबमोजिम कडाभन्दा कडा सजाय दिलाउनु नै हुने प्रस्ट छ । गरिमाका सोझा सिधा आमा बाबुलाई सरकारले प्रतिबद्धतामा भनिएझैँ कानुन संशोधन गरेरै पनि अहिले भएको कानुनले भन्दा एक दिन पनि बढी कैद सजायसम्म यो सरकारले गर्न सक्ने होइन ।

सोझासिधा जनतालाई फकाउन गरेको हो कि आफ्नो सन्ट्बाजी प्रदर्शन गर्न वर्तमान नाच्न नजान्ने आँगन टेढो सरकारले आफ्नो बेइज्जती आफै गर्दै गरेको एउटा दृष्टान्त हो, गरिमा चौधरी सम्झौता !

# काठमाडौँ उपत्यकाको फोहरमैला व्यवस्थापन कसरी हुन्छ ?

काठमाडौँ उपत्यकामा बसाइँसराइ बढाइएसँगै यहाँको फोहरमैला व्यवस्थापनामा पनि समस्या बढ्यो । भक्तपुर नगरपालिकाले आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन आफै गर्ने प्रयास गरिरहेको छ । यसको लागि घर घरबाटै कुहिने र नकुहिने फोहरमैला अलग अलग सङ्कलन गर्नु महत्त्वपूर्ण हुन्छ । अर्थात्, फोहरमैला व्यवस्थापनमा नागरिकहरूलाई पनि जिम्मेवार बनाउनु जरुरी हुन्छ ।

काठमाडौँ उपत्यकाका अधिकांश स्थानीय तहले नुवाकोट जिल्लाको ककनी गाउँपालिका २, धादिङ जिल्लाको धुनिबेँसी नगरपालिका १ को सीमा क्षेत्र बञ्चरे डाँडामा फोहरमैला व्यवस्थापन गर्दै छन् । फोहरमैलाको वैज्ञानिक बन्दोबस्त नहुँदा स्थानीय जनता फोहरको दुर्गन्ध लिच्चड, धुलो आदिको प्रदूषण र अन्य स्वास्थ्य जोखिमको शिकार भएका छन् । सङ्घीय र स्थानीय सरकारहरूले स्थानीय जनतासँग ठुला साना गरी ४० भन्दा बढी सम्झौताहरू गरे । ती सम्झौताअनुसार काम नहुँदा काठमाडौँ उपत्यकाको फोहरमैला व्यवस्थापन जटिल बनिरहेको छ ।

संविधानमा स्वच्छ वातावरण र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको बन्दोबस्त छ । अहिलेसम्मका सरकारले यो संवैधानिक व्यवस्थाअनुसार जनतालाई बाँच्न दिने प्रत्याभूति गरेनन् । नेपाली जनताले संविधानमा उपलब्ध मौलिक हक बहालीको माग गर्नु स्वाभाविक हो । चुनावमा संविधानको पालना गर्ने वाचा गरी सरकारमा पुगेका दलहरूले जनताको बाँच्ने अधिकारमा बाधा पुऱ्याउनु गलत हो । संविधानमा उल्लेख भएका हक जनतालाई उपभोग गराउन नसक्ने सरकारले कुर्सी छाड्नुको विकल्प छैन ।

काठमाडौँ उपत्यका दुई महानगरपालिका काठमाडौँ र ललितपुरको १७ प्रतिशत फोहरमात्र सङ्कलन भइरहेको सार्वजनिक भयो । बञ्चरे डाँडामा ३० प्रतिशत फोहर थान्को लगाउने र ७० प्रतिशत फोहर प्राङ्गारिक मल पुनः प्रयोग गरी सामान छुट्याउन बिक्री गर्ने सरकारी योजना आदिले हावा खाएको अवस्था छ । यतिखेर काठमाडौँ उपत्यकाका अधिकांश स्थानीय तहले फोहरमैला उठाउने जिम्मा निजी क्षेत्रलाई दिएको र निजी क्षेत्रले फोहरमैला सहरबाट उठाएर बञ्चरे डाँडामा फाल्ने काम भइरहेको छ । बीस वर्षको लागि फोहर फाल्न पुग्ने भनिएको बञ्चरे डाँडा क्षेत्र यतिखेर ५ वर्षमै भरिभराउ भएको सार्वजनिक भयो ।

दुर्गन्धबाट पीडित जनताले मानव बस्तीरहित फोहरमैला फाल्ने क्षेत्र घोषणा हुनुपर्ने, फोहरमैलासम्बन्धी उद्योग खोल्नुपर्ने माग राखेको वर्षौं भयो । कतिपय देशमा फोहरमैलाबाट खाना पकाउने वा बत्ती बाल्ने उपाय तथा प्राङ्गारिक मल उत्पादन भइरहेको नेपालमा सरकारहरूले यसप्रकार दक्ष जनशक्ति उत्पादन गर्नेतर्फ ध्यानै दिएनन् । कृषि, वातावरणलगायत क्षेत्रका वैज्ञानिकहरूलाई समेत नेपालमा रोजगारीको व्यवस्था नगरी सरकारहरूले वैदेशिक रोजगारीमा पठाइरहेका छन् ।

फोहरमैला, सडक जाम, प्रदूषण, अपराध न्यून पार्न सरकारले काठमाडौँ उपत्यकामा भइरहेको बसाइँसराइ तत्काल रोक्नु आवश्यक छ । साथसाथै काठमाडौँ उपत्यका बाहिरका स्थानीय तहका सदरमुकामहरूलाई व्यवस्थित सहरको रूपमा विकास गर्नु जरुरी छ । प्रधानमन्त्री, सांसद र उच्चपदस्थ अधिकारीहरूसमेत आ-आफ्नो थातथलो छोडेर काठमाडौँ उपत्यकामा बसाइँ सरेको हुँदा यहाँ फोहरमैला व्यवस्थापन विकराल बनेको हो । पूर्वमा जन्मेर हुर्केर देशको प्रधानमन्त्री बनेका एक जनाले संसद्मा परिचय दिँदा स्थानीय बासिन्दा काठमाडौँ उपत्यकाको भनेका थिए । यसकारण, काठमाडौँ उपत्यकाको फोहरमैलाको समस्याको पहिलो जिम्मेवार ती प्रधानमन्त्री र मन्त्रीहरूलाई बनाउनु आवश्यक छ ।

काठमाडौँ उपत्यकाको जमिन गऱ्हौँ भारी थेग्न नसक्ने किसिमको भएको भूगर्भशास्त्रीको मत रहेको छ । यहाँ बनिरहेको भारी संरचना सडक, पुल, भवन एकदिन चुर्लुम्म डुब्ने उनीहरूको मत हो । यसतर्फ पनि काठमाडौँ उपत्यकामा बसाइँसराइ रोक्नु जरुरी छ ।

## विश्वविद्यालयका...

लोकतन्त्रका कुरा गर्ने हन्टिङटनले 'जर्नल अफ डिमोक्रेसी' मा लेख लेखिरहन्थे ।)

एलिजावेथ इकोन्मी पनि 'नेड' प्रोफेसरहरूको लहरमा पर्छिन् । आफ्ना लेख-रचनामा उनले चीनविरोधी विचार राख्दै आएकी छिन् । उनी एसिया प्रशान्त क्षेत्रमा अमेरिकाले गरेको सैन्य निर्माण तथा प्रशान्तपार साझेदारी (TPP) की दृढ समर्थक हुन् । यो एउटा खुला व्यापार सम्झौता थियो । चीनलाई आर्थिक रूपमा एक्ल्याउन राष्ट्रपति ओबामाले सुरु गरेको 'पिभोट टु एसिया' नीतिको एउटा खाँबोको रूपमा यो नीति अघि सारिएको थियो ।

एन्ड्र्यु नाथन 'नेड' का पूर्वबोर्ड सदस्य हुन् । उनी 'नेड' को सम्पादक बोर्डमा पनि छन् । उनी कोलम्बिया विश्वविद्यालयमा राजनीति विज्ञानका प्रोफेसर हुन् ।

कुनै बेला उनी 'नेड' ले वित्तपोषित गर्ने संस्था 'ह्युमन राइट्स इन चाइना' का सदस्य तथा पूर्वअध्यक्ष थिए । यस संस्थाले मानव अधिकारलाई चीनविरुद्ध राजनीतिक हतियार बनाउँदै आएको छ । (जसले गर्दा चीनले यो संस्थामाथि बन्देज लगाएको छ ।) त्यस्तै, ल्यारी डायमन्ड 'हङकङ डिमोक्रेसी काउन्सिल' का बोर्ड सदस्य हुन् । उनी 'हङकङमा अमेरिकी आडमा चीनविरोधी रङ्गीन क्रान्ति हुनुपर्छ' भन्छन् ।

'जर्नल अफ डिमोक्रेसी' मा प्रकाशित लेखमा नाथनले चीनको आलोचना गरेका थिए । चीनले विश्वभरि नै लोकतन्त्रमाथि प्रहार गरेको र संसारको आँखा छल्ने गरी झूटो प्रचारबाजी गरेको उनले लेखेका थिए ।

(बाँकी अर्को अङ्कमा ।

*लेखक कुजमारोभ अमेरिकी इतिहासका विद्यावारिधि हुन् । उनले अमेरिकाका विभिन्न कलेजहरूमा अध्यापन गरिसकेका छन् । उनी अमेरिकी इतिहास तथा राजनीतिका विज्ञ मानिन्छन् । उनले विभिन्न रेडियो कार्यक्रम पनि चलाउँदै आएका छन् । उनी कोभर्ट एक्सन म्यागेजिनका प्रबन्ध सम्पादक हुन् । उनका आठ पुस्तक प्रकाशित भइसकेका छन् । 'ओबामाको अन्त्यहीन युद्ध' (सन् २०१९), 'रूसीहरू फेरि आउँदै छन्' (सन् २०१८), 'युद्धपिपासु' (सन् २०२३), 'सिरिया : सत्ता परिवर्तनको चिरफार' (सन् २०२५), 'अमेरिकामा राजनीतिक हत्याहरू' (सन् २०२६) आदि उनका चर्चित पुस्तक पर्छन् । यसबाहेक पनि कुजमारोभका सयौँ लेख-रचना प्रकाशित छन् । उनका लेख-रचना 'सबस्टाक' मा पढ्न पाइन्छ ।*

*स्रोत : कोभर्ट एक्सन म्यागेजिन । सम्यक)*

# विभिन्न जिल्ला र स्थानमा पञ्चायती राज्यस्तरबाट रचिएको 'भक्तपुर काण्ड' को भर्त्सना

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा भदौ ९ गते एक कार्यक्रमबिच पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पार्टीको वर्गीय आधार काम गरी खाने कामदारवर्ग भएको र दर्शनको आधार भनेको आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लागि समाज र समुदायबाट नेतृत्व गर्नु हो भन्नुभयो ।

उहाँले भक्तपुर काण्डमा पञ्चायती राज्यस्तरबाट नेमकिपालाई समूल नष्ट गर्ने मनसायले रचिएको र पूरै शक्ति लगाएर जनतालाई अमानवीय यातना दिएको बताउनुभयो । उहाँले देश जटिल अवस्थामा पुग्नुको कारण एमाले, काङ्ग्रेस, माओवादी र राप्रपा जिम्मेवार रहेको बताउनुभयो । भदौ २३ र २४ गतेको घटनाको बेलामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा देश जोगाउनुभन्दा पनि आफ्नो ज्यान जोगाउन भाग्नुपरेको बताउनुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला समितिका अध्यक्ष नारायण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा केन्द्रीय सदस्य राजवीर डंगोल, नेमकिपा काठमाडौँ जिल्ला समितिका सचिव शैलेश डंगोल, कोषाध्यक्ष श्यामकुमार महर्जन सदस्यहरू विन्द्रा महर्जन, वन्दना श्रेष्ठ र इन्द्रकुमारी बज्राचार्यले पनि आ -आफ्नो विचार राख्नुभएको थियो ।




## 'भक्तपुर काण्ड' बारे नयाँ पुस्तालाई जानकारी दिनु जरुरी

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगरपालिका वडा नं. १ वडा समितिको आयोजनामा भदौ ९ गते भक्तपुर काण्डबारे प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले इतिहासका घटनालाई पुन:स्मरण गराउन तथा नयाँ पुस्तालाई जानकारी दिन यस्ता कार्यक्रमको आयोजना गरिँदै आएको बताउनुभयो ।

उहाँले भक्तपुर काण्डजस्ता घटनाको सूक्ष्म विश्लेषण गर्नुपर्नेमा जोड दिँदै घटनाबारे सही ढङ्गले नबुझिए भविष्यमा ठूलो सङ्कटमा पर्न सकिने बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीले प्रौढ कक्षा सञ्चालन गरी महिलालाई राजनीतिक रूपमा सङ्गठित पारेकै कारण भक्तपुर काण्डको समयमा महिलाहरूले सशक्त भूमिका खेल्न सकेको बताउनुभयो ।

जनताको सेवा नै मुख्य उद्देश्य भएकाले नेमकिपाबाट निर्वाचित जनप्रतिनिधिहरूले जनताको सेवामा काम गरिरहेको उहाँको भनाइ थियो ।

त्यस समयमा जेलमै बसेर पार्टी कार्यकर्ताहरूले उच्च शिक्षा अध्ययन पूरा गर्नु पनि राम्रो पक्ष भएको उहाँले उल्लेख गर्नुभयो ।

भक्तपुरमा भएका कामलाई सबैले राम्रो मानेर अनुकरण गरिरहेको तथा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययन गर्न धेरै प्रतिस्पर्धा रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर काण्डको भर्त्सना कार्यक्रम गर्नुको उद्देश्यबारे प्रस्ट पार्दै पार्टीलाई नष्ट गर्न खोज्नुको कारणबारे नयाँ पुस्तालाई बुझाउनुपर्ने बताउनुभयो ।

उहाँले घटना पुरानो भयो भनेर बिर्सँदै जाने होइन, यस्ता घटना दोहोरिन नदिन सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर वडा नं. १ का पार्टी इन्चार्ज कृष्णबहादुर दुगुजुले भक्तपुर काण्ड गरेर नेमकिपालाई समाप्त गर्ने प्रयास गरिएको बताउनुभयो । उहाँले पार्टीले पञ्चायतकालदेखि नै प्रतिक्रियावादी सङ्घसंस्थाभित्र प्रवेश गरी जनताको सेवा गर्ने नीति लिएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिका सुशीला कर्माचार्यले महिलाहरू राजनीतिक रूपमा सचेत र सङ्गठित हुनुको फाइदाबारे चर्चा गर्नुभयो । उहाँले पार्टी अध्यक्ष रोहितकी जीवनसङ्गिनी शोभा बिजुक्छेंले भक्तपुर काण्डको समयमा अपनाएको संयमता र उहाँको व्यवहारिक पक्ष निकै प्रशंसनीय रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति बिकुलक्ष्मी कोजुले पनि कार्यक्रममा बोल्नुभएको थियो ।



## विदेशी दलालका कारण नेपालको राजनैतिक व्यवस्था अस्तव्यस्त भइरहने

जुम्ला । नेपाल मजदुर किसान पार्टी जुम्लाले भदौ ९ गते भक्तपुर काण्डको विरोधमा जुलुस र कोणसभा कार्यक्रम गऱ्यो ।

पार्टी कार्यालय भारतीवाडादेखि टुँडिखेल-बजार-जिल्ला प्रशासन कार्यालय जुम्लामा पुगेर बजारको कृष्णमन्दिरमा कोणसभा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको नेपालमा प्रभाव रहेसम्म नेपाल र नेपाली जनताले सुख नपाउने विचार व्यक्त गर्दै विदेशी दलालका कारण नेपालको राजनैतिक व्यवस्था अस्तव्यस्त भइरहने बताउनुभयो । उहाँले पेट्रोलियम पदार्थ, ग्यास र अत्यावश्यक सामानको अभाव सरकार चलाउनेका निकट व्यापारीका कारण भएको उल्लेख गर्दै ग्यासको सट्टा विद्युतीय चुलो जनतालाई वितरण गरेर देशकै स्रोत प्रयोग गर्न सरकारले पहल गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेशका सदस्य शिवलाल डांगीले संविधान बनाउँदा जघन्य अपराधीलाई मृत्युदण्डको सजायको व्यवस्था गर्नुपर्छ भनेर संशोधन गर्नुपर्ने प्रस्ताव गरेकोमा शासक दलका नेका, एमाले, माओवादीलगायतले समावेश नगरेका कारण जघन्य अपराध बढेको बताउनुभयो ।

उहाँले ग्यास अभावलाई तत्काल सरकारले व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्दै ग्यास वितरणमा पक्षपात भएको उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् नेमकिपा जुम्लाका अध्यक्ष पूर्णलाल खत्रीले सिद्धान्तविपरीत शासक दलहरूले काम गर्न नसकी स्वार्थी भएर काम गरेका कारण देश र जनताले दु:ख पाएको कुरा उल्लेख गर्नुभयो । देशमा समाजवादी गणतन्त्रको स्थापना नभएसम्म देश र जनताले पीडा भोग्नुपर्ने भनाइ उहाँको थियो ।

नेमकिपा जुम्लाका उपाध्यक्ष विर्षबहादुर रावतले एमसीसी पास गरेका कारण नेपालमा अमेरिकी चलखेल बढेको र देशको प्राकृतिक स्रोतमाथि अमेरिकाले गिद्देदृष्टि गरेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका पूर्वकेन्द्रीय सदस्य दीर्घबहादुर शाहीले भक्तपुर काण्ड नेपाल मजदुर किसान पार्टीलाई नष्ट गर्न रचिएकोले यस्ता काण्ड फेरि पनि हुनसक्ने भएकोले कार्यकर्ताहरूले सजग भएर काम गर्नुपर्ने उल्लेख गर्नुभयो । उहाँले शिक्षामा निजीकरण गर्न शासक दलहरू नै जिम्मेवार भएका र निजीकरणले देशको शिक्षा क्षेत्र कमजोर भएको बताउनुभयो ।

नेक्रामसङ्घका जिल्ला सदस्य पूर्णमति खत्रीले भक्तपुर काण्डमा भक्तपुरका महिला दिदीबहिनीहरूले उल्लेखनीय भूमिका खेल्नुभएको स्मरण गर्दै देशभरिका महिलाहरूले देश बचाउन महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय सदस्य धनबहादुर रावतले नेपालको कर्मचारीतन्त्रबारे बोल्नुभएको थियो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका जिल्ला सदस्य जयकृष्ण उपाध्यायले युवाहरू एकजुट भएर समाजवादी गणतन्त्र स्थापना गर्न लागिपर्नुपर्ने बताउनुभयो ।

नेक्राशिसङ्घका पूर्वसदस्य जङ्गबहादुर शाहीले शिक्षक योग्य भए भावी पुस्ता र शिक्षा क्षेत्र सबल हुने भएकोले शिक्षकले देशलाई अगाडि बढाउन राम्रो शिक्षा प्रवाह गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा रामबहादुर नेपालीले देश विकास गर्न लागूऔषध र दुर्व्यसनीलाई नियन्त्रण गर्ने अभियान चलाउनुपर्ने उल्लेख गर्नुभयो ।




## प्रतिक्रियावादीहरू षड्यन्त्रको जाल बुन्छन्

काभ्रे । नेपाल मजदुर किसान पार्टीविरुद्ध निरङ्कुश पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड' (२०४५ भदौ ९) को विरोध तथा भर्त्सना कार्यक्रम नेपाल मजदुर किसान पार्टी बनेपा नगर समितिको आयोजनामा भदौ ९ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य कृष्णकुमार वैद्यले विचार र सिद्धान्तबाट पराजित प्रतिक्रियावादी शासकहरूले षड्यन्त्रको जाल बुन्ने गर्छन् भन्नुभयो । "नेमकिपा स्थापनाकालदेखि देश र जनताको नि:स्वार्थ सेवामा लागेको कारण प्रतिक्रियावादी शासकहरूलाई असह्य भएर षड्यन्त्रपूर्वक समूल नष्ट गर्न खोजिएको हो" उहाँले भन्नुभयो ।

भदौ ९ को घटना भक्तपुरमा भए पनि पञ्चायती शासकहरूले देशभर नेमकिपाका कार्यकर्ताको घर घरमा गएर खानतलासी र धरपकड गरेर आतङ्क मच्चाएको, सबै नेपाली पञ्च सबै पञ्च नेपाली भन्ने गरिए तापनि व्यवहारमा नेपाली जनतालाई राजनीतिक र मौलिक हक अधिकारबाट बञ्चित बनाएको उहाँले स्मरण गर्नुभयो ।

नेमकिपा काभ्रे जिल्ला समितिका सल्लाहकार डा. हरिप्रसाद मानन्धरले वर्तमान दुईतिहाइको सरकारले एमसीसी र एसपीपीको विरोध नगरेको हुँदा साम्राज्यवादी संरा अमेरिकी शासकको कठपुतली भएको स्पष्ट छ भन्नुभयो ।

नेमकिपा बनेपा नगर समितिका अध्यक्ष लक्ष्मीराम न्हुच्छे प्रधानले प्रतिक्रियावादीहरूको षड्यन्त्रबारे नयाँ पुस्तालाई सचेत गराउन कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ओमप्रसाद मानन्धर, ज्ञानेन्द्र डंगोल, सत्यनारायण श्रेष्ठ, राममन्दिल श्रेष्ठ, राजु तामाङलगायतले निरङ्कुश पञ्चायती राज्यस्तरबाट २०४५ भदौ ९ गते षड्यन्त्रपूर्वक रचिएको 'भक्तपुर काण्ड' को स्मरण गर्दै आ-आफ्नो अनुभव व्यक्त गर्नुभयो ।






## भरतपुरमा पनि भर्त्सना कार्यक्रम

भरतपुर । नेपाल मजदुर किसान पार्टी नगर समिति, भरतपुरले भक्तपुर काण्ड (कालो दिन) को विरोध एवम् भर्त्सना कार्यक्रम 'श्रमिक' साप्ताहिक पत्रिकाको अध्ययन गोष्ठी गरेर नारायणगढमा सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा नेमकिपा चौथो जिल्ला सम्मेलन तयारी समिति, चितवनका संयोजक हरिप्रसाद दुवालले नेमकिपा स्थापनाकालदेखि नै मजदुर र किसानको पक्षमा कानुनी सङ्घर्ष गर्दै आएको बताउनुभयो ।

लेनिनवादी नीतिअनुसार पञ्चायतभित्र पसेर पञ्चायतको विरोध गर्दै देश र जनताको पक्षमा काम गरेको कारण पार्टीलाई नै समूल नष्ट गर्ने उद्देश्यले भक्तपुर काण्डमा पञ्चायतले फसाएको उहाँले स्पष्ट पार्नुभयो ।

उहाँले भविष्यमा फरक ढङ्गले फेरि पनि भक्तपुर काण्ड हुन सक्ने भएकोले सबै साथीले सतर्क भएर साङ्गठनिक गतिविधिलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

वर्तमान सरकार र संसद् गत भदौ २३ र २४ मा देश जलाउनेहरूकै नेतृत्व भएकोले व्यापक कामदारवर्गको पक्षमा नभएको बताउनुभयो ।

सो कार्यक्रममा रविनकुमार प्रधान, अस्मिता गुरुङ, ज्ञानेन्द्र प्रजा, मोहनबहादुर प्रजालगायतले भक्तपुर काण्डको विरोध र भर्त्सना गर्नुभएको थियो ।

## चितवनको कोराकमा 'भक्तपुर काण्ड' को भर्त्सना

चितवन । भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम एक भेलाबिच शुक्रबार राप्तीको कोराकमा सम्पन्न भयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ चितवन र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ चितवनको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा नेमकिपा चौथो जिल्ला सम्मेलन तयारी समिति, चितवनका संयोजक हरिप्रसाद दुवालले नेमकिपाले स्थापनाकालदेखि नै किसान आन्दोलन, मोहियानी हकको आन्दोलन, सफाइ आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलनलगायतमा सक्रिय भूमिका रहेको बताउनुभयो ।

पार्टी जिल्ला संयोजक दुवालले पार्टीले सुरुदेखि नै व्यक्तिहत्याको विरोध गर्दै आएको बताउँदै कम्युनिस्टको नाममा भारतको नक्सलवादी आन्दोलन र झापा आन्दोलनमा भएको व्यक्तिहत्याको पार्टीका अग्रजहरूले विरोध गर्नुभएको स्मरण गराउनुभयो ।

नेमकिपाको कम्युनिष्ट विचार र

बाँकी पृष्ठ १० मा

**विभिन्न...**

सिद्धान्तबाट कामदारवर्ग राजनैतिक र साङ्गठनिक रूपमा सचेत र सङ्गठित भएको अवस्थाबाट पञ्चायत डराएर नै भक्तपुर काण्डमा नेमकिपालाई झूटो मुद्दामा फसाएको उहाँले भन्नुभयो ।

वर्तमान रास्वपा सरकारले शिक्षा, स्वास्थ्य र बिजुलीमा कर लगाएर बहुमत कामदार वर्गलाई दबाउन खोजेको उहाँले स्पष्ट पार्नुभयो ।

नेमकिपा, राप्तिका संयोजक अर्जुन प्रजाले नेमकिपाले महिलाहरूलाई राजनैतिक रूपमा सचेत र सङ्गठित पारेको कारण भक्तपुर काण्डको बेला पार्टीलाई जोगाउन सफल भूमिका खेल्न सकेको बताउनुभयो ।

नेक्रामहिलासङ्घ, चितवनका अध्यक्ष सुमित्रा महतोले भक्तपुर काण्डको बेला चितवनमा तत्कालीन चौम र मालेले नेमकिपाका कार्यकर्तालाई भड्काउने र बिगार्ने काम गरेकोबारे चर्चा गर्नुभयो ।

नेमकिपा भरतपुरका सदस्य रविन प्रधानले रास्वपा सरकार निषेधको राजनीति गरेर पञ्चायतपथतिर लागेको बताउनुभयो ।

नेक्रायुसङ्घ, चितवनका अध्यक्ष ज्ञानेन्द्र प्रजाले बहुमत जनताको पक्षमा काम गर्दा शासक वर्गको तारो हुने भएकोले सदा सतर्क रहनुपर्ने बताउनुभयो ।




कार्यक्रममा विद्यार्थी प्रकाश चेपाङ, ममता चेपाङलगायतले बोल्नुभएको थियो ।

### युवाहरूबिच 'भक्तपुर काण्ड' बारे छलफल

भक्तपुर । नेपाल क्रान्तिकारी युवा सङ्घ, चाँगुनारायण नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड' को विषयमा युवाहरूबिच छलफल तथा प्रशिक्षण कार्यक्रम भदौ ९ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपा जिल्ला समिति भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपाले पञ्चायती निर्वाचन उपयोग गरी कामदारवर्गका जनतालाई राजनीतिक, सैद्धान्तिक, वैचारिक र व्यवहारिक रूपमा सचेत, सङ्गठित र सङ्घर्षशील भावना जगाउने कार्य गर्दै आइरहेको बताउनुभयो ।

उहाँले समाजवादी गणतन्त्रमा स्वास्थ्य र शिक्षा नि:शुल्क हुने, योग्यताअनुसार काम, कामअनुसार ज्यालाको बन्दोबस्त हुने, काममामको सुनिश्चितता हुने, व्यक्तित्व विकासमा समान अवसर पाउने, आर्थिक समानता हुने, ज्येष्ठ नागरिक र बालबालिकाहरूको सम्मान, संरक्षण र भलाइ हुने हुँदा समाजवादी गणतन्त्र अपरिहार्य भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष एलएन लिगलको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा सुजन दुवाल, बासुदेव घोरसाइने र सुशान्त सुवालले पनि 'भक्तपुर काण्ड' र समसामयिक विषयमा आ-आफ्नो अनुभव बताउनुभएको थियो ।

### कैलालीमा भर्त्सना कार्यक्रम

कैलाली । नेपाल मजदुर किसान पार्टी कैलालीमा भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम भदौ १० गते सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले भदौ ५ गतेको भूकम्पले क्षति भएका जनतालाई राहत वितरण गर्ने कर्णप्रसाद ह्योजुलाई ढाल बनाई नेमकिपालाई पञ्चायती राज्यस्तरबाट समूल नष्ट पार्न रचिएको षड्यन्त्रको विरोध तथा भर्त्सना गर्नुभयो ।

उहाँले नयाँ पुस्ता र समर्थकहरूलाई इतिहास बुझिराख्न र पत्रपत्रिकाका लेख अध्ययन गरी पार्टीबारे बुझ्न जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य रमेशकुमार रावलले नेमकिपाले जनताको भलो हुने काम गरेको हुनाले पञ्चायती व्यवस्थालाई असह्य भएकोले नेमकिपालाई समूल नष्ट पार्ने उद्देश्यले राज्यस्तरबाट षड्यन्त्र रचिएको उल्लेख गर्नुभयो ।

नेमकिपा आठौँ जिल्ला तयारी समितिका सचिव गगन थापामगरले नेमकिपालाई पञ्चायती राज्यस्तरबाट समूल नष्ट पार्न षड्यन्त्र गरेजस्तै अहिले पनि शासक दलहरूले जालमा फसाउन सक्छन् भन्नुभयो । उहाँले जनता सचेत, सजग र सङ्गठित भई अगाडि बढ्न आग्रह गर्नुभयो ।

नेक्रायुसङ्घ जिल्ला समितिका सचिव सीताराम पण्डितले ग्यासको अभाव, कालोबजारी तथा बढ्दो महँगी नियन्त्रण सम्बन्धमा कैलालीका प्रजिअमार्फत सरकारलाई ज्ञापनपत्र बुझाई जनताको दैनिक समस्यालाई समाधान गर्नुपर्ने प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति कैलालीका अध्यक्ष लक्ष्मी पुनको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

### षड्यन्त्रकारीहरू नयाँ रूप लिएर आउन सक्छन्

दैलेख । नेपाल मजदुर किसान पार्टीको आयोजनामा चामुण्डा विन्द्रासैनी वडा नं. ५ को लेखडाँडामा भदौ ९ को 'भक्तपुर काण्ड' को भर्त्सना कार्यक्रम भदौ ९ गते भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जगयबहादुर शाहीले कर्णप्रसाद ह्योजुलाई पञ्चायती शासकहरूले बलिको बोको बनाई नेमकिपालाई समूल नष्ट गर्ने षड्यन्त्र रची 'भक्तपुर काण्ड' गरेको प्रस्ट पार्नुभयो ।

कतिपय मानव अधिकारवादी र प्रजातन्त्रका पक्षधरहरूले भक्तपुर काण्डको विरोध गरेको प्रसङ्ग उल्लेख गर्दै उहाँले राष्ट्रिय पञ्चायतमा पनि भक्तपुर काण्डको विरोधमा आवाज उठेको चर्चा गर्नुभयो ।

नेमकिपा चामुण्डा विन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले भक्तपुर काण्ड नेमकिपालाई समाप्त पार्न रचिएको सरकारी दमन भएको चर्चा गर्दै अन्ततः नेमकिपालाई समाप्त गर्न खोज्ने पञ्चायत सरकार नै समाप्त भयो भन्नुभयो ।

वर्गसङ्घर्ष मात्र कामदारवर्गको मुक्तिको बाटो भएको उल्लेख गर्दै उहाँले नेमकिपाविरुद्ध फेरि पनि षड्यन्त्र हुनसक्ने भएकोले सचेत रहनुपर्ने बताउनुभयो ।

नेपाल प्राध्यापक समाजका नगेन्द्र कार्कीले भक्तपुर काण्ड कामदारवर्गका विरुद्ध सरकारी हमला भएको उल्लेख गर्दै पुँजीपतिवर्ग आफ्नो स्वार्थ पूरा गर्न कुनै पनि कसर बाँकी राख्दैन भन्नुभयो ।

बलबहादुर विकको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा नगर समिति सदस्य बिन्दु विक र अर्जुन विकले पनि बोल्नुभएको थियो ।

त्यसैगरी नेपाल मजदुर किसान पार्टी ठाँटीकाँध ४ वडा एकाइ समितिको आयोजनामा भक्तपुर काण्डको भर्त्सना कार्यक्रम गैरागाउँमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा जिल्ला समितिका सदस्य खड्कबहादुर कठायतले राज्यस्तरबाट रचिएको भक्तपुर काण्ड नेमकिपालाई समाप्त पार्ने पञ्चायती व्यवस्थाको षड्यन्त्रले पञ्चायती व्यवस्था आफै सकियो भन्नुभयो । "आज पुँजीवादी राजनीतिक दलका कार्यकर्ता तथा नयाँ नामका ठगहरू नेमकिपाको सङ्गठन र कार्यकर्तालाई समाप्त पार्ने योजना बुनिरहेका छन्," उहाँले भन्नुभयो ।

उहाँले रास्वपा सरकारले पनि कामदारवर्गको हितमा काम नगरेको उल्लेख गर्दै नेमकिपा निरन्तर समाजवादी गणतन्त्रको पक्षमा लागिरहेको बताउनुभयो ।

वडा समितिका उपाध्यक्ष भट्टबहादुर शाहीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा गाउँ समिति सदस्य कुलबहादुर कठायत र दिनेश विकले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएका थिए ।

साथै नेमकिपा चामुण्डा बिन्द्रासैनी वडा नं. ३ को आयोजनामा 'भक्तपुर काण्ड' बारे सुसूचित पार्न कार्यकर्ताहरूबिच भदौ ११ गते प्रशिक्षण कार्यक्रम भयो ।

उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले निरङ्कुश पञ्चायती सरकारको ज्यादतीको विरोध गर्दै भक्तपुर काण्डबाट सिक्दै जानुपर्ने बताउनुभयो ।

पक्षपातपूर्ण राहत वितरण गर्दा पीडित जनताको आक्रोश बढेको उल्लेख गर्दै उहाँले षड्यन्त्रकारीहरू नयाँ रूप लिएर आउन सक्छन् भन्नुभयो ।

नेमकिपा जिल्ला समितिका अध्यक्ष खगेन्द्रबहादुर शाहीले पुँजीपतिवर्गले कामदारवर्गमाथि दमन गर्दै जाँदा कामदारवर्ग अझ बढी सशक्त हुनुपर्ने आवश्यकता औँल्याउँदै भक्तपुर काण्ड गरेर आफ्नो आयु लम्ब्याउन खोज्ने पञ्चायतको चाँडै अन्त्य भएको बताउनुभयो ।

चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले समाज परिवर्तनको लागि क्रियाशील कार्यकर्ताको आवश्यकता छ भन्नुभयो ।

नेमकिपा वडा नं. ३ वडा समितिका अध्यक्ष मनबहादुर विकको अध्यक्षतामा भएको कार्यक्रममा रवीन्द्र सुनारले पनि बोल्नुभएको थियो ।

त्यस्तै नेपाल मजदुर किसान पार्टी आठबीस नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट पार्न पञ्चायती राज्य स्तरबाट रचिएको भक्तपुर काण्ड 'कालो दिन' को सन्दर्भमा आठबीस नगरपालिकाको वडा नं ८ टिलेपाटामा नेमकिपा समर्थक कार्यकर्ताबिच भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिका उपाध्यक्ष मानबहादुर सिजापतिले भक्तपुर काण्ड नेमकिपालाई सिध्याउनकै लागि नियोजित रूपमा रचिएको राज्यस्तरको षड्यन्त्र भएको उल्लेख गर्दै फेरि यस्ता षड्यन्त्र हुनसक्ने भएकोले सचेत रहन आग्रह गर्नुभयो ।

पुँजीपति, साम्राज्यवादी शक्तिहरू यस्ताखाले कुकृत्य गर्न जहिले पनि लागिरहने भएकाले त्यसका विरुद्धमा देश र जनताका पक्षमा आवाज उठाउने काम नेमकिपाले गरिरहेको उहाँले बताउनुभयो ।

नेमकिपा आठबीस नगर समिति अध्यक्ष जयबहादुर सिजापति, पार्टी सचिव नवीन बडुवाल, दिलिप बडुवाल, निर्मल सिजापति, कोमल बडुवाल, विमल क्षेत्री, विजन पण्डित, जनम सिजापतिलगायतका कार्यकर्ताहरूले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।




समितिले भदौ १० गते रसुवा जिल्लाको भोटेकोसी नदीमा आएको बाढी पहिरोका कारण रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लामा भएको ठुलो धनजनको क्षतिप्रति दु:ख व्यक्त गर्दै शोकाकुल परिवारमा समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

### 'अमेरिकी प्रजातन्त्र' पुस्तकबारे अध्ययन गोष्ठी

सुर्खेत । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतले 'भक्तपुर काण्ड'को भर्त्सना गर्दै 'अमेरिकी प्रजातन्त्र' पुस्तकबारे अध्ययन गोष्ठी कार्यक्रम बुधबार गरेको छ ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले 'अमेरिकी प्रजातन्त्र'को वास्तविकताबारे नयाँ पुस्तालाई जानकारी गराउनु जरुरी छ भन्नुभयो ।

देश र जनताको इमानदारीपूर्वक सेवा गर्दै आएको नेमकिपालाई नष्ट गर्ने कुनियतका साथ रचिएको 'भक्तपुर काण्ड'को भर्त्सना गर्दै उहाँले इमानदार नेता-कार्यकर्तालाई प्रतिक्रियावादीहरूले अनेक जालझेल रचेर फसाउन सक्नेप्रति सजग हुनु जरुरी भएको बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेश समितिका धनेन्द्र वि.क.ले देश धनी हुँदैमा जनता समृद्ध नहुने गतिलो उदाहरण अमेरिकामा भएको बताउनुभयो ।

कार्यक्रमका सभापति तथा सुर्खेत जिल्ला अध्यक्ष हरिबहादुर बोहराले कठिन परिस्थितिमा मात्र असल कार्यकर्ताहरूको पहिचान हुने कुरा नै भक्तपुर काण्डले दिएको मुख्य पाठ हो भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य प्रेम थापा, नेमकिपा सुर्खेतका शेरबहादुर शाही, कर्णाली कला साहित्य समाज सुर्खेतका प्रकाश ओझेल, नेक्रामजदुर सङ्घ सुर्खेतका सचिव अङ्गबहादुर शाही, नेक्राकिसङ्घ सुर्खेतका सचिव देवीराम सिजापति, नेक्रायुसङ्घ सुर्खेतका छत्रिकाकुमारी वि.क., चेतन पौड्याल, अक्कल रानालगायतले बोल्नुभएको थियो ।

### बाँकेमा नेमकिपाको तीनदिने प्रशिक्षण

बाँके। नेपाल मजदुर किसान पार्टी जिल्ला समिति बाँकेको आयोजनामा सञ्चालित तीनदिने प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम विभिन्न रचनात्मक सत्रसहित सम्पन्न भयो। पार्टीविरुद्ध पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र र भक्तपुर काण्ड (२०४५ भदौ ९ को कालो दिवस) को विरोध तथा भर्त्सना गर्दै सुरु भएको सो कार्यक्रममा पहिलो दिन उद्घाटनसहित समसामयिक राजनीतिक विषयमा चर्चा भयो भने दोस्रो र तेस्रो दिन विभिन्न विषयगत प्रशिक्षण तथा कार्यकर्ताबिच अन्तरक्रिया भयो ।

भदौ १२ गते पार्टी अध्यक्ष सर्प कामी शेरबहादुरको सभापतित्वमा भएको सो कार्यक्रममा लुम्बिनी प्रदेश समितिका संयोजक हरिसुन्दर वासीले वर्तमान समसामयिक राजनीतिक परिस्थितिमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमको पहिलो दिन नेमकिपा केन्द्रीय सदस्य बखतबहादुर थापा र बर्दिया जिल्ला अध्यक्ष हरिलाल न्यौपानेले भक्तपुर काण्डको ऐतिहासिक पृष्ठभूमिबारे बताउनुभयो ।

पार्टी जिल्ला समिति सचिव धनबहादुर सिजापतिले सञ्चालन गर्नुभएको सो उद्घाटन सत्रमा कोहलपुर नगर समिति सदस्य जर्मकन्या रोकायाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमको दोस्रो दिन भदौ १३ गते आयोजित प्रशिक्षण सत्रमा अतिथि हरि सुन्दरवासीले अध्ययन र प्रशिक्षण कक्षाहरूले कार्यकर्ताहरूको सैद्धान्तिक स्तर उकास्न ठुलो मद्दत गर्ने हुँदा यसमा निरन्तर लागिरहनुपर्ने कुरामा जोड दिनुभयो । हाल देशमा देखिएको प्राकृतिक प्रकोप र त्यसपछि उब्जिएका विभिन्न प्रश्न तथा झूटा आरोपहरूको उहाँले खण्डन गर्नुभयो ।

सोही अवसरमा केन्द्रीय सदस्य बखतबहादुर थापाले 'नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन' पुस्तकको प्रशिक्षण दिँदै उक्त पुस्तकले भारतीय विस्तारवाद, तत्कालीन सोभियत सङ्घ र नेपालको राजतन्त्रलाई हेर्ने स्पष्ट दृष्टिकोण प्रदान गरेको धारणा व्यक्त गर्नुभयो ।

प्रशिक्षणका क्रममा पार्टीका पूर्वजिल्ला अध्यक्ष तथा अधिवक्ता नरहरिनाथ योगीले संविधानमा भएका ४७ वटा मौलिक हकहरूबारे जानकारी गराउनुभयो भने अतिथि तथा कुष्ठरोग विशेषज्ञ स्वास्थ्यकर्मी संगीता श्रेष्ठले स्वास्थ्य र सरसफाइसम्बन्धी महत्त्वपूर्ण प्रशिक्षण दिनुभयो ।

कार्यक्रममा पार्टीका विभिन्न तहका कार्यकर्ताहरूले आ-आफ्ना विषयमा गहन प्रशिक्षण तथा प्रस्तुति राख्नुभएको थियो । जिल्ला समिति सदस्य खड्गराज थापाले आदिम साम्यवाद, भूमि महताराले पुँजीवादी समाज विकास, हिराबहादुर शाहीले मानव विकास, शेरबहादुर शाहीले दास समाज, सफल थापाले सामन्ती समाज, तुल्सी आचार्यले मजदुरवर्गको अवस्था र वर्गसङ्घर्ष, सुर्जा थापाले समाज विकासको एक झलक र दीपा बुढाले भक्तपुर काण्डका विषयमा आ-आफ्नो धारणा राख्नुभयो ।

त्यसैगरी, प्रकाश शाहीले सूचना र सञ्चार, नारायणी चौधरीले समाजवाद र सान्दर्भिक विषयवस्तु, वीरबहादुर चौधरीले आध्यात्मिकवाद र भौतिकवाद, रत्नबहादुर शाहीले विश्वका प्रमुख मजदुर आन्दोलनहरू तथा प्रकाश शाहले चिनियाँ कम्युनका बारेमा प्रशिक्षण दिनुभएको थियो ।

पार्टीका विभिन्न प्रकाशनहरूमाथि अन्तरक्रिया गरिएको यो तीनदिने प्रशिक्षण कार्यक्रमले नेमकिपाका अगुवा तथा कार्यकर्ताहरूमा वैचारिक स्पष्टता, सैद्धान्तिक दृढता र सङ्गठनात्मक सुदृढीकरणका लागि ठुलो ऊर्जा प्रदान गरेको छ ।

### सिपाडोल र दुवाकोटमा 'भक्तपुर काण्ड' को भर्त्सना

भक्तपुर । नेमकिपा सूर्यविनायक नगरपालिका वडा नं. ८ सिपाडोलमा भक्तपुर काण्डबारे जानकारी दिन स्थानीयको भेला भयो ।

भेलामा नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य एवं सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छेले देश र जनताको नि:स्वार्थ रूपले लेनिनवादी सिद्धान्तअनुसार जनताको सेवा गरेकोले नेमकिपालाई नष्ट गर्ने उद्देश्यले षड्यन्त्रमूलक तरिकाले भक्तपुर काण्ड रचिएको बताउनुभयो ।

वर्तमान सरकारले देश र जनताको सेवा र हकहितभन्दा सीमित पुँजीपति र विदेशीको हितमा काम गरिरहेको छ, उहाँले भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष श्यामसुन्दर सुवाल र शिवजी त्वायनालगायतले बोल्नुभएको थियो ।

त्यस्तै नेमकिपा चाँगुनारायण नगर समिति २ वडा एकाइ समितिको आयोजनामा बिहीबार नेमकिपाविरूद्ध राज्यस्तरबाट रचिएको 'भक्तपुर काण्ड' को भर्त्सना गर्दै प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष एवं भक्तपुर जिल्ला उपाध्यक्ष न्हुछेभक्त फोजुले नयाँ पुस्तालाई भक्तपुर काण्डबारे प्रशिक्षित गर्नु जरूरी रहेको उल्लेख गर्दै इमानदार कार्यकर्ताहरूलाई प्रतिक्रियावादी शक्तिहरूले जुनसुकै बेला पनि षड्यन्त्र गरी फसाउन सक्नेप्रति सचेत हुनु जरूरी छ भन्नुभयो ।

गणेशराम सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा गोविन्दराम सुवाल, लक्ष्मीप्रसाद तजले र रवि प्रजापतिले पनि बोल्नुभएको थियो ।

### मजदुरहरूबिच प्रशिक्षण

भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा भक्तपुर काण्डबारे जानकारी गराउन छलफल तथा प्रशिक्षण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले पुँजीवादी व्यवस्थाले कामदार र मजदुरवर्गको हित नगर्नेतर्फ स्पष्ट हुनु जरुरी छ भन्दै देश र जनताको सेवामा लागेका नेमकिपाका नेता कार्यकर्तालाई पञ्चायती व्यवस्थाले झूटो मुद्दा लगाई फसाउने दुष्प्रयास गरेको उल्लेख गर्नुभयो ।

समाजवादी व्यवस्था स्थापना गर्न नेमकिपा सङ्घर्षरत रहेको उहाँले बताउनुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य एवं बागमती प्रदेशसभा सदस्य गीता काफ्लेले नेमकिपा सरकार परिवर्तनको फोहोरी खेलमा कहिल्यै नलाग्ने बताउनुभयो ।

नेक्रामजदुर सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष कृष्णहरि आगंजाको सभापतित्वमा भएको उक्त कार्यक्रममा दीपा श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# सम्झना नेता हो चि मिन्हको : चर्चा 'जेल डायरी' को

● नम्रता श्रेष्ठ

भियतनामी जनताका प्रिय नेता हो चि मिन्हलाई उपनिवेशवाद तथा साम्राज्यवादविरोधी योद्धाका रूपमा विश्वका न्यायप्रेमी तथा युद्धविरोधी जनता चिन्दछन् । भियतनामी जनताको मुक्तिका निम्ति उहाँको त्याग, तपस्या र बलिदान आज पनि त्यत्तिकै गौरवका साथ स्मरण गरिन्छ । उहाँको सरलता, सादा जीवन, देशप्रेम तथा क्रान्तिकारी विचारबारे छलफल आज पनि चलिरहेकै छ । उहाँले दिनुभएको एक सच्चा क्रान्तिकारी र सच्चा कम्युनिस्टको परिचय आज पनि बेजोड दृष्टान्त मानिन्छ । विश्व साम्राज्यवादविरोधी आन्दोलन का. हो चि मिन्हको चर्चाविना अपूरो अधूरो रहने निर्विवाद छ । का. होको आभाकै कारण आज विश्वसमुदायमा भियतनामले बेग्लै तेज पाउँदै छ । भियतनामी जनतालाई बेग्लै प्रतिष्ठा मिलिरहेको छ । भियतनाम र भियतनामी जनताले पाएको मुक्ति, स्वतन्त्रता, स्वाभिमान, गौरवमा का. होको योगदान, मेहिनतको सुगन्ध अद्यापि अनुभूत गर्न सकिन्छ ।

गत सेप्टेम्बर २ का दिन भियतनामी जनताले ७५ औँ स्वतन्त्रता तथा मुक्ति दिवस मनाए । समाजवादी गणतन्त्र भियतनामको स्थापना सन् १९४५ को सेप्टेम्बर २ मा भएको थियो । का. होको निधन २ सेप्टेम्बर १९६९ मा भएको थियो । भियतनामको इतिहासमा २ सेप्टेम्बर स्मरणीय दिन हो । भियतनामी क्रान्ति, भियतनामी जनताको सङ्घर्ष र का. हो चि मिन्हको सम्झनामा विविध गतिविधि भएका खबरहरू आइरहेका छन् । विभिन्न देशका नेताले भियतनामी जनतालाई बधाई दिए । नेता होको योगदान, व्यक्तित्वको स्मरण गरे । का. होको ५० औँ स्मृतिमा भाववूर्ण श्रद्धाञ्जली अर्पण गरे । क्युवाली नेता का. फिडेल क्यास्ट्रोले का. होप्रति श्रद्धाञ्जली व्यक्त गर्नुहुँदै उहाँको निधनपश्चात् पनि नयाँ बिउ र ऊर्जा बनेर अन्तिम विजयसम्म मार्गनिर्देश गरिरहने विश्वास व्यक्त गर्नुभएको आज पनि उत्तिकै स्मरणीय छ । का. होको भावना सदा जीवित रहने, क्रान्तिकारी परम्पराले निरन्तरता पाइरहने विश्वास धेरैले व्यक्त गरे ।

भियतनामको राष्ट्रिय महत्त्वको दिनको सेरोफेरोमा क्रान्तिकारी नेता का. हो चि मिन्हको 'जेल डायरी' (Prison Diary) बारे चर्चा गर्नु सान्दर्भिक होला !


का. हो भियतनामको सीमा पार गरी महत्त्वपूर्ण चिनियाँ मित्रहरूसँग गुप्त ढङ्गमा भेट्न जाने क्रममा सन् १९४२ को अगस्ट २९ को दिन चीनको क्वाङ्सीमा गिरफ्तारीमा पर्नुभयो । सन् १९४३ को सेप्टेम्बर १० का दिन झन्डै चौध महिनापछि रिहा हुनुभयो । १४ महिनाको जेल बसाइको क्रममा नै जन्म भएको थियो विश्वविख्यात कृति 'जेल डायरी' । बन्दीगृहमा प्रहरीको आँखा छलेको अभियोग नलागोस् भनेर उहाँले चिनियाँ भाषामा लेख्न थाल्नुभएको थियो । भियतनामी भाषामा अनुवाद गरी सन् १९६० मा प्रकाशित भयो । त्यसपछि अङ्ग्रेजी, फ्रान्सेली, रसियाली, जर्मनियाली, हङ्गेरियाली, हिन्दी र अरू थुप्रै भाषामा प्रकाशित भयो । भियतनामी विदेशी भाषा प्रकाशन गृहले अङ्ग्रेजी भाषामा यस कृतिको चौधौँ संस्करण प्रकाशन गरिसकेको छ ।

एकजना दुब्लो मान्छे भियतनामको सीमा पार गरी चीनतिर लाग्दै थिए । उनी अत्यन्त सामान्य लुगामा थिए । झट्ट हेर्दा साधारण किसान देखिन्थे ! उनीतिर कसैको किन ध्यान जान्थ्यो र ? तर, जब प्रहरीले त्यो अत्यन्त साधारण देखिने मान्छे भियतनामी देशभक्त जनताका प्रतिनिधिको नाताले चुङ्किङमा एउटा महत्त्वपूर्ण भेटघाटका निम्ति जान लागेको थाहा पाए तब उनी साधारण व्यक्ति होइनन् भन्ने पक्का भयो र पक्राउ गरे । यसरी त्यो अत्यन्त अपत्यारिलो व्यक्ति अर्थात् का. हो पक्राउ पर्नुभएको थियो । सुरुमा चिङ्सी जेलमा कैद हुनुभयो भने त्यसपछि तुरुन्तै उहाँलाई नानिङ्मा लगियो । त्यहाँबाट पनि क्विलिन र अन्तिममा लिउचाओको जेलमा उहाँलाई सरुवा गरियो ।

एउटा जेलबाट अर्को जेलमा लगिइँदाको अनुभूति उहाँले एउटा कवितामा मार्मिक ढङ्गमा व्यक्त गर्नुभयो । प्रहरीहरू एउटा सुँगुरलाई पालैपालो बोक्थे भने कैदी अर्थात् मान्छेलाई भने हात बाँधेर हिँडाउँदै थिए । यो तीखो व्यङ्ग्य, विरोधाभासलाई कवितामा प्रस्तुत गर्नुभयो । का. होका यी चार-चार लाइनका छोटा कविताले जेलभित्रको दैनिक भोगाइ र अनुभूतिलाई प्रस्तुत गर्दछ । सङ्क्षिप्तमा उहाँले भावपूर्ण अभिव्यक्ति दिनुभएको छ । सरल भाषामा स्पष्ट सन्देश दिन, व्यङ्ग्य प्रहार गर्न र हँसाउन समेत उहाँले मेहिनत गर्नुभएको प्रस्ट छ ।

अर्को एउटा कवितामा उहाँले कैदी जीवनको भोगाइ प्रस्तुत गर्नुहुँदै प्रश्न तेर्स्याउनुभएको छ । हात खुट्टा बाँधिएको छ भन्दैमा चरीले गाएका मीठा गीत र फूलहरूको सुगन्धको आनन्द लिन के कसैले छेक्न - रोक्न सक्छ र ? यसरी कम शब्दमा गम्भीर विषयमा गहिरो भाव तथा सन्देश दिनुहुन्छ । यही नै का. होका कविताको विशेषता हो ।

जेलको कठोर जीवन, त्यो पनि पराई भूमिमा, जन्मभूमिबाट निकै टाढा र आफ्ना कामरेडहरूबाट पनि टाढा ! त्यो एकान्त जेल जीवनमा का. होसँग


हो चि मिन्ह

सहारा या साथीको नाउँमा आफ्नो थोत्रो भइसकेको एउटा कापीबाहेक अरू केही थिएन । त्यही कापीमा दैनिक अनुभवलाई कविताको रूप दिई उतार्न थाल्नुभयो ।

जम्माजम्मी चार लाइनका सय वटा यी कविताहरू एक बन्दी, क्रान्तिकारी योद्धा, कम्युनिस्ट नेताको सङ्क्षिप्त जीवन अनुभूति हुन् भन्दा फरक नपर्ला ! संस्मरण, इतिहासका पृष्ठहरूमा बरु केही झूट मिसिने सम्भावना अस्वीकार गर्न सकिन्न तर यी कविताका पङ्क्ति वास्तविक अनुभवको सार भएको एक भियतनामी लेखक दाबी गर्छन् । लेखक फान न्हूयन भन्छन् - "यो सानो डायरीले कुनैपनि विस्तृत आत्मसंस्मरणले भन्दा पनि बढ्ता प्रभावकारी ढङ्गमा रचनाकारलाई चिनाउन मद्दत पुऱ्याउँछ ।" का. होको जीवन खुला पुस्तकसरि भइसकेको बताउँदै लेखक फान भन्छन् - "हो चि मिन्हजस्ता नेताको जीवनमा सार्वजनिक र व्यक्तिगत जीवनको बीचमा कुनै किसिमको गोप्य ढोका छैन ।" उनी विश्वस्त हुँदै अगाडि भन्छन् - "कुनैपनि आत्मसंस्मरणका मोटा पुस्तकले भन्दा यो सानो डायरीले अझ बढी राम्रो ढङ्गमा चिनाउनेछ ।"


का. होले कठोर यातना सहँदै कविता लेख्नुभयो । अनिद्रा, भोक-प्यास, कठ्याङ्ग्रिने चिसो भुलेर कविता लेख्नुभयो । ठिँगुरा हालिँदा समेत कविता लेख्नुभयो । आत्मविश्वास, सच्चाइको विजयप्रति आशावादी हुनुभयो । अनुहारमा कहिल्यै मुस्कान खाली भएन । शत्रुलाई 'यो बेग्लै धातुको मानिस' भन्न बाध्य पार्नुभयो । 'जेल डायरी' ले त्यही वास्तविकता प्रतिविम्बित गर्दछ । साथै, पचासको दशकको चिनियाँ जेलको दृश्य पेश गर्दछ । अत्यन्त प्रतिकूल परिस्थितिमा लेखिएका कविता हुनाले पनि विश्वका धेरैले अभिरुचिपूर्वक पढे, 'जेल डायरी' । यी कवितालाई क्वाट्रेन्स (Quatrains) र ताङ्ग कविता (Tang Poems) भनिन्छ ।

'जेल डायरी' को प्रथम कविता :

*"यो शरीर जेलमा कैद छ*
*तर, यो भावना कैद गर्न असम्भव*
*एउटा महान् उद्देश्य हासिल गर्न*
*यो भावना सयर गरोस् माथि, अझ माथि ।"*

दुनियाँका कुनै पनि तानाशाहले भौतिक शरीर कैद गरे तापनि विचारलाई बन्धक बनाउन नसक्ने दाबी गर्नुहुन्छ, का. हो ! अर्को कवितामा नेता हो भन्नुहुन्छ -

*"कविता वाचन मेरो सौखको विषय होइन*
*तर झ्यालखानामा अरू के नै गर्न सक्छु र ?*
*यो लामो समय कविता लेखेरै बिताउनेछु*
*कविता गाएरै स्वतन्त्रताको पर्खाइमा बस्नेछु ।"*




प्रकृतिमा नियमित देखिने दृश्य, उतार-चढाव, वरपरका घटनासँग जोडेर स्वतन्त्रताप्रतिको आफ्नो विश्वास र न्यायको विजयको सुनिश्चितताबारे आफ्नो दृढ अडान राख्नुभएको छ । उहाँका कवितामा जीवनलाई हेर्ने सकारात्मक कोण पाइन्छ । हास्य रस र व्यङ्ग्यको यथोचित सम्मिश्रणले उहाँका कविता जीवन्त बनाएको अनुभूत हुन्छ । प्रतीक र विम्बहरूको प्रयोग हरेक कवितामा पाइन्छ । का. हो भन्नुहुन्छ -

*"आकाशमा काला-सेता बादल स्वतन्त्र मडारिरहेछन्*
*यहाँ पृथ्वीमा स्वतन्त्र मानिस झ्यालखानामा कैद छ !"*
*अर्को एउटा कवितामा उहाँ लेख्नुहुन्छ -*
*"पहाडमा मेरो बाघसँग जम्काभेट भयो तर केही हानी भएन*
*वस्तीमा मानिससँग भेट भयो, म जेलमा जाकिएँ !"*

यसरी उहाँ समाजको विडम्बनापूर्ण स्थिति उदाङ्ग्याउनुहुन्छ । सिपालु किसिमले व्यङ्ग्य वाण हान्नुहुन्छ । भियतनामी देशभक्त जनताका एक प्रतिनिधिलाई विदेशी भूमिमा जेलमा कोचेर कस्तो आतिथ्य दिएको ? कस्तो स्वागत सत्कारको परम्परा ! उहाँ बडो रोचक घोचक तरिकाले आफ्नो विरोधको आवाज राख्नुहुन्छ । आपत्ति जनाउनु हुन्छ ।

'जेलको खाना' शीर्षक कवितामा उहाँ लेख्नुहुन्छ :

*"हरेक दिनको खानामा एक कचौरा रातो-खैरो खाना;*
*न तरकारी, न नुन, न त थोरै झोल नै !"*

यस कवितामा जेलभित्रको दयनीय स्थिति उदाङ्गो पारिएको छ । उहाँ ठाउँ - ठाउँमा भोक, प्यास र अमानवीय व्यवहारबारे वर्णन गर्नुहुन्छ ।

*'चन्द्रमाको उज्यालो' मा का. हो भन्नुहुन्छ -*

*"झ्यालतिर गएर चन्द्रमाको उज्यालो हेर्छु*
बारहरूलाई नाघेर चन्द्रमा कवितिर टोलाइरहेछ ।"

उहाँको उच्च कल्पनाशीलता र जीवनप्रतिको सकारात्मक दृष्टिकोण यस कवितामा पनि प्रस्ट अनुभव गर्न सकिन्छ ।

एउटा कवितामा का. हो जेलमा दैनिक आधी बाल्टिन पानीमात्र उपलब्ध गराइने बताउनु हुन्छ । चिया पकाए मुख धुनलाई पानी नहुने र मुख धोए चिया पकाउन नपाइने भनी आफ्नो कारुणिक स्थितिबारे बताउनुहुन्छ 'पानी राशन' शीर्षकको कवितामा ।

एउटा कवितामा जेल सरुवा गर्न ५३ किमी हिँडाएर लखतरान भइसकेपछि सुत्ने ठाउँ नभएर दुर्गन्धित शौचालयको छेवैमा सुत्न बाध्य पारेको बताउनुहुन्छ । यसले उहाँको भोगाइ क्षमता अर्थात् सहनशीलता देखाउँछ । 'आफैलाई सुझाव' कवितामा उहाँ भन्नुहुन्छ -

*"चिसो र हिउँदको प्रतिकूलताविना*
*वसन्तको न्यानोपन र सौन्दर्य असम्भव*
*दूर्भाग्यले मलाई सतायो त के भो*
*मेरो प्रतिबद्धता झन् बलियो बनाइदियो ।"*

एउटा कवितामा उहाँले हिउँदको चिसोमा समेत सिरक र डसना उपलब्ध नगराइएकाले अनिँदै रात बिताउन बाध्य भएको कष्टपूर्ण रातबारे वर्णन गर्नुभएको छ । यद्यपि, उहाँले कहीँकतै निराशाको छनकसमेत देखाउनुभएन । बरु उच्च मनोबलका साथ सामना गर्ने र सुन्दर भविष्यको अवश्यम्भावितामा अडिग भएर बस्ने धैर्य र साहस ठाउँ - ठाउँमा अभिव्यक्त भएको पाइन्छ । त्यसकारण, हरेक शब्द - शब्दमा क्रान्तिकारी जोश, उत्साह, ऊर्जा दौडिरहेको अनुभूत हुन्छ ।

का. हो चि मिन्ह स्वतन्त्रताको हननलाई खराबीमध्येमा महाखराबी मान्नुहुन्छ । एउटा सामान्य भालेले समेत नयाँ बिहानीका निम्ति बास्ने व्यावहारिक उदाहरण दिनुहुँदै सचेत मानवले त्यसबाट शिक्षा लिन जरुरी भएको विचार राख्नुहुन्छ ।

'कैदी जुवाडेको मृत्यु' कवितामा आफूसँगै सुत्ने जुवाडे कैदी भोक र कठ्याङ्ग्रिने चिसोका कारण हाड-मासु भएर मरेको क्षणको चित्रण गर्नुभएको छ । यो कविताले का. होको कष्टपूर्ण जेल जीवनबारे अनुमान लगाउन सहज बनाइदिन्छ ।

'एक साथीलाई सम्झँदा' कवितामा उहाँ लेख्नुहुन्छ -

*"त्यो दिन तिमी मसँगै नदी किनारमा पुग्यौ*
*"कहिले फर्कन्छौ ?" - "धान पाकेपछि ।"*
*अहिले अर्को बाली लाउन खेत खन्न थालिएको छ*
*म भने अझै पराई भूमिमा कैदी जीवन भोग्दै छु ।"*

मानिसलाई कठिनाइ, दु:ख, कष्टले नै परिपक्व, परिष्कृत र पराक्रमी बनाउने अनुभव सुनाउनुहुन्छ, का. हो । 'बिहानीको सूर्य' कवितामा कविको आशावादी दृष्टिकोणसँग साक्षात्कार गर्ने अवसर मिल्छ । उहाँ भन्नुहुन्छ -

*"बिहानीको किरण झ्यालखानामा छिर्छ*
*धुवाँ हराउँछ, कुहिरो विलुप्त हुन्छ*
*जीवनको सासबाट आकाश ढाकिन्छ*
*र, कैदीहरूको अनुहारमा मुस्कान छाउँछ ।"*

'भियतनाममा उथलपुथल' कवितामा आफूभित्रको विद्रोही मानिसलाई उभ्याउनुभएको छ, नेता होले । का. हो प्रस्ट शब्दमा भन्नुहुन्छ -

*"दासताभन्दा मृत्यु स्वीकार्य ! देशैभरि यही भावना*
*विद्रोहको झन्डा सगौरव फहरिरहेछ फेरि*
*अहो, यस्तो बखत कैदी हुनुपर्ने कति दु:खदायी !*
*युद्धमा होमिन मुक्त हुन पाएको भए !"*

यस कविताबाट उहाँको विद्रोही मन, उद्देश्य परख गर्न सकिन्छ । सपना, विपना या जुनसुकै बेला किन नहोस् उहाँको एउटै मात्र उद्देश्य भियतनामको मुक्ति र भियतनामी जनताको स्वतन्त्रता थियो भन्ने बुझ्न यी केही शब्द नै पर्याप्त छन् ।

'कैदी भाग्न खोज्छ' कवितामा आफूमा 'स्वतन्त्रता' बाहेक अर्को सोच या उद्देश्य नभएको प्रस्ट पार्नुहुन्छ । 'चार महिना बितेछ' कवितामा का. होले चार महिनासम्म जेलमा राम्ररी सुत्न नपाएको, चरम अभाव व्यहोरेको, लुगा फेर्न र नुहाउनसमेत नपाएको उल्लेख गर्नुभएको छ । आफूलाई चार महिनाको कैदी जीवनले दस वर्ष बुढ्यौली थपेको अनुभव व्यक्त गर्नुभयो । तर, शारीरिकरूपमा कष्ट भएपनि विचार र भावनामा कुनै समस्या या कमजोरी पटक्कै नआएको पनि प्रस्ट्याउनुभयो ।

प्रकृतिमा आउने मौसम परिवर्तनले कैदीको दैनिक जीवनमा खासै फेरबदल नल्याउने बरु उसले एउटै कुरा मनमा राख्छ, त्यो हो स्वतन्त्रता । यही भाव 'शरदको प्रभाव' मा कविजी व्यक्त गर्नुहुन्छ अर्थात् जेलमुक्त हुने दिनमा लेखिएको कविताको अन्तिमतिर का. हो भन्नुहुन्छ -

*"हर्षले मानिसको मन गद्गद् हुन्छ र ब्रह्माण्ड पनि*
*तीतो पछि मीठो आउँछ, प्रकृतिको नियम यही हो नि !"*

'जेल डायरी' ले विश्व साहित्यमा बेग्लै महत्त्व राख्दछ । एक उपनिवेशवाद तथा साम्राज्यवादविरोधी जोधाहाका रचनाहरू कठोर जेल जीवनमा कोरिएका पङ्क्तिहरू, लड्दालड्दै रगतले लेखिएका मुक्ति र स्वतन्त्रताका गीतहरू नै 'जेल डायरी' हो ! एक मुक्तियोद्धा, स्वतन्त्रताका सिपाहीले बाहेक मुक्ति र स्वतन्त्रताको गीत लेख्ने, गीत गाउने अरू कसलाई पहिलो अधिकार होला ? ती गीतमा जति सौन्दर्यको रसास्वादन अरू कुन चाहिँमा गर्न सकिएला ? यी कविता कठोर क्षणमा जन्मेका कोमल कुसुम हुन् भन्नु उपयुक्त होला ! झन्डै आठ दशक अगाडि लेखिएका यी पङ्क्ति हिजोआज झन् सान्दर्भिक भएको प्रतीत हुन्छ ।

वीर भियतनामी जनताले फ्रान्सेली उपनिवेशवाद, जापानी उपनिवेशवाद र संरा अमेरिकी साम्राज्यवादविरुद्ध लडेका लडाइँको इतिहास बुझ्न 'जेल डायरी' ले मद्दत पुऱ्याउँछ । का. हो को सङ्घर्षशील व्यक्तित्व, सरल जीवनशैली, उद्देश्यप्रतिको दृढता, समर्पणभाव, धैर्य र सृजनशीलताबारे बुझ्न नपढी नहुने एउटा कृति हो - जेल डायरी । यस पुस्तकको भियतनामी मूल्य ९० हजार पर्छ भन्दा धेरैलाई आश्चर्य लाग्ला ! कविताहरू अङ्ग्रेजी, चिनियाँ र भियतनामी तीन वटै भाषामा दिइनाले धेरैभन्दा धेरै विदेशी पाठकहरूले समेत अध्ययनमा सहजता अनुभव गर्नेछन् ।

प्रविधिको प्रयोग व्यवस्थित गरौं

❖ प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
❖ परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
❖ सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
❖ पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
❖ डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
❖ बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
❖ व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
❖ प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ.जि.का.द.नं. १–०५०/५१
भ.पु.जि.हु.का.द.नं.१–७४/७५



# कवि पूर्ण वैद्यको प्रतिमा अनावरण

काठमाडौं । नेपालभाषाका वरिष्ठ कवि पूर्णबहादुर वैद्यको ८५ औं जन्मजयन्तीको अवसरमा उहाँको आफ्नै घरको आँगनमा कवि वैद्यको प्रतिमा अनावरण तथा स्तुपा प्रतिस्थापन भदौ १२ गते एक कार्यक्रमबिच सम्पन्न भयो ।

कार्यक्रममा कवि वैद्यबारे नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को सन्देश साहित्यकार प्रतिसरा सायमीले वाचन गर्नुभएको थियो ।

कवि वैद्यको प्रतिमा अनावरण गर्दै नेपालभाषाका साहित्यकार तथा समालोचक पुष्प चित्रकारले कवि वैद्य परम्परावादी कविहरूलाई चुनौती दिने, साधारण जनताले बुझ्ने जनपक्षीय कविता लेख्ने विद्रोही स्वभावका हुनुहुन्थ्यो भन्नुभयो ।

कवि वैद्यले गद्यशैलीको कविता लेख्नुको साथै कवितामा नयाँ नयाँ बिम्बको प्रयोगको थालनी गरेको उहाँले बताउनुभयो ।

कवि तथा साहित्यकार डा. योगेन्द्रभक्त प्रधानाङ्गले कवि वैद्य आफूभन्दा उमेरले केही वर्ष जेठो भए पनि विक्रम संवत् २०१४ सालदेखि उहाँसँगै रहेको स्मरण गर्नुभयो ।

"भक्तपुर क्याम्पस केही वर्षअघि स्थापना भएको भए त्यतिबेलाका अध्ययनशील युवाहरू पढाइको निम्ति काठमाडौंमा बस्नुपर्ने बाध्यता आउने थिएन", उहाँले भन्नुभयो ।

कवि वैद्यको काव्यिक विशेषता सरल भए पनि काव्यमा हुनुपर्ने गुणको कारण उहाँको रचना कहिलेकाहीं क्लिष्ट देखिने प्रधानाङ्गले बताउनुभयो ।

बागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले विद्यार्थीकालमा आफूहरूले प्रकाशित गर्ने पत्रिकामा अन्तर्वार्ता लिन तथा त:मुंज्या कार्यक्रममा आमन्त्रण गर्न कवि वैद्यकहाँ आइरहने स्मरण गर्नुभयो ।



राजनीतिक रूपमा सचेत र विदेशी थिचोमिचोको विरोधमा सडकमा उत्रने कवि वैद्यको व्यक्तित्व आफूलाई गर्व लाग्ने उहाँले बताउनुभयो ।

नेपालभाषाका साहित्यकार हितवीर सिं कंसाकारले सधैं मुसुमुसु हाँसिरहने कवि वैद्यको कवितामा आफ्नै जीवन दर्शन र विद्रोही भाव देखिने बताउनुभयो ।

नेपालभाषा एकेडेमीका चान्सलर मल्ल के सुन्दरले कविमात्र नभई अन्यायको विरोधमा सडकमै ओर्लने कवि वैद्य अभियन्ता पनि भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपालभाषा साहित्य जगतले प्रतिसरा सायमी, मोतीलक्ष्मी शाक्य, सुलोचना मानन्धरजस्ता हस्तीहरू पाउनु कवि वैद्यकै देन हो ।"

कार्यक्रममा नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष आशकुमार चिकंबन्जार, युवाकवि दामोदर सुवाल तथा प्राध्यापक समाज नेपालका अध्यक्ष सरोजराज गोसाईको उपस्थिति थियो ।

प्रतिमा अनावरणपछि उपस्थित साहित्यकार, परिवारजन तथा आफन्तहरूबाट प्रतिमामा फूलको गुच्छा अर्पण गर्नुभएको थियो ।

## नेमकिपाका अध्यक्ष बिजुक्छेंको सन्देश

१२ भदौ २०८३

श्री मीरा वैद्यज्यू,
साहित्यकार प्रतिसरा सायमी र जानकी रघुवंशीज्यू !

नेपालभाषाको आधुनिक कविताका अग्रणी, निबन्धकार, लेखक एवम् कथाकार पूर्णबहादुर वैद्य मेरो विद्यार्थी कालदेखिकै साथी हुनुहुन्छ । 'बौद्धिक विकास मण्डल' नामको एक पुस्तकालयका हामी कार्यकर्ता पनि थियौं । उहाँको पहिलो कवितासङ्ग्रहमा 'म मास्टर' शीर्षकको कविता लेखेर उहाँले आफूलाई यथार्थवादी तथा प्रगतिशील कवि भएको प्रमाण दिनुभयो ।

कवि वैद्यले अमेरिकी साम्राज्यवादले एसियाको एक देश भियतनाममाथि गरेको अन्यायपूर्ण आक्रमणको विरोध गर्नुभयो । लेखक वैद्यको 'घटना' शीर्षकको निबन्धमा लेनिनका दाजुलाई रुसका राजा जारमाथि बम प्रहार गरेको कारणले ज्यान सजाय दिएको विषयवस्तु समेटिएको छ । आतङ्कवाद तथा अराजकतावादले क्रान्ति पूरा गर्न सक्दैन, बरू ठूल्ठुला ऐनकानुन बनाएर जनतालाई दबाउने हतियार बन्नसक्ने भन्ने लेनिनको व्याख्या वैद्यको निबन्धमा उल्लेख थियो । दाजुको ज्यान सजायबारेको 'घटना' पछि लेनिनले समाजवादी क्रान्तिबारे गम्भीर अध्ययन गर्नुभयो, रुसी समाजवादी क्रान्तिको नेता बन्नुभयो, साथै संसारमै सबभन्दा पहिलो समाजवादी राज्य सोभियत सङ्घको स्थापना गर्न आफ्नो जीवन अर्पण गर्नुभयो । यसरी पूर्ण वैद्य एक आतङ्कवाद तथा अराकतावादविरोधी बन्नुभयो । विद्यार्थीहरूको 'क्रान्ति' नामको नेपाली तथा नेपालभाषाको एक हस्तलिखित पत्रिका पूर्ण वैद्यकै सम्पादनमा प्रकाशित हुन्थ्यो ।

'सिनां दाजु' शीर्षकको एक कथामा कामगरी खाने श्रमिकहरूको परिश्रमको फल र परिवारको बन्दोबस्त हुनुपर्ने तर्क गर्दै कथाकार वैद्यले पुँजीवादी व्यवस्थाको ठाउँमा समाजवादी व्यवस्था आवश्यक भएको पक्षमा वकालत गर्नुभयो । त्यस अर्थमा उहाँलाई एक प्रगतिशील लेखक भनेर सम्बोधन गर्नु आवश्यक छ ।

पूर्ण वैद्यको प्रतिमा अनावरण तथा चैत्य स्थापना गर्ने शुभ दिनमा आफ्नो स्वास्थ्यको कारण उपस्थित हुन नसक्दा सान्है नरमाइलो महसुस भएको छ । कार्यक्रममा सहभागी सबै लेखक तथा अतिथि सबैलाई धन्यवाद !

***(कवि पूर्ण वैद्यको प्रतिमा अनावरण कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंले नेपालभाषामा पठाउनुभएको लिखित सन्देशलाई नेपाली भाषामा अनुवाद गरिएको छ–सं)***



**पीडित...**

पीडाकगू नेपालभाषा साहित्य त:मुंज्या ग्वसा खलका अध्यक्ष रवीन्द्र खर्बुजाले त:मुंज्या सबैको साझा कार्यक्रम भएको बताउँदै यसलाई सफल बनाउन ग्वसाखलका सबैको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभयो । उहाँले त:मुंज्यालाई सामूहिक सहभागिताबाट सफल बनाउने अभ्यास विगतदेखि नै चल्दै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा पीखुकगू नेपालभाषा साहित्य त:मुंज्या ग्वसा खलका अध्यक्ष उकेश कवांले नेपालभाषा साहित्य त:मुंज्या कामदारवर्गको आवाज बोल्ने क्षेत्र भएको बताउँदै विभिन्न समितिहरूको सक्रियताले त:मुंज्या भव्यरूपमा सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा पीखुकगू नेपालभाषा साहित्य त:मुंज्याका सचिव पुरुषोतम ग्वाछ्वाले नेपालभाषा साहित्य त:मुंज्या सबैको साझा कार्यक्रम भएकाले सबै मिलेर सफल बनाउनुपर्ने बताउनुभयो ।

पीखुकगू नेपालभाषा साहित्य त:मुंज्या आगामी कार्तिक ६ र ७ गते गोमारीमा आयोजना हुँदै छ । त:मुंज्यालाई सफल बनाउन विभिन्न समितिहरू गठन गरी तयारीलाई तीव्रता दिइएको आयोजक समितिले जनाएको छ ।

## नेपालभाषा साहित्य त:मुंज्याको लागि विभिन्न समिति गठन

भक्तपुर । कार्तिक ६ र ७ गते गोल्मढीमा हुने ४६ औं नेपालभाषा साहित्य त:मुंज्या सफल पार्न विभिन्न समितिहरू गठन गर्न बुधबार एक भेला भयो ।

कार्यक्रममा ग्वसाखलका अध्यक्ष उकेश कवांले ४६ औं नेपालभाषा साहित्य त:मुंज्या हाम्रो अवसर भएकोले हामीले आफूसँग भएको सीप उपयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले त:मुंज्या हाम्रो हो र हाम्रो बृहत् साहित्य र सांस्कृतिक कार्यक्रम हामीले नै सफल बनाउनुपर्छ भन्नुभयो ।

उहाँले हाम्रो शरीरका सबै अङ्गको जसरी महत्वपूर्ण भूमिका रहेको हुन्छ त्यति नै भूमिका कार्यक्रमका सबै समितिको रहेको हुन्छ भन्नुभयो ।

भेलामा ग्वसाखलका कोषाध्यक्ष कृष्णगोविन्द लाखाजुले सबैले आआफ्नो क्षेत्रबाट सक्रिय सहयोग गर्ने अपेक्षा गर्नुभयो ।

समाजसेवी लक्ष्मीभक्त कवांले सबैजना सक्रिय भई त:मुंज्यालाई भव्य रूपमा सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

ग्वसाखलका सचिव पुरुषोत्तम ग्वाछ्वाले त:मुंज्याको विषयमा हामी सबै मिलेर प्रचारप्रसार गर्नुपर्ने बताउनुभयो भने सहसचिव रामप्रसाद ग्वाछ्वाले पनि बोल्नुभएको थियो ।

भेलाले डा. विष्णुभक्त कवांको संयोजकत्वमा प्राथमिक उपचार समिति गठन गर्‍यो भने धर्मलक्ष्मी लघुको संयोजकत्वमा विशेष अतिथि सत्कार समिति गठन भयो ।

त्यस्तै बद्रीराम छुस्याबागाको संयोजकत्वमा अतिथि सत्कार तथा जलपान व्यवस्थापन समिति गठन गरियो ।

जोशन मचामसीको संयोजकत्वमा फोटोग्राफर समिति गठन, हरिरत्न गोर्खालीको संयोजकत्वमा सरसफाइ तथा वातावरण समिति र आशाकाजी वनमालाको संयोजकत्वमा स्वयमसेवक व्यवस्थापन समिति गठन भयो ।



**नेमकिपा...**

नेमकिपा तारकेश्वर नगर समिति अध्यक्ष श्यामकुमार महर्जनले ध्यानाकर्षण पत्र वाचन गरी वडा अध्यक्ष श्यामकृष्ण महर्जनलाई उक्त ध्यानाकर्षण पत्र बुझाउनुभयो ।

**एकक्षण** | प्रधान

## 'जलप्रलय' र 'देशमा बाढीको वितण्डा' जस्ता शीर्षकले जनता स्तब्ध

११ भदौ २०८३ को 'राजधानी' को उपशीर्षक थियो – 'बुधबार रातिसम्म मृतक सङ्ख्या १५७ पुग्यो, सयौं बेपत्ता, हजारौं घरबारविहीन, 'भन्सारमा अकल्पनीय क्षति ।'

११ भदौकै 'अन्नपूर्ण' ले 'जलप्रलयमा ९५ जना मृत्यु ।' ४४ जना नेपाली सेना, २८ जना नेपाली प्रहरी, १३ सशस्त्र प्रहरी बल, ३१५ जना विदेशी पर्यटक, १३ जना स्वदेशी पर्यटक, ६० जना विद्युत् आयोजनाका कर्मचारी र १५ भन्सार कर्मचारी सम्पर्कविहीन' बतायो । 'दोस्रो बाढी आउने जोखिम कायमै ।'

११ भदौकै 'नागरिक, आर्थिक' ले लेख्यो–'२७ मुलुकका ४०३ पर्यटक सम्पर्कविहीन', हिउँपहिरोले ल्हेन्दे खोला थुनिँदा विनाशकारी बाढी', '१४ जलविद्युत् आयोजनामा क्षति ।'

'दर्जन हाइड्रोपावर ध्वस्त, सयौं बेपत्ता' – नेपाल समाचारपत्र ११ भदौ २०८३) तर ८ भदौको दिन 'कान्तिपुर' ले नेपालको अर्थतन्त्रमा खुल्दुली जगाउने एक समाचार छाप्यो– त्यसको शीर्षक थियो– 'नेपाली बिजुलीको सदाबहार बजार भारत बन्ला ?'

११ भदौकै 'कान्तिपुर' ले अघिल्लो पातामै तस्विरसहित छाप्यो–'भोटेकोसी बाढीको विध्वंश, मृत्युको लेखाजोखा छैन, सयौं बेपत्ता, हजारौं घरबारविहीन ।' 'कान्तिपुर' ले थप महत्वपूर्ण विषय सम्भना गरायो, 'नेपाल र चीनका सम्बन्धित निकायबिच तत्काल सूचना आदानप्रदान हुने प्रभावकारी संयन्त्र नहुँदा बाढीको कारणसमेत पत्ता लागेको छैन, नेपालले आफ्नै भूभागमा राखेका उपकरणसमेत बाढी आउनुअघि सूचना पठाउन असफल भए ।'

तर, नेपाल र चीनका सरकारी प्रतिनिधिहरूको कुराकानीमा नेपाल र चीन पहाड र नदीहरूसँग जोडिएका देशहरू हुन् भनी बोल्छन् तर सोअनुसारको काम गर्न जाँदैनन् भनी नेपाली जनताको गुनासोमाथि सिंहदरबारको ध्यान पुग्नैपर्छ, थप विध्वंशहरू हुने सम्भावनालाई बेवास्ता गर्दा नेपाली जनताको भलो हुन सक्दैन ।

'१८ वर्षमा २० विपत्ति' शीर्षकमा 'राजधानी' ले 'विपत् र मृत्यु' मा भूकम्पबाट ४१ प्रतिशत, पहिरोबाट ११ प्रतिशत, बाढीबाट १७ प्रतिशत र हावाहुरी/आँधीबाट ८ प्रतिशत, हिमपहिरो, हिमआँधीबाट ४ प्रतिशत र अन्य चट्याङ–आगलागीबाट ४ प्रतिशत विपत् र मृत्युको सूची दियो ।

तर, नेपालको राजनैतिक डबलीमा देखिने 'दल बदलुहरू' वितन्डा र सरकारले विदेशीहरूसँग गरिने अनेक कोसी, गण्डक, महाकाली सन्धिदेखि 'एमसीसी' सम्मको सम्झौताबाट देशको भइरहेको क्षति र भवितव्य योभन्दा चर्को क्षतिको आकलन अझ बढी महत्त्वपूर्ण हुने देखिन्छ ।

प्राकृतिक विपत्ति अहिलेलाई हाम्रो हातमा वा काबुमा छैन, तर हामी नेपालीहरूकै हातमा भएको विदेशीहरूसँग हुने विपत्तिको बारेमा अझ गम्भीर हुँदै जानुपर्ने देखिन्छ । प्राकृतिक विपत्ति त वर्ष वर्ष बिताएर आउँछ र निश्चित क्षेत्रमा मात्रै त्यसको प्रत्यक्ष गहिरो असर पर्छ, केही वर्षपछि सरकार र जनता मिलेर घाउ निको पारेसरह नेपाली जनताकै मेहनतको भरमा पुन:निर्माण हुन्छ । तर, विदेशीसँग भएका असमान सन्धिहरू दोषी सरकारहरूले सरकार छोड्दैमा त्यो घाउ भर्ने छैन बरु लडाइँमा हारेका देशहरूलाई जसरी विजयी देशहरूले अनेक आर्थिक प्रतिबन्ध र उत्पादनहरूसमेत गर्न दिंदैनन् ।

लडाइँमा हारेका देशहरूलाई जितेका देशहरूमाथि आर्थिक क्षतिपूर्तिको नाममा निश्चित रकम तिर्नुपर्ने, तोकिएका सामान उत्पादन गर्न नपाउनेजस्ता सर्तहरू लगाइएको हुन्छ भने नेपालीसँग भएका कति असमान सन्धिहरूको कुन वर्षसम्मको भन्ने मितिसमेत तोकिएको छैन । यसरी हाम्रो देशमाथि आइपर्ने प्राकृतिक विपत्तिभन्दा साम्राज्यवादी र विस्तारवादीहरूसँग भएका असमान सन्धिहरू नेपाली जनता र नयाँ पुस्तासमम जान्छ । त्यसबाट मुक्ति पाउने एउटै उपाय हो– नेपाल आफै राजनैतिक, आर्थिक, वैज्ञानिक, प्राविधिक, कानुनी रूपले असमान सन्धिहरू लाड्ने देशहरूसँग देशभित्र र अन्तर्राष्ट्रिय क्षेत्रमा हुने सङ्घर्षमा हामीले विजय हासिल गर्नुपर्ने हुन्छ । त्यसको निम्ति माथि उल्लेख भएका विषय र भौतिक र वैचारिक रूपले पनि विजय हासिल नगरेसम्म सङ्घर्षलाई चालू राख्न र सफलता हासिल गर्न नयाँ पुस्तालाई तयार गर्नु जरुरी छ ।

**सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं**

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३